दस्तावेज २७

# नेकपाको अन्तरिम राजनीतिक प्रतिवेदन[1]

(नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच पार्टी एकताका निम्ति सहमत भएको अन्तरिम राजनीतिक प्रतिवेदन)

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल, कमरेड मदन भण्डारी, कमरेड मनमोहन अधिकारी, कमरेड तुलसीलाल अमात्य, कमरेड निर्मल लामालगायत सबै अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै समृद्ध र समुन्नत सजमावादी नेपाल निर्माण गर्ने सङ्कल्पका साथ नेकपा एमाले र नेकपा माओवादीकेन्द्रका बीचमा पार्टी एकता भएको हो । यो एकता घोषणाको प्रारम्भमै कुनै वाद वा सिद्धान्तप्रति नेपालको कम्युनिष्ट आन्दोलनको जग बसाउने अग्रजहरूप्रति सम्ममन व्यक्त गर्दै सिङ्गो विश्व नै आकार्षित भइरहेको राजनीतिक प्रणाली समाजवाद निर्माणको सङ्कल्प आफैमा आधारभूत परिवतर्न र पार्टी एकतासँगै रूपान्तरणको महान् फड्को हो ।

'टुटफुट र विभाजनको दुःखदायी शृङ्खलालाई अन्त्य गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी-केन्द्र) बीच भइरहेको यो पार्टी एकीकरण नेपाली इतिहासकै दूरगामी र अविस्मरणीय परिघटना हो । यस एकीकरणले कमरेड पुष्पलाल लगायत अग्रजहरूले सुरू गर्नु भएर बीचमा टुट्न पुगेको इतिहासको कडीलाई मात्रै जोडेको छैन, न्यायप्रेमी नेपाली जनताको वर्षौं पूरानो आकाङ्क्षालाई पनि मूर्त रूप दिएको छ । यसले मुलुकको राजनीतिक शक्ति सन्तुलनलाई गुणात्मक ढङ्गले नै सकारात्मक बनाएको छ, यसले राष्ट्रियता, लोकतन्त्र, राजनीतिक स्थायित्व र समृद्धिका लागि ठोस योगदान गरेको छ र नेपाललाई एक्काइसौं शताब्दीको पहिलो सजमावादी मुलुकका रूपमा स्थापित गर्ने आधार तयार गरेको छ ।' केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले यस्तो प्रतिबद्धता जाहरे गरेर नेपालको कम्युनिष्ट आन्दोलन मात्र एकीकृत गरेन् कि राजनीतिक कार्यदिशामा बोक्दै आएका पूरातन मान्यतामाथि प्रहार गरेर नेपाली वस्तुगत राजनीतिक अवस्थाको सही बुझाई प्रस्तुत गरे ।

१. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र विश्व कम्युनिष्ट आन्दोलन वर्तमान युग आम रूपमा रूसी अक्टोबर क्रान्तिपश्चात् सुरु भएको साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युगका रूपमा रहेको भएता पनि साम्राज्यवाद, सर्वहारा वर्ग र क्रान्तिका धेरै आयामहरूमा भने महत्त्वपूर्ण परिवर्तनहरू देखापरेका छन् । श्रम र पुँजीबीच, समाजवाद र पुँजीवादबीच, साम्राज्यवाद-साम्राज्यवादबीच र विश्व साम्राज्यवाद तथा उत्पीडित राष्ट्रहरूबीचका आधार भूत अन्तर्विरोधहरू अहिले पनि कायमै छन्, तर विश्व साम्राज्यवाद र उत्पीडित राष्ट्रबीचको अन्तर्विरोध प्रखर र प्रमुख रूपमा अभिव्यक्त भइरहेको छ । एकाधिकार पुँजीवादले एक्काइसौं शताब्दीको सुरूवातसम्म आइपुग्दा विश्वका अधिकांश मुलुकहरूलाई बजारका रूपमा परिणत गर्दै त्यसलाई एउटा विश्व प्रणालीको स्वरूप दिएको छ । सँगसँगै कतिपय मुलुकहरूमा भने सजमावादी दिशातर्फ अघि बढ्ने अभ्यास समेत भइरहेको छ । आफ्ना प्रारम्भिक दिनमा पुँजीवाद र सामन्तवादका विरूद्ध औद्योगिक राष्ट्रिय पुँजीवादको स्वरूपमा थियो र सामाजिक रूपान्तरणमा अग्रगामी भूमिका निर्वाह गरेको थियो ।

२. तर १९ औं शताब्दीको अन्त्यसम्म आइपुग्दा पुंजीको अति केन्द्रीकरण हुने क्रममा यसले एकाधिकार पुंजीवादको स्वरूप ग्रहण गर्न थाल्यो र पुँजीवादको प्रगतिशील चरित्र समाप्त हुन थाल्यो । उत्पादित वस्तुका लागि बजारको खोजी र नियन्त्रण गर्ने क्रममा एकाधिकार पुंजीवाद साम्राज्यवादका रूपमा विकसित भयो र एसिया, अफ्रिका र ल्याटिन अमेरिकी मुलुकहरूमाथि औपनिवेशिक प्रणाली थोपर्ने प्रक्रिया तीव्र भयो । उपनिवेशकै लागि साम्राज्यवादी शक्ति राष्ट्रहरूबीच दुईवटा विश्वयुद्ध र अनेकौं क्षेत्रीय तथा स्थानीय युद्धहरू भए । उपनिवेशवाद विरूद्ध राष्ट्रिय स्वाधीनताको आन्दोलन अगाडि बढ्यो र चीन भारत लगायत विभिन्न राष्ट्रहरूस्वाधीन बने । यसै अवधिमा संयुक्त राष्ट्रसंघ, असंलग्न आन्दोलन लगायत संस्थाहरूको जन्म भयो । युद्धलाई रोकेर विश्व शान्ति कायम गर्ने प्रक्रियामा केही सफलता मिल्यो । एकाधिकार पुंजीवाद आज

१. यो राजनीतिक प्रतिवेदनमा सहमत र दुवै अध्यक्षले हस्ताक्षर गरेपछि दुई अध्यक्षले केही भाषागत शुद्धाशुद्धी मिलाएर प्रकाशन गर्ने भने पनि अझैसम्म छुट्टै पुस्तिकाको रूपमा प्रकाशन भएको छैन ।

भूमण्डलीकृत वित्तीय पुंजीवादको स्वरूपमा रहेको छ । मुठ्ठीभर पुंजीवादी घरानाइरूका हातमा पुंजीको अत्यधिक सङ्केन्द्रण, वित्तीय एकाधिकार पुंजी मार्फत नवऔपनिवेशिक शोषण, विश्व वित्तीय संस्थाहरू र बहुराष्ट्रिय निगमहरू मार्फत विश्व अर्थव्यवस्थालाई आफ्नो नियन्त्रणमा ल्याउने प्रयास, नवउदारवादी विचारधारा मार्फत व्यक्तिवाद र उपभोक्तावादलाई प्रश्रय एवम् विश्वलाई पुंजीवादी माल र मनोरञ्जनको बजार बनाउनु यसका विशेषताका रूपमा रहेका छन् । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू मार्फत विश्वव्यापी रूपमै निजीकरण, उदारीकरण र भूमण्डलीकरणको वर्चस्व कायम गर्ने प्रयास भइरहेको छ । औद्योगिक तयारी वस्तुहरूको निर्यातभन्दा पनि वित्तीय पुँजीको निर्यातमा जोड दिँदै बहुराष्ट्रिय निगमहरू मार्फत विश्वव्यापी वित्तीय एकाधिकार कायम गर्न प्रयास भइरहेको छ । अर्थतन्त्रको निर्धारक तत्त्व खुला बजारलाई बनाउँदै राज्यलाई नियमनकारी संस्थाको रूपमा सीमित गर्न खोजिएको छ ।

सुरक्षित श्रमको सट्टा करार, ज्यालादारी र आउट सोर्सिङ मार्फत श्रमजीवी वर्गलाई विभाजित, असुरक्षित र पराश्रित बनाइएको छ । विज्ञान र प्रविधिमार्फत विश्वले आर्जन गरेको प्रगतिबाट लाभान्वित हुन बहुसङ्ख्यक जनता बञ्चित छन् । आज विश्व वित्तीय पुँजीवादले विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूका माध्यमबाट वित्तीय एकाधिकारका दलालहरूको संजाल तयार गरी नयाँ प्रकारको नवऔपनिवेशिक प्रणाली थोपर्ने प्रयास गरिरहेको छ । पुँजीवाद र साम्राज्यवादको नवीनतम अभिव्यक्तिका रूपमा विश्व वित्तीय पुँजीवादले आज विश्व श्रमिक समुदाय र उत्पीडित राष्ट्रहरूमाथि शोषणका नयाँ र सूक्ष्म रूपहरू थोपरिरहेको छ । भूमण्डलीकृत वित्तीय एकाधिकार पुँजीवादकै कारण आज विश्व थुप्रै सङ्कटहरूको बीचबाट गुज्रिरहेको छ । आर्थिक विषमता भयावह बन्दै गइरहेको छ । मुठ्ठीभर बहुराष्ट्रिय निगमहरूका हातमा विश्वको अधिकांश सम्पत्ति थुप्रिँदै जानु, विश्वव्यापी गरीबीको समस्या बढ्दै जानु र बेरोजगारी विकराल बन्नु वर्तमान समयका सबैभन्दा ठूला चुनौती हुन् । उत्पादनका साधन र स्रोतमा उत्पादक शक्तिको पहुँच झनै कमजोर बनेको छ र ती एकाधिकार पुँजीपति वर्गको हातमा केन्द्रित छन् । वित्तीय एकाधिकार पुँजीवादको सबैभन्दा बढी असर तेस्रो विश्वका मुलुकहरूमाथि परेको छ । स्वदेशी कृषि र औद्योगिक उत्पादन विस्थापित भएर ती मुलुकहरू शक्तिशाली बहुराष्ट्रिय निगमका बजार जस्तो बन्न पुगेका छन् । वस्तु आयात गरेर निर्वाह गर्नुपर्ने स्थितिले तेस्रो विश्वका मुलुकहरूमा अत्यधिक परनिर्भरताको स्थिति सिर्जना गरिदिएको छ ।

कृषि र औद्योगिक उत्पादनको विस्थापनबाट सबैभन्दा ठूलो मार युवा श्रमशक्तिलाई परेको छ । ती मुलुकहरू श्रम शक्ति निर्यात गरेर त्यसबाट प्राप्त विप्रेषण रकम (रेमिट्यान्स)को भरमा जीवन निर्वाह गर्नुपर्ने उपभोक्तावादी समाजमा परिणत हुँदैछन्। वित्तीय एकाधिकारवादी दलाल पुँजीवादले विद्यमान वर्गीय, क्षेत्रीय, लैंगिक र जातीय समस्याहरूलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गरिरहेको छ । सामन्तवादले छोडेका विभेद र उत्पीडनका बिरासतलाई दुरूपयोग गर्दै विश्व साम्राज्यवादी शक्तिहरूले 'फुटाउ र शासन गर' को नीति प्रयोग गरिरहेका छन् । जनतालाई प्राकृतिक स्रोत र साधनमाथिको स्वामित्वबाट विस्थापन गर्ने, जातीय, क्षेत्रीय तथा धार्मिक प्रकृतिका साम्प्रदायिक द्वन्द्वहरू सिर्जना गराउने, आन्तरिक द्वन्द्वमा फसाएर तेस्रो विश्वका मुलुकहरूको राष्ट्रियतालाई समाप्त पार्ने षड्यन्त्रहरू भइरहेका छन्। शक्ति राष्ट्रहरू आणविक अस्त्रमाथि नियन्त्रण कायम गर्दै हतियार व्यापारको निम्ति विश्वव्यापी प्रभुत्व कायम गरिरहेका छन् ।

इस्लामिक आतङ्कवादको विरोधको नाममा इराक, अफगानिस्तान, सिरिया लगायतका अधिकांश खाडी मुलुकहरूमा युद्ध थोपरिएको छ । युद्धको भित्री आशय भने खाडी क्षेत्रबाट तेल र ग्याँस लगायतका प्राकृतिक स्रोतहरूको दोहन गर्नुमा केन्द्रित छ । सिरियाको युद्धबाट लाखौं निर्दोषहरूको नरसंहार भएर भयावह मानवीय सङ्कट सिर्जना भएको छ । कोरियाली प्रायःद्वीपमा बढ्दो अमेरिकी गतिविधिले तनाव सिर्जना गरेको छ । आतङ्कवाद र विभिन्न रूपमा प्रकट हुँदै गरेका जातीय एवम् धार्मिक अतिवाद विश्व शान्ति, सामाजिक सद्भाव र सांस्कृतिक एकताका लागि चुनौती बन्दै गएका छन्। तर पुँजीको यो अत्यधिक केन्द्रीकरण, अनियन्त्रित बजार व्यवस्था र नाफाका लागि विभिन्न शक्ति राष्ट्र र बहुराष्ट्रिय निगमहरूको हानथाप जस्ता कारणले सिर्जना भएको नयाँ आन्तरिक सङ्कटले विश्व वित्तीय पुँजीवादलाई नराम्रो धक्का दिएको छ । सन् २००८ बाट सुरू भएको विश्वव्यापी आर्थिक मन्दीबाट अमेरिका र युरोपका कतिपय मुलुकहरू अझै बाहिर निस्कन सकेका छैनन्। कैयौं वित्तीय संस्था, घरजग्गा कारोबार (रियल स्टेट) कम्पनी र उद्योगहरू टाट पल्टिएका छन् । सङ्कटकै कारण कतिपय मुलुकमा सरकार परिवर्तन भएका छन् । राज्यले अरबौं लगानी गरेर त्यस्ता व्यवसायलाई उद्धार गर्न खोजे पनि समस्या कायमै छ । सीमित पुँजीपतिहरूको स्वार्थ रक्षाका लागि

ती देशका सरकारहरूले 'मितव्ययिता' का नाममा सुरु गरेको खर्च कटौती, सामाजिक सुरक्षामा नियन्त्रण र मजदुर तथा कर्मचारीहरूको निष्कासनले गम्भीर सामाजिक समस्या उत्पन्न गर्दै लगेको छ । राज्यलाई नियामक संस्थाका रूपमा सीमित राख्दै बजारलाई अनियन्त्रित छाड्नु पर्छ भन्ने तर्क गर्नेहरू नै राज्यले हस्तक्षेपकारी नीति अपनाउनु पर्छ भन्ने ठाउँमा आइपुग्नु, खुल्ला बजारका हिमायतीहरू नै संरक्षणवादी नीतिका पक्षपोषक बन्न पुग्नु र विश्व व्यापार सङ्गठन लगायत आफैले निर्माण गरेका संस्थाहरूको नीति र नियमलाई चुनौती दिनु विश्व वित्तीय पुँजीवाद र यसले अवलम्बन गरेको नवउदारवादको सर्वाधिक ठूलो असफलता हो । अमेरिकाले अरू मुलुकहरूबाट आयातित वस्तुहरूमाथि कडा भन्सार नीति लागू गर्दै आफ्नो एकाधिकार पुँजीलाई संरक्षण गर्न चालेको कदमले मतभेद चुलिँदै गएर 'व्यापार युद्ध' हुन सक्ने आशङ्का समेत गर्न थालिएको छ । युरोपेली सङ्घबाट बेलायतको बहिर्गमनले सिर्जना गरेका असरहरू कायमै छन् । विभिन्न पुँजीवादी राष्ट्रहरूमा संरक्षणवादका पक्षपोषक, आप्रवासन विरोधी र जातीय अहङ्कारवादका पक्षधर दक्षिणपन्थी अतिवादीहरूको उदय गम्भीर चुनौतीका रूपमा देखा परेको छ ।

विश्ववित्तीय एकाधिकार पुँजीवाद र यसले सिर्जना गरेका आर्थिक-सामाजिक समस्याहरूका विरूद्ध विभिन्न स्वरूपका ठूला-ठूला आन्दोलनहरू भएका छन् । जनतालाई मार पार्ने गरी सामाजिक सुरक्षामा गरिएको कटौती, आतङ्कवादी हमला, बन्दुकको अन्धाधुन्ध प्रयोग, जलवायु परिवर्तनका असर, श्रमिकहरूमाथि थोपरिएका नयाँ शोषण तथा कृषि क्षेत्रमा बहुराष्ट्रिय निगमहरूको हस्तक्षेप जस्ता विषयमा समाजका विभिन्न समुदायले सशक्त आवाजहरू उठाइरहेका छन्र विश्व वित्तीय पुँजीवादलाई चुनौती दिइरहेका छन् । समकालीन घटनाहरूले विश्व वित्तीय पुँजीवादले आफ्ना सङ्कटको दिगो समाधान खोज्न सक्दैन, पुँजीवादीहरूले पक्षपोषण गरेको तथाकथित नयाँ विश्व व्यवस्थाको विकल्प खोज्नु अपरिहार्य भएको छ र आम श्रमजीवी जनताको भविष्य समाजवादमै निहित छ भन्ने कुरालाई पुनर्पुष्टि गर्दै लगेको छ । विश्व वित्तीय पुँजीवाद गम्भीर सङ्कट र मन्दीबाट गुज्रिरहेको बेला जनवादी गणतन्त्र चीनलगायतका मुलुकहरूले भने अर्थतन्त्रको क्षेत्रमा गुणात्मक फड्को मारेका छन्। चीन विश्वको दोस्रो आर्थिक शक्तिको रूपमा स्थापित भएको छ र निकट भविष्यमै पहिलो आर्थिक शक्तिका रूपमा स्थापित हुने दिशामा अग्रसर छ ।

केही दशकभित्रै चीनले हासिल गरेकोचमत्कारिक उपलब्धि प्रेरणादायी छ । आर्थिक विकास, यातायात लगायत आवागमन सम्पर्क (कनेक्टिभिटी) र विभिन्न मुलुक र सभ्यताका बीचमा सम्बन्ध जोड्ने उद्देश्यका साथ चीनले अगाडि सारेको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' लाई विश्वका ७० भन्दा बढी मुलुकहरूले समर्थन गरेका छन्र विकासका नयाँ अवधारणाहरू विकास गर्दैछन्। चीनको यो अभूतपूर्व विकास, चीन, रूस, ब्राजिल, दक्षिण अफ्रिका र भारतबीच खडा गरिएको 'ब्रिक्स' संयन्त्र, एसियाली पूर्वाधार विकास बैङ्क लगायत वित्तीय संस्थाहरू र विभिन्न पहलकदमीहरूले नीति निर्माण र निर्णय प्रक्रियामा अमेरिका र युरोपको वर्चस्व कमजोर बन्दै गएको छ । एसिया क्रमशः आर्थिक विकासको केन्द्र बन्दै गएको छ र भूमण्डलीकृत पुँजीवादको ध्यान पनि त्यतै केन्द्रित हुँदैछ । अमेरिकी नेतृत्वको एक ध्रुवीय शक्तिलाई चुनौती दिँदै विश्व बहुध्रुवीय दिशातर्फ अग्रसर भइरहेको छ । यससँगै नयाँ-नयाँ अवसर र चुनौतीहरू पनि सिर्जना भएका छन्। यी अन्तर्राष्ट्रिय परिदृश्यहरूका अतिरिक्त हामीले हाम्रो भूराजनीतिक सन्दर्भमा विकसित भइरहेका घटनाक्रमहरूलाई पनि नजिकबाट नियाल्नु पर्दछ ।

अमेरिकासँग भारतको बढ्दो सैन्य साझेदारी, अमेरिका, भारत, दक्षिण कोरिया, जापान र अष्ट्रेलियाबीचको सैन्य गठबन्धन, दक्षिण चीन सागर र मलक्का जलडमरू लगायत समुद्री मार्गहरूमा उत्पन्न समस्या, प्रशान्त र हिन्द महासागरमा बढ्दो अमेरिकी सैन्य तैनाथी, चीनको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' र यसका विरूद्ध कतिपय देशका प्रयास, कोरियाली प्रायद्विपको तनाव र पछिल्ला विकसित घटनाक्रम, चीन विरूद्धका कथित स्वतन्त्र तिब्बत गतिविधिहरू लगायत एसिया प्रशान्त क्षेत्रका घटनाक्रमहरूलाई पनि हामीले ध्यानमा राख्नु पर्दछ । यस क्रममा नेपालको राष्ट्रिय स्वाधीनतामा पर्नसक्ने प्रभावका बारेमा आवश्यक सजगता अपनाउनु पर्दछ । युद्ध, आणविक अस्त्र र हातहतियारको होडबाजीको विरोध गर्दै उत्पीडित राष्ट्रहरूको स्वाधीनताको रक्षा एवम् शान्ति, समृद्धि र आर्थिक विकासका निम्ति निरन्तर प्रयत्न जारी राख्नुपर्दछ । राष्ट्रिय स्वाधीनता र श्रमिक वर्गको मुक्तिको दिशा नै आजको कम्युनिष्ट तथा वामपन्थी आन्दोलनको मूल प्रवृत्तिका रूपमा रहेको छ । वित्तीय एकाधिकार पुँजीवादको वर्चस्वलाई विस्थापित गरी राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्दै आर्थिक आत्मनिर्भरता हासिल गर्न सक्यौं भने मात्रै राष्ट्रिय स्वाधीनता सुदृढ गर्नसकिने छ र समाजवादी क्रान्तिको आधारभूमि तयार गर्न सकिनेछ ।

वित्तीय भूमण्डलीकृत साम्राज्यवादले जुन सङ्कट उत्पन्न गराइराखेको छ, त्यसबाट मुक्तिको लागि एक मात्र विकल्प भनेको राष्ट्रिय स्वाधीनता सहितको समाजवाद नै हो । वर्तमान सङ्कटले समाजवादको आवश्यकता र औचित्यतालाई झनै पुनर्पुष्टि गर्दै लगेको छ । औद्योगिक पुँजीवादी क्रान्ति पश्चात् उत्पन्न पुंजीपति वर्ग र मजदुर वर्गबीचको अन्तर्विरोधको पृष्ठभूमिमा मजदुर वर्गको मुक्तिको मार्गदर्शक सिद्धान्तका रूपमा मार्क्सवादको जन्म भएको थियो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण, वर्गसङ्घर्ष, श्रमजीवी वर्गको राज्य, सर्वहारा अन्तर्राष्ट्रवाद र वैज्ञानिक समाजवाद तथा साम्यवाद जस्ता मार्क्सवादी वैचारिक अवधारणाहरूको जगमा कम्युनिष्ट आन्दोलनको जन्म र विकास भएको थियो । गएका १७० वर्षहरूमा मार्क्सवादले विश्व सर्वहारा श्रमजीवी वर्गको मुक्ति आन्दोलनलाई निरन्तर मार्गदर्शन गरिरहेको छ । मार्क्सवादको विकासकै क्रममा लेनिनवादको विकास भएको छ भने चिनियाँ जनवादी क्रान्ति लगायत विश्वका विभिन्न मुलुकमा भएका क्रान्तिकारी आन्दोलनले मार्क्सवादलाई सिर्जनात्मक रूपमा प्रयोग र विकास गर्न महत्त्वपूर्ण योगदान गरेका छन् । यस अवधिमा विश्वका विभिन्न मुलुकहरूमा क्रान्ति सम्पन्न भएका छन् भने मार्क्सवादकै प्रभाव र पथप्रदर्शनमा विश्वमा ठूला राजनीतिक परिवर्तनहरूसम्भव भएका छन् । मजदुर वर्ग, महिला लगायत विभिन्न समुदायका अधिकारहरू स्थापित भएका छन् । उत्पीडित वर्ग र समुदायमा अभूतपूर्व जागरण सिर्जना भएको छ ।

सर्वहारा श्रमजीवी वर्गको मात्रै होइन, उत्पीडित राष्ट्रहरू र अन्ततः सिङ्गै मानव जातिको मुक्तिका लागि समेत मार्क्सवादको सान्दर्भिकता आज पनि उत्तिकै छ । तर सोभियत सङ्घको विघटन र कतिपय मुलुकहरूमा सजमावादी सत्ताहरूको विस्थापनसँगै विश्व कम्युनिष्ट आन्दोलन आज रक्षात्मक अवस्थामा छ । सशस्त्र सङ्घर्षको बाटो अवलम्बन गरेका अधिकांश मुलुकहरूमा आन्दोलनले गम्भीर धक्का खाएको छ । शान्तिपूर्ण र लोकतान्त्रिक बाटोबाट समाजवाद निर्माण गर्ने प्रयासमा पनि विश्व वित्तीय पुँजीवादले अनेकौं अवरोध सिर्जना गरेको छ । विश्व साम्राज्यवादले थोपरेको नवऔपनिवेशिक प्रणाली विरूद्ध क्रान्ति सम्पन्न हुन नसकेको मात्र होइन, क्रान्तिको रक्षा गर्ने प्रश्नमा समेत गम्भीर समस्याहरू परिरहेको देखिन्छ । त्यसका लागि क्रान्तिका उपलब्धिहरू र मार्क्सवाद-लेनिनवादका सार्वभौम मूल्य मान्यताहरूको रक्षा गर्दै नवऔपनिवेशिक शोषण उत्पीडन, त्यसको जगमा बनेका वर्गहरू र वर्गीय अन्तर्विरोधहरूको ठोस विश्लेषण गर्दै वैचारिक राजनीतिक क्षेत्रमा थप विकास र संश्लेषणको टड्कारो आवश्यकता रहेको छ । क्रान्ति र प्रतिक्रान्तिका यी घटनाक्रमहरूको गम्भीर र वस्तुपरक विश्लेषण गर्दै हामीले एक्काइसौं शताब्दीमा मार्क्सवादको विकासका लागि सिर्जनात्मक, रचनात्मक र नयाँ सोचको विकास गर्नु अत्यावश्यक भएको छ । यसअघि स्थापित सजमावादी सत्ता र समाजहरूमा जनवादको अभ्यासमा भएको मूल कमजोरीलाई सच्याउँदै वैचारिक सांस्कृतिक स्तर उन्नत बनाउन ध्यान दिनु पर्दछ । यसरी हेर्दा विश्व कम्युनिष्ट आन्दोलनको आम प्रवृत्ति भूमण्डलीकृत साम्राज्यवादका विरूद्ध उत्पीडित राष्ट्रहरूको राष्ट्रिय स्वाधीनता र सजमावादी क्रान्तिको तयारी नै रहेको छ । नेपालको सन्दर्भमा सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र स्वाधीनताको रक्षा गर्दै जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने तथा राष्ट्रिय स्वाधीन अर्थतन्त्रको निर्माण गर्दै समाजवादका आधार तयार गर्ने बाटो नै अहिलेको क्रान्तिको कार्यदिशा रहेको छ । पञ्चशीलको सिद्धान्त र संयुक्त राष्ट्रसंघको बडापत्रको आधारमा समानता, स्वतन्त्रता र पारस्परिक आपसी राष्ट्रिय हितकोआधारमा कुटनीतिक सम्बन्ध विस्तार गर्ने, उत्पीडित राष्ट्रहरू तथा श्रमजीवी वर्गका हक हित र मुक्तिका आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्ने र आफ्नो ठाउँबाट विश्व शान्ति, न्याय र समानताको आन्दोलनलाई सघाउने हाम्रो नीति हुनु पर्दछ ।

पुँजीको अत्यधिक केन्द्रीकरण, विज्ञान-प्रविधिका लाभहरूको असमान वितरण र विश्वव्यापीकरणको प्रक्रियाका बीचमा विश्व प्रणाली झनै जटिल भएको छ । असमान विकासका कारण देश-देशमा क्रान्ति, समाजवाद निर्माणको बाटो र स्वयं सजमावादी ढाँचा पनि विविधतायुक्त हुनु अनिवार्य छ । प्रत्येक देशका वामपन्थीहरूले आफ्नो समाजको विकासक्रम, ठोस परिस्थिति र समाजका विशेषताका बारेमा स्पष्ट बन्न सक्नुपर्दछ र आन्दोलनको आफ्नै मौलिकता अन्वेषण गर्दै त्यसका आधारमा मार्क्सवादको सिर्जनात्मक रूपमा प्रयोग गर्दै अगाडि बढ्नु पर्दछ । हामीले मार्क्सवादको प्रयोग र विकासमा विविधतालाई स्वीकार्नु पर्दछ । हामी नयाँ र न्यायपूर्ण विश्व व्यवस्थाका पक्षमा दृढतापूर्वक उभिनु पर्छ ।

**वर्तमान राष्ट्रिय परिस्थिति :** नेपाली समाजको चरित्र २०६२/६३ सालको ऐतिहासिक क्रान्ति र त्यसपछि विकसित राजनीतिक परिस्थितिसँगै नेपाली समाज ऐतिहासिक विकासक्रमको हिसाबले नयाँ चरणमा प्रवेश गरेको छ ।

सामन्तवाद विघटन र पतन भएर समाज पुँजीवादी चरणमा प्रवेश गर्नु, संविधानसभाबाट संविधान निर्माण भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना र संस्थागत हुनु, नेपाली जनता संवैधानिक र व्यवहारिक दुवै दृष्टिले सार्वभौम बन्नु, बाह्य दबाब र हस्तक्षेपलाई अस्वीकार गर्दै नेपालले संविधान निर्माणलगायत आफ्ना आन्तरिक विषयहरूमा आफ्नो स्वतन्त्र निर्णय, राष्ट्रिय स्वाधीनता र स्वाभिमानलाई स्थापित गर्नु, निर्वाचनका माध्यमबाट सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहमा वामपन्थी शक्तिहरू झण्डै दुई तिहाइ शक्तिका साथ नेतृत्वमा स्थापित हुनु र शान्तिपूर्ण तथा वैधानिक बाटोबाट समाजवाद निर्माणका आधारहरू बलियो बन्दै जानु यस नयाँ चरणका विशेषताका रूपमा रहेका छन् । नेपाल पुँजीवादको प्रारम्भिक चरणबाट गुज्रिरहेको छ । राष्ट्रिय पुँजीवादी उत्पादक शक्ति कमजोर अवस्थामा छ । उत्पादनशील लगानी र पुनर्उत्पादन पुँजीवादको मुख्यपक्ष बन्न सकेको छैन ।

विदेशी वस्तु मुलुकमा भित्र्याएर नाफा कमाउने व्यापारिक पुँजी र विभिन्न ठेक्कापट्टा एवम् सेवाहरूमा विदेशी कम्पनीको सेवक बनेर पैसा कमाउने दलाल पुँजीको बोलवाला छ । यो दलाल पुँजीपति वर्गलाई राज्य संयन्त्रमा पकड जमाएर बसेका उच्च तहका कर्मचारीतन्त्र र कतिपय राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरूको एउटा हिस्साले सहयोग र सेवा गरिरहेको छ । त्यसले दलाल पुँजीपति वर्गलाई राज्यको तर्फबाट अवसर र नाजायज छुटहरू उपलब्ध गराएर त्यसबापत विना कुनै लगानी र श्रम आम्दानीमा ठूलो हिस्सा लिइरहेको छ । यसरी हिस्सा लिने नोकरशाही पुँजीपति वर्ग हो । त्यसैले दलाल तथा नोकरशाही पुँजीवाद हाम्रो समाजमा राष्ट्रिय पुँजीको विकासका लागि मुख्य अवरोधका रूपमा रहेको छ । उत्पादनशील लगानी र पुनर्उत्पादनको प्रक्रियालाई यो पुँजीवादले प्रोत्साहित गर्दैन, उल्टो कमजोर बनाउँछ । प्रगतिशील उत्पादक शक्तिको विकास, उत्पादन वृद्धि, आर्थिक विकास र आत्म निर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माणलाई यसले अवरूद्ध पारिरहेको छ । त्यसका अतिरिक्त विना लगानी र श्रम ठूलो मात्राको आम्दानी गर्ने यसै वर्गको प्रभावका कारण समाजमा उपभोक्तावाद चरमरूपमा प्रोत्साहित भएको छ । उद्योगधन्दा, कलकारखानामा लगानीद्वारा गरिने पुँजी निर्माणको प्रक्रियाभन्दा बाहिरबाट नै ठूलो आम्दानी गर्ने यो वर्गले 'मामाको धन फुपुको श्राद्ध' भनेझैं उत्पादनशील क्षेत्रमा लगानी गर्नको सट्टा बङ्गला, कार, होटेल, रेष्टुराँ, फर्निसिङ्ग, ब्युटिपार्लर, भोज भतेर, क्लब, बार, गहना, महङ्गा कपडा आदि विलासितामा खर्च गर्दछ । त्यसले गर्दा पूरै समाजमा उपभोक्तावादी संस्कृति बढ्दै गइरहेको छ । विप्रेषणबाट प्राप्त रकमको ठूलो हिस्सा अनावश्यक रूपमा यस्तैमा खर्च भइराखेको छ । आधारभूत आवश्यकताका विषयमा खर्च गर्न धौधौ पर्ने परिवारले पनि ऋण खोजेर वा अचल सम्पति बेचेर 'सामाजिक हैसियत' कायम राख्ने नाममा अनावश्यक रूपमा उपभोक्तावादी खर्च गरिरहेका छन् । यो प्रक्रियाले समाजको आर्थिक विकासलाई नकारात्मक ढङ्गले प्रभावित गरिरहेको छ । उपरोक्त तथ्यहरूबाट नेपाली समाजको सामाजिक-आर्थिक संरचनाको मूल चरित्र स्पष्ट हुन्छ । नेपाली समाज मूलतः पुँजीवादी समाजमा रूपान्तरित भएको छ । नेपाली पुँजीवादी जनवादी क्रान्ति आधार भूत रूपले सम्पन्न भएको छ । तर नेपालको पुँजीवाद कमजोर अवस्थामा छ । सामन्तवादका अवशेषहरू पनि अझै केही बाँकी छन् र विभिन्न रूप र मात्रामा नवऔपनिवेशिक शोषण-उत्पीडन कायमै छ । यसलाई अन्त्य गरेर औद्योगिक पुँजीको विकास गर्नु अत्यावश्यक छ । नेपाल गौरवशाली सभ्यता, इतिहास र संस्कृति भएको संसारकै पुरानो मध्ये एक र सधैँभरि स्वतन्त्र अस्तित्त्वमा रहेको राष्ट्र हो । हजारौं वर्ष अगाडिदेखि नेपालले मानव सभ्यता र विश्व शान्तिका सन्दर्भमा योगदान गर्दै आएको छ र बहुलता, विविधता, सांस्कृतिक सहचार्य र सामाजिक सद्भावको विशिष्ट पहिचान कायम राख्दै आएको छ ।

विश्वमा उपनिवेशवादको बिगबिगी भएको बेला पनि बाह्य साम्राज्यवादी आक्रमणबाट देशको स्वतन्त्र अस्तित्त्व कायम राख्न सफल हाम्रो इतिहासप्रति हामीलाई गर्व छ । तर इतिहासमा सधैं स्वतन्त्र रहँदै आएको नेपालले सुगौली सन्धिपश्चात् भने राजनीतिक, आर्थिक र सांस्कृतिक हस्तक्षेपसँग सामना गर्नुपरेको छ । विभिन्न असमान सन्धिहरू, आर्थिक परनिर्भरता, सांस्कृतिक अतिक्रमण र नेपालले आफ्ना आन्तरिक विषयहरूको स्वतन्त्र ढङ्गले समाधान गर्ने क्रममा बेलाबेलामा प्रकट हुने बाह्य हस्तक्षेपसँग हामीले निरन्तर प्रतिरोध गरिरहेका छौं । संविधान निर्माण र त्यसपछिका घटनाक्रममा राष्ट्रिय स्वाधीनता र स्वाभिमानका विषयमा नेपाली जनतामा अभूतपूर्व जागरण, सजगता र एकता प्रकट भएको छ, जुन हाम्रो राष्ट्रियताको सुदृढीकरणका लागि निकै मूल्यवान् आधार हो । सबै वर्ग, क्षेत्र र समुदायका जनताको एकतालाई अझ बलियो बनाउँदै हामीले हाम्रो राष्ट्रियतालाई सुदृढ गर्नुपर्दछ र सबैखाले नवऔपनिवेशिक शोषण उत्पीडनलाई समाप्त पार्दै

स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको विकास तथा आर्थिक आत्मनिर्भरता हासिल गर्नुपर्दछ ।

**नेपाली पुंजीवादी जनवादी क्रान्ति** : समाजवाद उन्मुख समावेशी लोकतन्त्र विकासका विभिन्न ऐतिहासिक चरणहरू पार गर्दै र विकसित हुंदै आएको नेपाली समाज लामो समय सामन्तवादको चरणबाट गुज्रेको थियो । सामन्तवादी सामाजिक-आर्थिक संरचना अनुरूप सामन्ती अधिरचनाको रूपमा निरङ्कुश राजतन्त्रले राज्य सञ्चालन गरिरहेको थियो । त्यस पृष्ठभूमिमा, सामन्तवाद तथा सामन्तवर्ग विरूद्धको वर्गसङ्घर्ष र सामन्ती निरङ्कुशतन्त्र विरूद्धको राजनीतिक लोकतान्त्रिक सङ्घर्ष र अन्ततः पुँजीवादी जनवादी क्रान्तिको रूपमा अघि बढ्नु ऐतिहासिक वस्तुगत आवश्यकता बन्यो । नेपालको सामन्तवाद एवम् सामन्तवर्गले विश्व साम्राज्यवाद, एकाधिकार पुँजीवाद, क्षेत्रीय प्रभुत्ववाद र विस्तारवादसँगको सहकार्य एवम् साँठगाँठबाट आफ्नो रक्षाका लागि बाह्य सहयोगी शक्ति प्राप्त गऱ्यो ।

नेपाल र नेपाली जनता बाह्य शक्तिको समेत शोषण र उत्पीडनमा परे । यसरी सामन्तवाद विरोधी नेपाली पुँजीवादी जनवादी क्रान्तिले सामन्तवाद र सामन्ती निरङ्कुशतन्त्रलाई अन्त्य गर्न साम्राज्यवाद र क्षेत्रीय प्रभुत्ववाद-विस्तारवादका विरूद्ध राष्ट्रिय स्वाधीनताको कार्यभार पूरा गर्ने सङ्घर्ष पनि सँगसँगैअघि बढाउनु अनिवार्य बन्यो । आरम्भमा सामन्ती राज्यसत्ता र निरङ्कुशतन्त्रका विरूद्धको सङ्घर्ष मूलतः जहानियाँ राणाशासन विरूद्धको सङ्घर्षका रूपमा सङ्गठित भयो । सामन्ती निरङ्कुशतन्त्र विरूद्धको सङ्घर्ष लखन थापाको विद्रोह एवम् 'प्रचण्ड गोरखा' 'प्रजा परिषद्' को आन्दोलन हुँदै अगाडि बढ्यो र नेपाली काँग्रेसतथा नेपाल कम्युनिष्ट पार्टीको स्थापनासँगै २००७ सालमा राणाशासन विरोधी महत्त्वपूर्ण राजनीतिक आन्दोलन एवम् परिवर्तनका रूपमा विकसित भयो । आन्दोलनको मुख्य नेतृत्व नेपाली काँग्रेसले गऱ्यो र भर्खरै जन्मिएको नेपाल कम्युनिष्ट पार्टीले पनि यो लोकतान्त्रिक सङ्घर्षमा सक्रिय सहभागी हुँदै आफ्नो भूमिका खेल्यो । नेतृत्वदायी पुँजीपति वर्ग कमजोर भएको, त्यसको मुख्य चरित्र दलाल भएको र बाह्य शक्तिको भूमिकासमेतको कारण २००७ सालको परिवर्तनले लोकतान्त्रिक क्रान्तिलाई पूर्णता दिन सकेन । तथापि त्यो लोकतन्त्रको दिशामा ऐतिहासिक महत्त्वको परिवर्तन थियो ।

२००६ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टीले प्रारम्भदेखि नै सारतत्त्वमा सामन्तवाद-साम्राज्यवाद विरोधी पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रम अगाडि सारेको थियो । राजतन्त्रसँग आत्मसमर्पण गर्न पुगेका केही तत्त्वहरू बाहेक विभिन्न समूहमा विभाजित हुन पुगेका कम्युनिष्ट तथा वामपन्थी पार्टीहरूले नयाँ जनवाद, जनताको जनवाद, राष्ट्रिय प्रजातन्त्र वा जनताको बहुदलीय जनवाद आदि विभिन्न नाम र रूपमा क्रान्तिको कार्यक्रम प्रस्तुत गरेपनि सारतत्त्वमा यी सबै कार्यक्रम सर्वहारा श्रमजीवीवर्ग र कम्युनिष्ट पार्टीको नेतृत्वमा सम्पन्न हुने सामन्तवाद-साम्राज्यवाद विरोधी नयाँखाले पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रम नै थिए । एकीकृत अवस्थामा होस् या विभाजित अवस्थामा, नेपाली कम्युनिष्ट आन्दोलन यही कार्यक्रमकै बाटोमा अघि बढिरह्यो । नेपाली लोकतान्त्रिक क्रान्ति राजनीतिक क्षेत्रमा पटक-पटक प्रतिगमनको चपेटामा परे पनि त्यस्तो प्रतिगमनले समाजको पुँजीवादीकरणलाई पूरै रोक्न सकेन । राज्यको सकारात्मक भूमिकाको अभावका वावजुद नेपालको पुँजीवादीकरणको प्रक्रिया कमजोर रूपमा नै भएपनि अघि बढ्दै गऱ्यो । तदनुरूप राजनीतिक सङ्घर्ष पनि अघि बढ्दै गयो । यस क्रममा राजनीतिक अधिरचनाको क्षेत्रमा पूर्ण लोकतान्त्रिकरणको दबाब र माग स्वभावतः झनै बढ्यो । नेपालमा राजतन्त्र रहँदासम्म सामन्ती निरङ्कुशतन्त्र पूर्ण रूपमा अन्त्य हुँदैन र गणतन्त्र स्थापना अनिवार्य छ भन्ने ऐतिहासिक यथार्थ आम रूपमा स्पष्ट भयो । यसका साथै, मूलतः दलाल तथा नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने नेपाली काँग्रेसजस्तो पार्टीकै नेतृत्वका कारण २००७ सालदेखिको लोकतान्त्रिक परिवर्तन अधुरै रहन गएको हो र कम्युनिष्ट शक्तिको नेतृत्वमा मात्र लोकतान्त्रिक क्रान्तिले पूर्णता पाउन सक्छ भन्ने पनि पुष्टि हुँदै गयो । यसका साथसाथै, कम्युनिष्ट तथा वामपन्थी शक्तिहरू लामो तथा बलिदानी सङ्घर्षमा निरन्तर लागिरहे, मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने प्रयत्न गर्दै जनताका बीचमा गएर आन्दोलन उठाउन सक्रिय रहे, यस क्रममा विभिन्न सकारात्मक र नकारात्मक अनुभव सहित जनताका दुखसुखमा निरन्तर साथ रहे, जस्का कारणले नेपाली राजनीतिक आन्दोलनका नेतृत्वदायी शक्तिका रूपमा उनीहरू स्थापित भए ।

यसरी २००७ सालदेखिका विभिन्न सशस्त्र र शान्तिपूर्ण सङ्घर्ष, झापा विद्रोह, माओवादी जनयुद्ध, उत्पीडित समुदायले चलाएका विभिन्न आन्दोलनले सामन्तवाद विरोधी पुँजीवादी जनवादी क्रान्ति अर्थात्लोकतान्त्रिक क्रान्तिलाई मूलतः कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूको नेतृत्वमा पूर्णता दिने वस्तुगत र आत्मगत आधार तयार गऱ्यो । एकातिर

नेकपा (एमाले) को नेतृत्वमा सञ्चालित शान्तिपूर्ण र वैधानिक सङ्घर्षले कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय बनाउन तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो भनेअर्कोतिर तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित जनयुद्धले उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र विभिन्न सांस्कृतिक समुदायका जनतामा राजनीतिक चेतना र जागरण ल्याउन तथा सङ्गठित र आन्दोलित गर्न महत्त्वपूर्ण भूमिका खेल्यो । यसरी प्रतिक्रियावादी सामन्ती राज्यव्यवस्थालाई कमजोर पार्दै, लोकतन्त्रको स्थापना र पुँजीको विकास गर्दै, समाजवादतर्फ उन्मुख हुने अवस्था सिर्जना गर्नुका साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको आधार तयार भयो । शान्तिपूर्ण जनआन्दोलनमा रहेका नेकपा (एमाले) लगायतका सात राजनीतिक दल र जनयुद्धको नेतृत्व गरिरहेको तत्कालीन नेकपा (माओवादी) का बीचमा भएको १२ बुँदे समझदारीको आधारमा आ-आफ्नो ठाउँबाट दुवै शक्तिबाट सञ्चालित जनआन्दोलनले २००७ साल यताका सबै सङ्घर्षको सञ्चित असरका रूपमा सामन्ती निरङ्कुश राजतन्त्रको अन्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न निर्णायक भूमिका खेल्यो । यसप्रकार नेपाली पुंजीवादी जनवादी क्रान्ति प्रक्रिया र सारतत्त्व दुवै हिसाबले मौलिक रहेको छ । संसदीय र गैर संसदीय सङ्घर्ष, माओवादी जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, शान्तिप्रक्रिया, संविधानसभा र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको मौलिक एवम् विशिष्ट प्रक्रियाबाट नेपाली पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपले सम्पन्न भएको छ । सारतत्त्व एवम् चरित्रको हिसाबले पनि नेपाली पुँजीवादी जनवादी क्रान्ति मौलिक रहेको छ । कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूको नेतृत्वदायी भूमिकामा सम्पन्न भएकाले नेपाली पुँजीवादी जनवादी क्रान्ति परम्परागत संसदीय गणतन्त्र वा औपचारिक राजनीतिक लोकतन्त्रमा मात्र सीमित छैन । यो समाजवाद उन्मुख समावेशी लोकतन्त्रका रूपमा स्थापित भएको छ ।

नेपाली जनताले आफ्नै मौलिक बाटोबाट प्राप्त गरेको मौलिक चरित्रको लोकतान्त्रिक परिवर्तनलाई हाम्रो निर्णायक पहल र नेतृत्वमा निर्मित नयाँ संविधानले निम्नलिखित मुख्य विशेषताहरूसहित संस्थागत गरेको छ :

(क) नेपाली जनताले पहिलो पटक आफूमा निहित सार्वभौमसत्ताको प्रयोग गर्दै आफ्नो संविधान आफैँले निर्माण गरी घोषणा गरेका छन् । राजाहरूले आफूमा निहित सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्दै देशको मूल कानुन जारी गर्ने सामन्ती युगको अन्त्य भएको छ ।

(ख) सामन्तवादको मूल राजनीतिक प्रतिनिधिका रूपमा रहेको राजतन्त्रलाई समूल अन्त्य गरी गणतन्त्रलाई संस्थागत गरिएको छ । केन्द्रीकृत एवम् एकात्मक राज्यको स्थानमा संघीय संरचना संस्थागत गरिएको छ । लोकतन्त्रको मान्यताअनुरूप धर्म निरपेक्षतालाई संस्थागत गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण युगान्तकारी महत्त्वको परिवर्तन हो ।

(ग) नयां संविधान गतिशील संविधान हो । नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र नेपाली जनतामा निहित सार्वभौमसत्ताबाहेक कुनै पनि कुरा असंशोधनीय वा अपरिवर्तनीय छैन । एकातिर उपरोक्त मूलभूत विषय एकदमै सुरक्षित भएका छन् भने ती विषय बाहेक नेपाली जनताले चाहेमा सबै विषय संवैधानिक बाटोबाट परिवर्तन गर्न सकिन्छ भन्ने कुरा संविधानतः स्थापित भएको छ । यो दूरगामी महत्त्वको परिवर्तन हो ।

(घ) शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । सामाजिक सुरक्षालाई संविधानले प्रत्याभूत गरेको छ । सामाजिक न्यायको कोणबाट संविधान अग्रगामी रहेको छ ।

(ङ) समावेशी लोकतन्त्रको मान्यता अनुरूप जनप्रतिनिधि संस्थाहरूमा मिश्रित निर्वाचन प्रणालीअन्तर्गत महिला, दलित, मधेसी, जनजाति, पिछडिएको क्षेत्र, थारू, मुस्लिम र खस आर्य सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । संघीय संसद्लगायतका सबै जनप्रतिनिधि संस्थामा महिलाको न्यूनतम एक तिहाइ र स्थानीय तहमा न्यूनतम ४० प्रतिशत प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिएको छ । महिला र दलितलाई राज्यका सबै निकायहरूमा समानुपातिक समावेशीकरणको हक सुनिश्चित गरिएको छ । राज्यका सबै निकाय र अङ्गमा समावेशी सिद्धान्तका आधारमा नियुक्ति गर्ने व्यवस्था गरिएको छ । समावेशीकरण र समानुपातिक प्रतिनिधित्व आजको नेपाली लोकतन्त्रको अङ्ग बनेको छ । यो विश्वकै लागि नमुनायोग्य रहेको छ ।

(च) संविधानमा राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र हितलाई केन्द्रमा राखी स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने स्पष्ट

व्यवस्था गरिएको छ । नेपालको संवैधानिक इतिहासमा पहिलो पटक स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने घोषणा गरिएको छ । त्यसैगरी अन्य मुलुकसँग भएका सबै सन्धि सम्झौताको पुनरावलोकन गरी पारस्परिक समानता र हितमा आधारित सन्धि सम्झौता गर्ने स्पष्ट व्यवस्था गरिएको छ । हाम्रो परिप्रेक्ष्यमा यो विशेष दूरगामी महत्त्वको विषय रहेको छ ।

(छ) संविधानले नेपाल राष्ट्रलाई वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले परिभाषित गरेर राष्ट्रिय एकताको बलियो आधार प्रदान गरेको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता र भौगोलिक विविधतामा अभिव्यक्त समान आकाङ्क्षा, नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता र राष्ट्रिय हितप्रति प्रतिबद्ध रही एकताको सूत्रमा आबद्ध समग्र नेपाली जनतालाई नेपाल राष्ट्रका रूपमा परिभाषित गरिएको छ ।

(ज) नयाँ संविधानले किसानको हितमा भूमिसुधार गर्ने आधार प्रदान गरेको छ । भूमिसुधार, जग्गामा किसानको पहुँचको हक, प्रत्येक भूमिहीन दलित परिवारलाई जग्गा प्राप्त गर्ने हक, खाद्य अधिकार र खाद्य सम्प्रभुताको अधिकार व्यवहारमा लागू गर्ने क्रममा नेपालमा कृषि क्रान्तिको क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण उपलब्धि हुनेछ । सार्वजनिक, निजी र सहकारी सहितको तीन खम्बे अर्थनीति स्वीकार गरी राजनीतिलाई मात्र हैन अर्थतन्त्रलाई पनि समावेशी र सहभागितामूलक बनाउने दृष्टिकोण अघि सारिएको छ ।

(झ) नयाँ संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासनव्यवस्था र त्यसमा आधारित समाजवादप्रति प्रतिबद्ध रहने कुरा स्पष्ट गरेको छ । विश्वव्यापी रूपमा स्वीकृत लोकतन्त्रका आधारभूत विषय,'मानव अधिकार, स्वतन्त्र न्यायपालिका तथा शक्ति पृथकीकरणलाई संविधानले प्रत्याभूत गरेको छ । त्यसैगरी राज्यलाई प्रस्ट रूपमा समाजवादउन्मुख, समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर परिभाषित गरिएको छ । यसले हाम्रो परिवर्तन, राज्य र समाजको चरित्रलाई निर्दिष्ट गरेको छ ।

(ञ) संविधानसभा र संविधान निर्माण नेपालको शान्तिप्रक्रियाको अभिन्न र मुख्य अङ्ग हो । संविधान घोषणाले शान्ति प्रक्रियाको मुख्य राजनीतिक कार्यभार पूरा गरेको छ र दिगो शान्तिका लागि मूल आधार प्रदान गरेको छ ।

निचोडमा, नेपालको संविधानले नेपाली पुँजीवादी जनवादी क्रान्तिको आधारभूत परिवर्तन एवम् उपलब्धिलाई संस्थागत गरेको छ । सामन्तवाद विरोधी पुँजीवादी जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार संविधानतः पूरा भएको छ । तर नेपाली पुँजीवादी जनवादी क्रान्तिका केही कार्यक्रमहरू बाँकी रहेकाले त्यसलाई पूरागर्न संविधान संशोधन एवम् परिमार्जन गर्दै जानुपर्ने आवश्यकता पर्न सक्छ । यसरी नेपालको संविधानले मूल सारतत्त्वमा पुँजीवादी लोकतन्त्रकै सीमाभित्र रहेको तर पुरानोखाले परम्परागत पुँजीवादी संसदीय लोकतन्त्रभन्दा उन्नत समाजवाद उन्मुख समावेशी लोकतन्त्रलाई स्थापित गरेको छ । यो विश्वकै लागि लोकतन्त्रको नयाँ मोडेल र प्रयोग बन्न पुगेको छ । हामीले यसलाई सफलतापूर्वक कार्यान्वयनका साथै अझ विकसित गर्दै अघि बढ्नुपर्छ । कुनै पनि क्रान्ति शुद्ध रूपमा सम्पन्न हुन नसक्ने यथार्थ नेपाली क्रान्तिको सन्दर्भमा पनि लागू हुनु स्वाभाविक छ । हाम्रो पुँजीवादी जनवादी क्रान्ति सर्वहारा श्रमजीवीवर्ग र कम्युनिष्ट शक्तिको नेतृत्वमा भएको भए पनि अन्तर्राष्ट्रिय परिवेश र हाम्रो ठोस विशिष्टताको वर्गीय तथा राजनीतिक शक्ति सन्तुलनमा पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिसमेतसँग सहकार्य गर्दै अघि बढ्नु पऱ्यो । त्यसैले स्वभावतः यसका केही सीमा र कमजोरी छन् । हाम्रो पुँजीवादी जनवादी क्रान्ति सर्वहारा श्रमजीवी वर्ग र कम्युनिष्ट शक्तिले चाहेजस्तो आजको युगको पुँजीवादी जनवादी क्रान्तिको आदर्श स्वरूपमा सम्पन्न भएको दाबी गर्न सकिन्न ।

पुँजीवादी जनवादी क्रान्तिका केही कार्यभारहरू अझै बाँकी छन्, किनकि सामन्तवादका अवशेषहरू अझै पनि छन् । आर्थिक र सांस्कृतिक क्षेत्रमा यसको मात्रा क्रमशः सजिलै देख्न सकिन्छ भने राजनीतिक अधिकारको क्षेत्रमा पनि अझै विकास गर्नुपर्ने आवश्यकता हुन्छ नै । हाम्रो देश स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न एवम् स्वाधीन मुलुकका रूपमा रहे पनि राष्ट्रिय स्वाधीनतालाई बलियो बनाउने सवालमा अझै हामीले कैयौं कार्यभार पूरा गर्नुपर्ने आवश्यकता छ । बाह्य हस्तक्षेप र उत्पीडनलाई पूर्ण अन्त्य गर्न आवश्यक पहलकासाथ उपयुक्त कदम चाल्नु पर्दछ । नेपाललाई आर्थिक र सुरक्षा सम्बन्धी गतिविधिमा आफूमाथि निरन्तर आश्रित बनाएर नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने र नेपालको राजनीतिलाई समेत आफ्नै प्रभावमा निरन्तर राखी रहने छिमेकी शासकहरूको व्यवहारले गर्दा नेपालले नवउपनिवेशवादी नीति र व्यवहारविरूद्ध समेत निरन्तर सङ्घर्ष गरिरहनु परेको छ ।

नेपालको स्वाधीनता, सार्वभौमसत्ता र स्वाभिमानलाई सदृढ पार्न निरन्तर लागिरहनु पर्दछ । पुँजीवादी जनवादी क्रान्तिका बाँकी कार्यभारलाई नयाँ ऐतिहासिक

चरणको नयाँ रणनीति र कार्यनीति कार्यान्वयनका क्रममा, वर्गसङ्घर्ष एवम् क्रान्तिकारी आन्दोलनको विकासको क्रममा र लोकतान्त्रीकरणको विस्तार एवम् समाजवादउन्मुख कार्यक्रम लागू गर्ने क्रममा पूरा गर्दै अघि बढ्नु पर्छ । हामीले हाम्रो लोकतन्त्रलाई यसको सारतत्त्व एवम् विशिष्टतासहित लागू गर्ने क्रममा अझै विकास गर्ने दिशामा ध्यान दिनु पर्छ र संविधानको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकता अनुसार यसमा संशोधन एवम् विकास गर्दै अघि बढ्नुपर्छ ।

**रणनीति, कार्यनीति र राजनीतिक कार्यदिशा क्रान्तिको चरित्र :** रणनीति र कार्यदिशा त्यो खास समाज विकासको कुन ऐतिहासिक चरणमा छ र त्यस समाजका आधारभूत सामाजिक-आर्थिक संरचना, राज्यको चरित्र र राजनीतिक अधिरचना, वर्ग र वर्ग अन्तर्विरोध के हुन् भन्ने कुराले निर्धारित गर्दछ । सामन्तवादको मूलतः अन्त्य भई नेपाली समाज पुँजीवादको चरणमा प्रवेश गरेको र पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपले सम्पन्न भएको हाम्रो निचोडले नयाँ ऐतिहासिक चरणमा सामन्तवाद विरोधी पुँजीवादी जनवादी क्रान्ति वा जनताको जनवादी क्रान्ति सम्पन्न गर्ने रणनीति वा आम राजनीतिक कार्यदिशामा परिवर्तनको माग गर्दछ । त्यसैगरी प्रगतिशील राष्ट्रिय पुँजीवादी उत्पादक शक्तिको विकास कमजोर अवस्थामा रहेको र दलाल तथा नोकरशाही पुँजीवाद यति बेलाको नेपाली पूँजीवादको मूल प्रवृत्ति बनेको कारणबाट तात्कालिक रूपमा समाजवाद होइन, समाजवादको आधार तयार पार्ने समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पुँजीवादको विकास अनिवार्य कार्यभार हुनजान्छ । त्यसले तात्कालिक रूपमा दिशा निर्देशित गर्ने विशिष्ट राजनीतिक कार्यदिशाको माग गर्दछ ।

यो विशिष्ट कार्यदिशाको कार्यान्वयनले आम कार्यदिशा कार्यान्वयनको आधार तयार पार्नेछ । आम राजनीतिक कार्यदिशा पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपले सम्पन्न भएसँगै नेपाली समाज आम रूपमा सजमावादी क्रान्तिको ऐतिहासिक चरणमा प्रवेश गरेको छ । त्यसैले नेपाली क्रान्तिको दीर्घकालीन र रणनीतिक लक्ष्य समाजवादको स्थापना हो । तदनुरूप क्रान्तिको आम रणनीति नेपाली समाजलाई समाजवादमा रूपान्तरण गर्नु, समाजवाद निर्माण गर्नु वा सजमावादी क्रान्ति सन्पन्न गर्नु हो । हाम्रो समाजवादको बाटो के हो र समाजवादको चरित्र कस्तो रहन्छ भन्ने विषय आजको ज्यादै महत्त्वपूर्ण र सान्दर्भिक विषय हो । यसको स्पष्टताले नै हाम्रो पार्टीको आम राजनीतिक कार्यदिशालाई स्पष्ट पार्नेछ । हामी शान्तिपूर्ण सङ्घर्ष र शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट समाजवाद निर्माण गर्न चाहन्छौं । हाम्रो विशिष्ट सन्दर्भमा त्यो सम्भव छ । हाम्रो संविधानले समाजवादप्रति प्रतिबद्धता जाहेर गरेको छ, राज्यलाई समाजवादउन्मुख राज्यका रूपमा परिभाषित गरेको छ ।

संविधान अनुसार राष्ट्रिय सार्वभौमिकता, अखण्डता र जनताको सार्वभौमसत्ता बाहेक सबै विषय आवश्यकता अनुसार संविधान संशोधन गरी परिवर्तन गर्न सकिने अवस्था छ । सच्चा समाजवादको प्रतिनिधित्व गर्ने क्रान्तिकारी कम्युनिष्ट शक्ति सुदृढ एवम् शक्तिशाली छ तथा यो अझै सुदृढ हुँदै जानेछ । तसर्थ, अन्तर्राष्ट्रिय परिस्थिति, भूमण्डलीकृत साम्राज्यवाद एवम् भूराजनीतिक परिवेश र उक्त परिस्थितिजन्य सीमाले हामीलाई सजगता, व्यवहार कुशलता एवम् नेतृत्व कुशलताको प्रदर्शन र तद्नुरूपको पहल एवम् तत्परताका निम्ति तयार हुन निर्देशित गरेपनि शान्तिपूर्ण प्रतिस्पर्धा एवम् शान्तिपूर्ण जनआन्दोलनको बाटोबाट अघि बढ्ने हाम्रो दृढ चाहना र प्रतिबद्धता छ ।

अहिले हामी शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट अघि बढिरहेका छौं । तर हाम्रो यो बाटो हाम्रो चाहाना वा विश्वासमा मात्र आधारित हुने छैन । क्रान्ति, समाजवाद, राष्ट्र एवम् जनताका शत्रुहरू कुन रूपमा प्रस्तुत हुनेछन् भन्ने कुरा समेतले यसलाई निर्धारित गर्नेछ । त्यसैले सङ्घर्षको कुनरूप र विधिलाई अपनाउनुपर्छ भन्ने विषय ठोस परिस्थितिले निर्धारण गर्नेछ भन्ने कुरामा पनि हामी स्पष्ट छौं । हामी क्रान्तिको उद्देश्य, लक्ष्य र कार्यक्रमलाई केन्द्रबिन्दुमा राखेर परिस्थितिले माग गरे अनुसार सङ्घर्षको रूप र जनताको निर्णायक भूमिकालाई स्वीकार्ने छौं र सोही अनुरूप नेतृत्व गर्नेछौं । शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट अघि बढ्ने हाम्रो नीतिले बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचन, संसद् र सरकारलाई सङ्घर्ष र कामको मुख्य मोर्चाको रूपमा लिने कुरा स्पष्ट छ ।

त्यस अतिरिक्त संवैधानिक व्यवस्था र अधिकारको प्रयोग गर्दै आवश्यकता अनुसार जनपरिचालन, जनआन्दोलन र उत्पीडित वर्ग एवम् समुदायका आवाजहरूको पनि हामी अगुवाइ गरिरहने छौं । जनचेतना जगाउने सुसङ्गठित गर्ने र चेतनशील नागरिकको भूमिका निर्वाह गर्ने कार्यमा प्रेरित गरिरहनेछौ । हामीले आम रणनीतिक लक्ष्यका रूपमा लिएको समाजवाद कुन प्रकृतिको हुनेछ, त्यसबारे स्पष्टताको आवश्यकता छ ।

पहिलो, कम्युनिष्टहरूको नेतृत्वमा विश्वस्तरमा सजमावादी आन्दोलनको ज्वारभाटा तीव्र बनेपछि त्यसलाई रोक्न पुंजीवादीहरूले पुंजीवादभित्रका सीमित सुधारलाई 'प्रजातान्त्रिक समाजवाद'को नारा र आवरणमा प्रस्तुत गरे । यतिबेला त्यो नउवदारवादी पुंजीवादको एउटा अङ्गको रूपमा निकम्मा र अकर्मण्य बनेको

छ । हाम्रो समाजवाद त्यस प्रकारको 'प्रजातान्त्रिक समाजवाद' होइन । दोस्रो, हाम्रो समाजवाद सोभियत संघ र त्यसलाई अन्धानुकरण गरेर आमरूपमा पूर्व सजमावादी देशहरूमा लागू गरिएको 'सोभियत मोडेल'को समाजवाद पनि होइन । त्यसले कतिपय सकारात्मक पक्ष र योगदानका वावजुद समाजवादलाई एकदलीय राज्यप्रणाली र निजी सम्पत्तिको औपचारिक उन्मूलन, राष्ट्रियकरण तथा राज्य नियन्त्रित सजमावादी आर्थिक प्रणालीका रूपमा सीमित गरी गलतढङ्गले प्रस्तुत गर्ने काम गऱ्यो र अन्ततः त्यो आफैंमा अन्तरनिहित कमजोरीका कारण समेतले समाप्त भयो ।

हामीले निर्माण गर्ने समाजवाद त्यसबाट शिक्षा लिंदै आजको युगका विशेषताहरू समाविष्ट भएको उन्नत समाजवाद हुनेछ । अबको समाजवादमा लोकतन्त्र वा जनवादको अभ्यासलाई कुण्ठित हुन दिइनेछैन, बरू सुनिश्चित गरिनेछ । आम जनसमुदायको बीच लोकतान्त्रिक अधिकारको उपभोग, मुख्यतः सङ्गठन, अभिव्यक्ति, आलोचना वा विरोध, सिर्जना र व्यक्तिगत स्वतन्त्रतालाई प्रत्याभूत गरिनेछ । साथै राज्यसत्ता सञ्चालनमा आम जनसमुदायको संस्थागत सहभागिता एवम् निर्णायक भूमिकालाई सुनिश्चित गरिनेछ । त्यसका निम्ति विचार र कार्यक्रमको आधारमा राजनीतिक पार्टीहरूको गठन, सञ्चालन र बहुदलीय प्रतिस्पर्धाको प्रणालीलाई अवलम्बन गरिनेछ । बालिग मताधिकार, आवधिक निर्वाचन, निर्वाचित जनप्रतिनिधि संस्था र सरकार, प्रतिपक्ष, विधिको शासन, शक्ति पृथकीकरणजस्ता विषयहरू यसका अभिन्न अङ्ग हुनेछन् । राजनीतिक क्षेत्रमा पार्टी स्वतन्त्रता र बहुदलीय प्रतिस्पर्धाका अतिरिक्त सजमावादी लोकतन्त्रलाई अझ उन्नत बनाउन थप प्रभावकारी विधि, संयन्त्र एवम् उपायको विकासमा ध्यान दिइनेछ ।

समाजवादको नाममा 'राज्य नोकरशाही पुंजीवादलाई' वैधता दिने गरी वा त्यसलाई प्रश्रय दिने अर्थतन्त्र अवलम्बन गरिनेछैन । सर्वहारा श्रमजीवी वर्गको सत्ता, आम सर्वहारा श्रमजीवी वर्गमाथिको उत्पीडनको अन्त्य, उत्पादक शक्तिको पूर्ण विकास, आम सर्वहारा श्रमजीवीलाई आर्थिक न्याय र सुखद् जीवनयापनको सुनिश्चितता, आर्थिक उत्पादनको प्रचुरता, समन्यायिक वितरण, सहकारिताको सही प्रयोग, पर्यावरणको रक्षा अबको सजमावादी आर्थिक मोडेलको सामान्य विशेषता हुनेछ । हामी यसलाई ठोस रूपमा थप विकास गर्दै लैजानेछौं ।

उपरोक्त विश्लेषणबाट के प्रस्ट हुन्छ भने हाम्रो पार्टीको रणनीतिक लक्ष्य समाजवाद हो र आम रणनीति समाजवादको स्थापना गर्नु हो । उक्त रणनीतिक लक्ष्यलाई केन्द्रमा राखिएको उपरोक्त रणनीति र रणनीतिमा आधारित क्रान्तिको बाटो, नीति, सङ्घर्ष, कार्यक्रमको समष्टि नै हाम्रो आम राजनीतिक कार्यदिशा हुनेछ । आम राजनीतिक कार्यदिशालाई कार्यान्वयनको प्रक्रियामा लैजान हाम्रो पार्टीसँग मार्क्सवाद-लेनिनवादको वैचारिक कार्यदिशा छ । यसलाई थप परिमार्जन र विकास गर्ने निचोडमा हामी पुगिसकेका छौं । विश्वमा विकास भएका नयाँ वस्तुगत पक्षहरू-भूमण्डलीकरण एवम् भूमण्डलीकृत पुँजीवाद, सूचना प्रविधिको असामान्य एवम् अभूतपूर्व विकास र उत्पादन प्रविधिमा देखापरेका नयाँ आयामलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ । त्यसका साथै अधिकांश पूर्व सजमावादी सत्ता भएका देशहरूमा भएको प्रतिक्रान्तिबाट शिक्षा लिनु पनि जरूरी छ । यस अघि स्थापित अधिकांश सजमावादी सत्ताहरूको अवसानका पछाडि कम्युनिष्ट पार्टिहरूको के कस्ता नीति, योजना, कार्यक्रम, आचरण र कमजोरीहरूले काम गरेका छन्, त्यसलाई संश्लेषण गरेर सच्याउने प्रक्रियामा अघि बढ्न आवश्यक छ । त्यसलाई आत्मसात् गरेर हामी नयाँ निष्कर्षका साथ अघि बढी पनि रहेका छौं । त्यस बारेमा थप अध्ययन र संश्लेषण अपेक्षित छ ।

उपर्युक्त वस्तुगत र आत्मगत पक्षहरूलाई सम्बोधन र समाधान गर्ने गरी गहन अध्ययन, अनुसन्धान, छलफल, बहस, विश्लेषण र संश्लेषणद्वारा मार्क्सवाद र विचारको विकास गर्नु समाजवाद निर्माणको सन्दर्भमा अबको हाम्रो एक मुख्य वैचारिक कार्यभार हुनेछ । त्यसका अतिरिक्त हाम्रो समाजवादले नेपाली विशिष्टता र विशेषतालाई आत्मसात् गर्नेछ । यसले हाम्रो इतिहास, राष्ट्र निर्माणको ऐतिहासिक प्रक्रिया, सभ्यता र संस्कृति लगायत समाजको अझ गहिरो अध्ययन, वर्ग विश्लेषण र विशिष्टताहरूको निरूपणको माग गर्दछ । यसरी हाम्रो क्रान्तिको आम रणनीति र रणनीतिक लक्ष्य थप सुस्पष्ट हुँदै जानेछ । त्यसैअनुसार राजनीतिक कार्यदिशाको परिमार्जन एवम् विकास हुनेछ । वैज्ञानिक समाजवादको मान्यतामा आधारित नयाँ मोडलको समाजवाद निर्माणले सफलता प्राप्त गर्नेछ ।

**विशिष्ट राजनीतिक कार्यदिशाः** मूल राजनीतिक कार्यनीति आधारभूत रूपले पुंजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेकाले हामी आम रूपमा सजमावादी क्रान्तिको नयां ऐतिहासिक चरणमा प्रवेश गरेका छौ । तर अहिले नै हामी समाजवःदमा सङ्क्रमण वा रूपान्तरण गर्ने सजमावादी कार्यक्रम लागू गर्ने, समाजवाद निर्माण गर्ने वा सजमावादी क्रान्ति सम्पन्न गर्ने तहमा पुगेका छैनौ । पुंजीवादी उत्पादक शक्तिको विकास कमजोर रहेको, राष्ट्रिय स्वाधीन अर्थतन्त्रको विकास भइनसकेको, मुलुक अत्यधिक परनिर्भरताबाट गुज्रिरहेको लगायत कारणले अहिले नै समाजवाद निर्माणका निम्ति उत्पादन लगायत अन्य

भौतिक आधार खडा भएको छैन । उत्पादक शक्तिको विकासको वर्तमान स्थिति, तात्कालिक शक्ति सन्तुलन र अन्तर्विरोध आदि पक्षको वस्तुनिष्ठ विश्लेषणले समाजवादलाई तत्कालीन लक्ष्य बनाउनु वा समाजवादलाई तात्कालिक कार्यदिशा बनाउनु उपयुक्त हुनेछैन ।

यसले तत्कालिक रूपमा, अर्को विशिष्ट राजनीतिक कार्यदिशाको माग गर्दछ । जनवादी क्रान्ति सम्पन्न गरेका कतिपय मुलुकहरूले समाजवादमा प्रवेश गर्न हतारो गर्दा उग्रवामपन्थी भूल गरेको र त्यसले निकै ठूलो क्षति पुऱ्याएको अन्तर्राष्ट्रिय अनुभव छ । त्यसैले हामीले सामन्तवादका अवशेषहरूको उन्मूलन, जनवादी व्यवस्थाको सुदृढीकरण र समाजवादका आधारहरू तयार गर्ने आजको विशेष चरण सुहाउँदो विशिष्ट राजनीतिक कार्यदिशा र नीतिहरू तर्जुमा गर्नुपर्दछ ।

- नेपाली समाजमा दलाल तथा नोकरशाही पुंजीवादले उत्पादक शक्तिको विकास र अन्ततः उत्पादन र समृद्धिमा अवरोध उत्पन्न गरिरहेको छ । यतिबेला नेपाली जनताको विकास, प्रगति र समृद्धिको तीव्रआकाङ्क्षाको सम्बोधन मुख्य आवश्यकता हो । यो आवश्यकता र अविकसित, पिछडिएको र विपन्न अवस्था बीच ठूलो अन्तर्विरोध छ । तसर्थः राष्ट्रिय औद्योगिक पुँजीवादको विकास र समृद्धिको बाटोमा अवरोध उत्पन्न गर्ने वर्ग, शक्ति, प्रवृत्ति र तत्त्वहरूसँग नेपाली जनताको मुख्य अन्तर्विरोध रहेको छ । दलाल नोकरशाही पुँजीवाद र सामन्तवादका अवशेषहरू नै यस रूपमा देखा परेका छन् । राज्यको नेतृत्वदायी भूमिका र प्रभावकारी ढङ्गले सुशासनको कार्यान्वयनद्वारा दलाल पुँजीको नियन्त्रण र रूपान्तरण गर्दै राष्ट्रिय पुँजीवादी उत्पादक शक्तिको विकास नगरी उत्पादन वृद्धि र समृद्धिको दिशामा देशलाई लैजान सकिँदैन । त्यसो नगरी बेरोजगार, अर्धबेरोजगार, गरीब, सुकुम्वासी र श्रमिकहरूको अहिलेको समस्या समाधान गर्न सकिँदैन ।

कृषिको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकीकरणकोदिशामा देशलाई लैजान सकिदैन । त्यसैले आजको हाम्रो तात्कालिक मूल दिशा र कार्यभार निम्नानुसार हुनेछः पुंजीवादी जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्दै समाजवादको आधार निर्माण, राष्ट्रिय पुँजीवादी उत्पादक शक्तिको विकास, राष्ट्रिय पुँजीवादी आर्थिक क्रान्ति र समृद्धि ।

तर आजको अवस्थामा भूमण्डलीकृत साम्राज्यवादसँग एक हदसम्म नबुझीकन र अर्थतन्त्रलाई समाजवादउन्मुख नबनाइकन राष्ट्रिय पुँजीवादको विकास गर्न पनि सकिन्न भन्ने कुरामा स्पष्टताको आवश्यकता छ । त्यसैले समाजवादउन्मुख राष्ट्रिय पुंजीवादको विकास र सामाजिक न्यायसहितको समृद्धि हाम्रो तत्कालिक दिशा, कार्यभार र लक्ष्य हुनेछ ।

अझ ठोस रूपमा भन्ने हो भने संविधानको कार्यान्वयन र विकास, शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामार्फत सरकार निर्माण, राष्ट्रिय स्वाधीनता एवम् हितको रक्षा, समाजवादउन्मुख समावेशी लोकतन्त्रको सफल प्रयोग, सामाजिक न्यायसहितको समृद्धि र समाजवादको आधार निर्माण नै हाम्रो मूल राजनीतिक कार्यनीति हो । यो मूल राजनीतिक कार्यनीति तत्काले फेरबदल हुने सामान्य कार्यनीति होइन । यसले सापेक्ष रूपमा लामो अवधिसम्म हाम्रो समाज, राजनीति र वर्गसङ्घर्षलाई दिशा निर्देशित गर्नेछ ।

उत्पादक शक्तिको विकास, राष्ट्रिय पुँजीवादी औद्योगीकरण, समृद्धि र समाजवादको भौतिक आधार तयार नभएसम्म समाजवादमा रूपान्तरण गर्ने वा सजमावादी कार्यक्रम लागू हुनसक्ने स्थिति बन्दैन । त्यतिबेलासम्म यो मूल राजनीतिक कार्यनीतिले नै हामीलाई मार्गनिर्देश गरिरहनेछ । तसर्थः हाम्रो क्रान्तिको सन्दर्भमा यो मूल राजनीतिक कार्यनीति नै आजको विशिष्ट राजनीतिक कार्यदिशा हो । समाजवाद निर्माणको रणनीतिक लक्ष्य र आम राजनीतिक कार्यदिशालाई यो विशिष्ट राजनीतिक कार्यदिशाले सहयोग पुऱ्याइरहेको हुन्छ र अंशतः कार्यान्वयन गरिरहेको हुन्छ । यो विशिष्ट राजनीतिक कार्यदिशाअन्तर्गत तत्कालीन परिस्थिति, शक्तिसन्तुलनमा हुने हेरफेर वा परिवर्तन अनुसार अन्य कार्यनीतिहरू तर्जुमा र कार्यान्वयन गर्दै अघि बढ्नु पर्नेछ । समाजवादको आधार तयार भई सकेपछि समाजवादमा रूपान्तरणकोलागि यो विशिष्ट राजनीतिक कार्यदिशा परिवर्तन गर्नुपर्ने हुन्छ ।

**तात्कालिक राजनीतिक परिस्थिति :** नेपाली जनताको ठूलो बलिदानपूर्ण सङ्घर्षको परिणामस्वरूप संविधानसभाबाट निर्माण भएको नेपालको संविधान अहिले कार्यान्वयनको प्रक्रियामा अघि बढिसकेको छ । संविधान कार्यान्वयनको पहिलो चरणको मुख्य र महत्त्वपूर्ण कार्यभार संघ, प्रदेश र स्थानीय तहको निर्वाचन पूरा भइसकेको छ । निर्वाचन सम्पन्न भएसँगै परिवर्तन संस्थागत भएको छ ।

देश र जनताले जितेको छ । निर्वाचनमा हाम्रो पार्टी (तत्कालीन वामपन्थी गठबन्धन)ले करिब दुई तिहाई निकटको बहुमतको जनादेश प्राप्त गरेको छ र त्यसअनुरूप संघीय सरकार र ६ वटा प्रदेशमा पनि सरकार गठन भइसकेको छ । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष र

उपाध्यक्षको पनि निर्वाचन भइसकेको छ । निर्वाचनले हाम्रो पार्टीलाई पर्याप्त बहुमत दिएर आर्थिक क्रान्तिको ढोका खोल्ने अवसर प्रदान गरेको छ ।

नेपाली काँग्रेसलाई राष्ट्रको नेतृत्व गर्न र देशको आजको कार्यभार पूरा गर्न नसक्ने शक्तिको रूपमा पछाडि धकेलिदिएको छ । राजतन्त्र र हिन्दू राज्यको पक्षमा रहेको राप्रपाका विभिन्न चिराहरू निर्वाचनमा जनताद्वारा बढारिएका छन् । मधेश केन्द्रित पार्टीहरूले मधेसको मनोविज्ञान र भावनाको दुरूपयोग गर्दै आफ्नो राजनीतिक अस्तित्त्व धान्ने स्थिति बनाएका छन्।

यसरी जनताले क्रान्तिको नेतृत्व गर्ने र राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै सामाजिक-आर्थिक रूपान्तरणद्वारा सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न नेतृत्व गर्ने शक्तिका रूपमा हाम्रो पार्टीलाई वैधानिक अवसर दिएको छ । हाम्रो पार्टी शहीदको सपना र जनताको आशा एवम् आकाङ्क्षा पूरा गर्न गम्भीर छ र तदनुरूप काम गर्न सङ्कल्पबद्ध छ । हामी नेपालको मुहार फेर्ने गरी काम गर्नेछौं । हाम्रो पार्टीले राष्ट्रिय स्वाधीनता एवम् हितको रक्षा, संविधानको कार्यान्वयन र विकास एवम् समृद्धिको लक्ष्य हासिल गर्न सबै राजनीतिक पार्टीसँग हातेमालो र सहकार्य गर्ने नीति लिनेछ ।

तर अहिले प्रमुख प्रतिपक्ष बनेको नेपाली काँग्रेस चुनावबाट पराजित भएपछि लोकतान्त्रिक मूल्यमान्यतामा आधारित जिम्मेवार भूमिका निर्वाह गर्न सकिरहेको छैन । निर्वाचन परिणाम आइसकेपछिको नेपाली काँग्रेसको कामचलाउ सरकारले गरेका निर्णय तथा काम अलोकतान्त्रिक र गलत मात्र होइन, गैरजिम्मेवार तथा घातक पनि रहे । नेकांको नेतृत्वले सरकारको विरोध गर्न सय दिन पनि नकुर्ने घोषणा गरेबाट प्रतिपक्षको भूमिका रचनात्मक होइन, निषेधात्मक हुने सङ्केत गर्दछ ।

वामपन्थीहरूको बहुमत आएदेखि नै एकातिर आम जनतामा वामपन्थी सरकार गठनको व्यग्रता र सरकारबाट परिवर्तनको तीव्र अपेक्षा देखिएको थियो । वामपन्थी गठबन्धनको सरकार बनेपछि पार्टीएकता हुन नदिन विभिन्न दाउपेच भैरहेको देखिएको छ । उक्त दाउपेचलाई असफल पार्दै पार्टी एकीकृत भइसकेको अहिलेको अवस्थामा वामपन्थी सरकारलाई प्रभावकारी तथा परिणाममुखी ढङ्गले काम गर्न नदिने कोसिस हुनेछन् भन्ने कुरामा पनि सजगताको आवश्यकता छ । निर्वाचनबाट जनताले स्थीर सरकार मार्फत राजनीतिक स्थायित्वको पक्षमा जनादेश दिएका छन् । हाम्रो सरकारले पूरा अवधि मुलुकको नेतृत्व गर्नेछ । सरकारको नेतृत्वमा समृद्धिको अभियानले राजनीतिक स्थीरताको थप बलियो

आधार प्रदान गर्नेछ । तर राजनीतिक स्थायित्वका लागि संविधानप्रदत्त अधिकार जनताको सबै हिस्साले व्यवहारमा उपभोग गर्नपाउने कुरा सुनिश्चित गरिनु पर्दछ । त्यसका लागि आवश्यक कानुनको निर्माण समयमै गर्दै व्यावहारिक प्रत्याभूति पनि गरिनुपर्दछ । त्यसका अतिरिक्त उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको असहमति, असन्तुष्टि, मनोविज्ञान र अपेक्षालाई सम्बोधन गर्न पनि त्यत्तिकै ध्यान दिनु पर्दछ ।

तत्कालीन रूपमा अत्यन्त महत्त्वपूर्ण रहेको अर्को पक्ष हो, सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित काम पूरा गरेर शान्तिप्रक्रियाको बाँकी काम पनि सम्पन्न गर्नु । यो अति संवेदनशील विषय पनि हो । यसलाई विभिन्न शक्तिहरूले गतिरोध, अस्थिरता वा द्वन्द्वका निम्ति प्रयोग गर्न सक्छन् । हाम्रो अगाडि नेपाली समाजको आर्थिक-सामाजिक रूपान्तरणको ऐतिहासिक सम्भावना र अवसर छ भने सँगसँगै गम्भिर चुनौतीहरू पनि हाम्रा सामु छन् । सबै प्रकारका प्रतिक्रियावादी, हस्तक्षेपकारी, आत्मसमर्पणवादी, दलाल शक्ति र तत्त्वहरूले हाम्रो प्रगतिको बाटोमा अवरोध उत्पन्न गर्ने र असफल पार्ने दुष्प्रयत्न गर्नेछन् । हामीले यस्ता दुष्प्रयत्नलाई असफल पार्दै समाजवादको आधार निमार्ण गर्ने काम सफल पार्नु पर्दछ । हामीमाथि सरकारमा गएपछि राष्ट्रियताको प्रश्नमा अडान छाड्ने गरेको वा स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्न नसकेको कथित आरोप लगाउने गरिएको छ । हाम्रो व्यवहारले यो आरोपलाई पूर्ण रूपमा खण्डन गर्नेछ । हामी राष्ट्रियताको नीतिमा अविचल रहनेछौं । छिमेकी लगायत सबै अन्तर्राष्ट्रिय मित्रहरूसँग राष्ट्रिय हितलाई केन्द्रमा राखेर समानता र पारस्परिक लाभको आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गर्ने छौं ।

## राजनीतिक शक्तिहरूको विश्लेषण नेपाल

नेपाल कम्युनिष्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि हो । यसले वर्गीय तथा सामाजिक उत्पीडनमा परेका सबै उत्पीडित समुदाय, देशभक्त शक्तिहरू र आमजनसमुदायको हितको समेत प्रतिनिधित्व गर्दछ । यसले राष्ट्रिय पुँजीवाद र राष्ट्रिय पुँजीपति वर्गको हितको पनि रक्षा गर्दछ । हाम्रो पार्टी सामन्तवाद विरोधी पुँजीवादी जनवादी क्रान्तिको मूल नेता हो । मार्क्सवाद-लेनिनवाद पार्टीको पथप्रदर्शक सिद्धान्त हो । समाजवाद रणनीतिक लक्ष्य हो । सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा सम्पूर्ण उत्पीडित वर्ग एवम् समुदाय र आम समुदायलाई गोलबद्ध गरी शान्तिपूर्ण प्रतिस्पर्धाको बाटोबाट अघि बढ्दै समाजवादको निर्माण गर्नु यसको आम राजनीतिक कार्यदिशा हो ।

संविधानको कार्यान्वयन एवम् परिमार्जन, शान्तिपूर्ण प्रतिस्पर्धाबाट सरकार निर्माण, राष्ट्रिय स्वाधीनताको रक्षा, सामाजिक न्यायसहितको समृद्धि, राष्ट्रिय एकता तथा सामाजिक सद्भाव र समाजवादको आधार निर्माण पार्टीकोमुख्य कार्यभार र विशिष्ट राजनीतिक कार्यदिशा हो । जुनसापेक्ष रूपमा लामो अवधिसम्मका लागि कायम रहनेछ । यतिबेला सामाजिक न्यायसहितको समृद्धिलाई नै पार्टीले केन्द्रबिन्दुमा राखेको छ । यो देशभक्तिपूर्ण आन्दोलनको अगुवा शक्ति हो ।

झापा विद्रोहको पृष्ठभूमि हुँदै लामो समयदेखि शान्तिपूर्ण जनआन्दोलन तथा संसदीय सङ्घर्षको नेतृत्व गर्दै आएको र नयाँ संविधान अन्तर्गतको चुनावमा मुलुकको पहिलो पार्टी बन्न सफल नेकपा (एमाले) र 'जनयुद्ध' को नेतृत्व गर्दै शान्ति प्रक्रिया मार्फत मुलुकमा नेतृत्वदायी र महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेकपा (माओवादी केन्द्र)का बीचमा एकीकरण भई निर्माण भएको हाम्रो पार्टी मुलुकलाई समृद्धि र समाजवादको बाटोमा अघि बढाउन र त्यस उद्देश्यका लागि अन्य कम्युनिष्ट समूहलाई पनि एकताबद्ध पार्न गम्भीर एवम् दृढ रहेको छ ।

यो एकता मूलतः २०१९ सालमा विभाजित भएको कम्युनिष्ट पार्टीलाई आ-आफ्नो पहलमा पुर्नगठन एवम् ध्रुवीकरण गर्दै अघि बढिरहेका दुई ठूला कम्युनिष्ट पार्टीहरूको एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्ने ऐतिहासिक कदम हो । यो नेपाली क्रान्तिको कार्यभारलाई पूरा गर्ने ऐतिहासिक निर्णय पनि हो । पार्टीले नयाँ सन्दर्भले माग गरेअनुरूप विचार एवम् राजनीतिक कार्यदिशाको विकासको आवश्यकतालाई पनि महत्त्वका साथ आत्मसात् गरेको छ । नेपाल कम्युनिष्ट पार्टी नै नेपाली जनताको आशा र भरोसाको केन्द्र हो ।

**नेपाली काँग्रेस :** नेपाली काँग्रेस नेपाली पुंजीपति वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो । सामन्तवाद विरोधी पुंजीवादी क्रान्तिको नेतृत्व गर्ने अवसर पाए पनि ढुलमुले, सम्झौतापरस्त र दलाल प्रवृत्तिको कारणबाट यसको नेतृत्वमा लोकतान्त्रिक क्रान्तिले पूर्णता प्राप्त गर्न सकेन । यद्यपि यसले लोकतान्त्रीकरणको प्रक्रिया र लोकतान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

नेपालको दलाल तथा नोकरशाही पुंजीपति वर्गको मुख्य हिस्साको प्रतिनिधित्व नेपाली काँग्रेसले नै गरेको छ । त्यसैले अन्तर्राष्ट्रिय एकाधिकार पुंजीवादशंग यसको घनिष्ट एवम् अन्योन्याश्रित सम्बन्ध छ । यसको नवउदारवादी आर्थिक नीतिको अन्धानुकरणलाई यसै परिप्रेक्ष्यमा बुझ्नुपर्दछ । उसको यही आर्थिक नीतिकै कारणबाट काँग्रेस नेतृत्वको लामो अवधिमा पनि देशमा उत्पादक शक्तिको विकासले गति लिनसकेन र आर्थिक विकास हुनसकेन । नेपाली काँग्रेसको वर्गचरित्रमा आधारित नवउदारवादी नीतिकै कारणबाट उसले लगाउने गरेको 'प्रजातान्त्रिक समाजवाद' को नारा औपचारिकता र ढोंगमा परिणत भएको छ ।

नेपाली काँग्रेस राष्ट्रिय स्वाधीनता र हितका सन्दर्भमा दृढतापूर्वक उभिन सकेको छैन । ऊ सरकारको नेतृत्वमा हुंदा कैयौं पटक राष्ट्रिय हितविपरीत सन्धिसम्झौता र राष्ट्रियतामाथि आघात पुऱ्याउने निर्णय भएका छन् ।

२००७ सालको दिल्ली सम्झौतादेखि २०७२ सालको नाकाबन्दीसम्मका प्रमुख घटनाहरूमा यसले राष्ट्रियहीत र स्वाधीनताको पक्षमा अडान लिनुको साटो आत्मसमर्पणवादी नीति लिँदै आएको छ । राष्ट्रियताको मुद्दामा सम्झौतापरस्त नीति यसको प्रवृत्ति नै बन्न पुगेको छ । नेपालको लोकतान्त्रिक सङ्घर्षको पूरानो पार्टी भएर पनि यो लोकतान्त्रिक मूल्यमान्यतामा खरो उत्रन सकेको छैन ।

सरकारमा रहंदा यसले पटक-पटक अलोकतान्त्रिक निर्णय र काम गर्ने गरेको छ । भ्रष्टाचारविरूद्ध आफूलाई खडा गर्न नसकेको मात्र होइन, यसले कैयौं सन्दर्भमा भ्रष्टहरूको संरक्षणसमेत गरेको छ । विगतमा हामीले सामन्तवादविरूद्धको सङ्घर्षमा पटक-पटक नेपाली काङ्ग्रेससंग सहकार्य गरेका छौं, र भविष्यमा पनि संविधान कार्यान्वयन, राष्ट्रियताको रक्षा र समृद्धिको सवालमा जति हदसम्म ऊ तयार रहन्छ, त्यति हदसम्म सहकार्य गर्ने नीति लिइनेछ । तर वर्गीय, वैचारिक र राजनीतिक रूपमा कम्युनिष्ट आन्दोलन र सर्वहारा श्रमजीवी वर्गले प्रतिस्पर्धा गर्नुपर्ने मुख्य शक्ति भने नेपाली काँग्रेस नै हो ।

**तराई मधेश केन्द्रित पार्टी:** पछिल्लो समयमा यसमा मुख्यतः दुई समूह देखापरेका छन्: संघीय सजमावादी फोरम, नेपाल र राष्ट्रिय जनता पार्टी, नेपाल । कतिपय सवालमा यी दुवै पार्टीको नीति समान देखिए पनि यी दुईमा कतिपय प्रश्नमा भिन्नता छन् । कतिपय बेला ढुलमुल देखिए पनि संघीय सजमावादी फोरम राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनताको पक्षमा तुलनात्मक रूपमा सही ढङ्गले उभिने गरेको छ । यसले समाजवाद उन्मुखसमावेशी लोकतन्त्रलाई पनि सकारात्मक रूपमा आत्मसात् गरेको छ । जातीय, भाषिक र संघीयताको सन्दर्भमा यसको सोच र नीतिमा केही सङ्कीर्णता र अतिवाद प्रकट हुनेगरेका छन् । यसका त्यस्तो सोच, नीति र कमजोर पक्षको आलोचना गर्दै यससंग सहकार्य गर्न सकिन्छ ।

**राजपा, नेपाल :** जातीय, भाषिक र संघीयताको विषयमा अतिवादको पक्षपोषण गर्दछ । यसले मजदुर किसान, गरीब, सर्वहारा श्रमजीवी वर्गको हितको पक्षपोषण गर्दैन, बरू तिनका विरूद्धमा उभिने गर्दछ । राष्ट्रिय स्वाधीनता र हितका

सन्दर्भमा यसले आत्मसमर्पणवादी नीति अवलम्बन गर्नेगरेको छ । कतिपय बेला यसका विभिन्न नेताहरूबाट बाह्य शक्तिको हित गर्ने र विखण्डनकारी विचार पनि प्रकट हुनेगरेका छन् । मूलतः यसले तराई-मधेशका बचे खुचेको सामन्त र दलाल पूंजीपति वर्गको एउटा हिस्साको प्रतिनिधित्व गर्दछ । संविधानको कार्यान्वयन एवम् देश तथा जनताको हितको विषयमा यसले जति हदसम्म आफूलाई प्रस्तुत गर्दछ, त्यति हदसम्म यससंग सहकार्य हुनसक्छ । तराई-मधेशमा नेपाललाई कमजोर पार्ने गुरूयोजना अनुरूप केही समय यता विखण्डनकारी प्रवृतिले टाउको उठाउन खोजिरहेको छ । नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान र नेपालको अस्मितामा आँच पुऱ्याउने क्रियाकलाप भैरहेको छ । कतिपय विदेशी शक्ति र संस्थाहरूको आर्थिक सहयोग र प्रोत्साहनमा क्रियाशील हुन थालेको यो प्रवृत्ति अत्यन्त घातक छ । यसले नेपाली राष्ट्रिय सार्वभौमिकता र भौगोलिक अखण्डतालाई अस्वीकार गर्दै तराई-मधेशलाई छुट्टै देश बनाउने घोषणा गरेको छ । राज्यले यसलाई गम्भीरतापूर्वक लिनु पर्दछ र विखण्डनकारी प्रवृतिलाई कुनै छुट दिनुहुँदैन ।

संघीय सजमावादी फोरम र राजपा दुवैलाई राष्ट्रिय राजनीतिको मूलधारमा रहन प्रोत्साहित गर्दै तराई मधेसमा देखापरेको पृथकतावादी प्रवृत्तिको विरूद्ध सम्भव भएसम्म यी दुवै दलसँग एकता र सहकार्य गर्ने नीति लिनुपर्दछ ।

## अन्य कम्युनिष्ट समूहहरू

अन्य कम्युनिष्ट तथा वामपन्थी शक्तिहरू नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेमकिपा र अन्य कम्युनिष्ट तथा वामपन्थी समूहहरू पनि राजनीतिमा क्रियाशील छन् । उनीहरूका जडसूत्रीय, सङ्कीर्ण, आत्मकेन्द्रित चिन्तन, नीति र व्यवहारको आलोचना गर्दै उनीहरूलाई एकतामा सामेल गर्ने पहल र प्रयत्न अघि बढाउनु पर्दछ । उनीहरूसंग राष्ट्रियता, लोकतन्त्र, समृद्धि र समाजवादका विषयमा कार्यगत एकता र सहकार्यको नीति लिइनेछ । तर उनीहरूका गलत नीति र व्यवहारका विरूद्ध सैद्धान्तिक र वैचारिक सङ्घर्ष गर्ने हाम्रो नीति स्पष्ट छ ।

नेत्रविक्रम चन्द समूहले उग्रवामपन्थी प्रवृत्तिको प्रतिनिधित्व गरिरहेको छ । नेपाली जनताको बलिदान र सङ्घर्षबाट प्राप्त परिवर्तन र त्यसलाई संस्थागत गर्ने संविधानलाई अस्वीकार गर्दै पुनः सशस्त्र सङ्घर्षलाई तत्कालीन कार्यसूची बनाउने वकालत गरिरहेको छ । यो नेपालको आजको आवश्यकता र परिस्थितिसंग पट्टकै मेल नखाने काम हो । यसले ऐतिहासिक परिवर्तनलाई कमजोर पार्ने र यसलाई उल्ट्याउन तथा नेपालमा अस्थिरता उत्पन्न गर्न चाहने विभिन्न शक्ति तथा प्रवृत्तिलाई बल पुऱ्याउने कार्य गर्दछ । यसको मनोगतवादी - एवम् उग्रवामपन्थी प्रवृत्तिको कडा आलोचना गर्दै यसलाई राजनीतिको मूलधारमा ल्याउने प्रयत्न गर्नु पर्दछ ।

राप्रपा : पूर्वपञ्चहरूको पार्टी राप्रपा अहिले तीन समूहमा विभाजित छ । यी तीनवटै पार्टीले मूलतः सामन्तवादी अवशेषको प्रतिनिधित्व गर्दछन् । यी तीनवटै समूहहरूले हिन्दु राज्यको नाममा धर्मलाई राजनीतिको अस्त्र बनाउन खोजिरहेका छन्। अहिलेको निर्वाचनबाट राप्रपाका सबै समूहहरू जनताबाट पूरै अस्वीकृत भएका छन् ।

## नेपाली कम्युनिष्ट आन्दोलन र पार्टी एकीकरण

१. **कम्युनिष्ट पार्टीको स्थापनाः** एक ऐतिहासिक परिघटना नेपाली सर्वहारा-श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधिका रूपमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ साल वैशाख १० गते (अप्रिल २२, १९४९) मा भएको थियो । नेपालको राजनीतिक इतिहासको महत्त्वपूर्ण परिघटनाका रूपमा कम्युनिष्ट पार्टीको स्थापना भएसँगै सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको आन्दोलन गुणात्मक रूपमा नयाँ चरणमा प्रवेश गऱ्यो । कम्युनिष्ट पार्टीले देशभक्तिपूर्ण युद्ध, सामाजिक सुधारका अभियान एवम् प्रजातान्त्रिक आन्दोलनजस्ता नेपाली जनताका आन्दोलनका पूर्ववर्ती धाराहरूलाई समेट्दै नयाँ चरणमा विकसित गऱ्यो । राष्ट्रिय एकीकरण एवम् अङ्ग्रेज उपनिवेशवाद विरूद्धको देशभक्तिपूर्ण युद्धका क्रममा निर्मित एवम् विकसित नेपाली राष्ट्रियताको धारा अपमानपूर्ण सुगौली सन्धिपश्चात् कमजोर भएको थियो । सामन्तवाद विरूद्ध प्रकट भएका विभिन्न सामाजिक सुधारका आन्दोलनहरू पनि उपयुक्त वैचारिक मार्गदर्शन र सङ्गठनात्मक सामर्थ्यका अभावमा सफल हुन सकिरहेका थिएनन् । वि.सं. १९९० को दशकबाट सुरू भएको प्रजातान्त्रिक आन्दोलन पनि नृशंस दमन एवम् १९९७ मा भएको शहादतसँगै शिथिल जस्तो बनिरहेको थियो । आन्दोलनका यी धाराहरूलाई समेत प्रतिनिधित्व गर्दै सामन्तवाद-साम्राज्यवाद विरूद्ध जनवादी क्रान्तिको सही नेतृत्व गर्नसक्ने प्रगतिशील शक्तिको आवश्यकता पूरा गर्ने क्रममा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो ।

दोस्रो विश्वयुद्धको पूर्वसन्ध्यादेखि सीमित मात्रामै भए पनि केही उद्योग स्थापना र कम्पनी कानुन, नेपाल बैङ्क लगायतका संरचना निर्माणसँगै नेपालमा पुँजीवादी

उत्पादन प्रक्रिया आरम्भ हुनुका साथै नेपाली श्रमिक वर्गको उदय भयो । २००३ सालमा विराटनगरको पहिलो मजदुर आन्दोलनसँगै यसले वर्गीय आन्दोलन सङ्गठित गऱ्यो । नयाँ उत्पादक शक्तिका रूपमा श्रमिक वर्गको उदयसँगै यसको राजनीतिक प्रतिनिधिका रूपमा कम्युनिष्ट पार्टी स्थापनाका लागि वस्तुगत आधार तयार भयो । सन् १९१७ मा अक्टोबर क्रान्तिसँग सुरु भएको सर्वहारा क्रान्तिको नयाँ युगले संसारभर सजमावादी आन्दोलनका लागि नयाँ प्रेरणा प्रदान गऱ्यो ।

विभिन्न मुलुकमा कम्युनिष्ट पार्टी स्थापित भए र आफ्नो विशिष्ट परिस्थिति अनुसार कतै राष्ट्रिय स्वतन्त्रता युद्ध त कतै सामन्तवाद विरोधी जनवादी क्रान्तिका रूपमा आन्दोलन अगाडि बढ्दै गए । दोस्रो विश्वयुद्धमा फासीवादको पराजयसँगै विश्वव्यापी रूपमै निर्माण भएको क्रान्तिको अनुकूल परिस्थितिका क्रममा सन् १९४९ मा चीनमा जनवादी क्रान्ति सफल भयो र पूर्वी युरोपका विभिन्न मुलुकहरू, भियतनाम, कोरिया लगायतका मुलुकमा सजमावादी र जनवादी क्रान्ति सम्पन्न भए । भारतलगायत एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विभिन्न मुलुकहरूले उपनिवेशवाद विरोधी स्वतन्त्रता सङ्ग्राममा अभूतपूर्व विजय हासिल गरे । यी सबैले नेपाली जनतालाई पनि प्रत्यक्ष र परोक्ष रूपमा प्रेरित र जागृत गरे । यिनै ऐतिहासिक पृष्ठभूमि, सामाजिक- आर्थिक सन्दर्भ र वस्तुगत परिस्थितिमा नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको थियो । कम्युनिष्ट पार्टी स्थापनापूर्व नै प्रजा परिषद र नेपाली राष्ट्रिय काँग्रेस जस्ता राजनीतिक पार्टीहरू स्थापना भइसकेको भए पनि तिनबाट सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताको ऐतिहासिक अभिभारा पूरा हुनु सम्भव थिएन । प्रजा परिषद १९९७ को चरम दमनसँगै क्षतविक्षत जस्तै बन्नपुगेको थियो भने मूलतः उदार सामन्त तथा ठूला पुँजिपति वर्गको प्रतिनिधित्व गर्ने काँग्रेससँग सामन्तवाद विरूद्ध निर्णायक सङ्घर्ष गर्ने, साम्राज्यवाद र विदेशी प्रभुत्वको विरोध गर्ने तथा जनताको भावना अनुरूप सामाजिक आर्थिक रूपान्तरण गर्ने सोच र सामर्थ्य थिएन । यिनै निष्कर्षका साथ कमरेड पुष्पलाल, तुलसीलाल अमात्य, निर्मल लामा जस्ता अग्रजहरूले नेपाली राष्ट्रिय काँग्रेसबाट विद्रोह गर्नुभएको थियो ।

कमरेड पुष्पलालले कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवाद (वि.सं. २००५) को भूमिकामा नयाँ क्रान्तिकारी पार्टी र नयाँ क्रान्तिकारी सिद्धान्तको आवश्यकता औंल्याउनु भएको थियो । यसै पृष्ठभूमिमा, २२ अप्रिल १९४९ (१० वैशाख २००६) का दिन कलकत्ताको श्यामबजारमा कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । पार्टीले राणाशासनको अन्त्य र नागरिक अधिकारको

...आधारहरू • २५३

उत्पादन प्रक्रिया आरम्भ हुनुका साथै नेपाली श्रमिक वर्गको उदय भयो । २००३ सालमा विराटनगरको पहिलो मजदुर आन्दोलनसँगै यसले वर्गीय आन्दोलन सङ्गठित गऱ्यो । नयाँ उत्पादक शक्तिका रूपमा श्रमिक वर्गको उदयसँगै यसको राजनीतिक प्रतिनिधिका रूपमा कम्युनिष्ट पार्टी स्थापनाका लागि वस्तुगत आधार तयार भयो । सन् १९१७ मा अक्टोबर क्रान्तिसँग सुरु भएको सर्वहारा क्रान्तिको नयाँ युगले संसारभर सजमावादी आन्दोलनका लागि नयाँ प्रेरणा प्रदान गऱ्यो ।

विभिन्न मुलुकमा कम्युनिष्ट पार्टी स्थापित भए र आफ्नो विशिष्ट परिस्थिति अनुसार कतै राष्ट्रिय स्वतन्त्रता युद्ध त कतै सामन्तवाद विरोधी जनवादी क्रान्तिका रूपमा आन्दोलन अगाडि बढ्दै गए । दोस्रो विश्वयुद्धमा फासीवादको पराजयसँगै विश्वव्यापी रूपमै निर्माण भएको क्रान्तिको अनुकूल परिस्थितिका क्रममा सन् १९४९ मा चीनमा जनवादी क्रान्ति सफल भयो र पूर्वी युरोपका विभिन्न मुलुकहरू, भियतनाम, कोरिया लगायतका मुलुकमा सजमावादी र जनवादी क्रान्ति सम्पन्न भए । भारतलगायत एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विभिन्न मुलुकहरूले उपनिवेशवाद विरोधी स्वतन्त्रता सङ्ग्राममा अभूतपूर्व विजय हासिल गरे । यी सबैले नेपाली जनतालाई पनि प्रत्यक्ष र परोक्ष रूपमा प्रेरित र जागृत गरे । यिनै ऐतिहासिक पृष्ठभूमि, सामाजिक- आर्थिक सन्दर्भ र वस्तुगत परिस्थितिमा नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको थियो । कम्युनिष्ट पार्टी स्थापनापूर्व नै प्रजा परिषद र नेपाली राष्ट्रिय काँग्रेस जस्ता राजनीतिक पार्टीहरू स्थापना भइसकेको भए पनि तिनबाट सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताको ऐतिहासिक अभिभारा पूरा हुनु सम्भव थिएन । प्रजा परिषद १९९७ को चरम दमनसँगै क्षतविक्षत जस्तै बन्नपुगेको थियो भने मूलतः उदार सामन्त तथा ठूला पुँजिपति वर्गको प्रतिनिधित्व गर्ने काँग्रेससँग सामन्तवाद विरूद्ध निर्णायक सङ्घर्ष गर्ने, साम्राज्यवाद र विदेशी प्रभुत्वको विरोध गर्ने तथा जनताको भावना अनुरूप सामाजिक आर्थिक रूपान्तरण गर्ने सोच र सामर्थ्य थिएन । यिनै निष्कर्षका साथ कमरेड पुष्पलाल, तुलसीलाल अमात्य, निर्मल लामा जस्ता अग्रजहरूले नेपाली राष्ट्रिय काँग्रेसबाट विद्रोह गर्नुभएको थियो ।

कमरेड पुष्पलालले कम्युनिष्ट घोषणापत्रको नेपाली अनुवाद (वि.सं. २००५) को भूमिकामा नयाँ क्रान्तिकारी पार्टी र नयाँ क्रान्तिकारी सिद्धान्तको आवश्यकता औंल्याउनु भएको थियो । यसै पृष्ठभूमिमा, २२ अप्रिल १९४९ (१० वैशाख २००६) का दिन कलकत्ताको श्यामबजारमा कमरेड पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । पार्टीले राणाशासनको अन्त्य र नागरिक अधिकारको

स्थापनाको नाराका साथ सामन्तवाद, साम्राज्यवाद र दलाल नोकरशाही पुँजीवाद विरोधी जनवादी क्रान्ति एवम् समाजवाद तथा साम्यवाद स्थापनाको तत्कालीन र दीर्घकालीन लक्ष्य किटान गऱ्यो । यसका लागि सर्वहारा श्रमजीवी वर्गको नेतृत्व अपरिहार्य रहेको स्पष्ट पार्दै मजदुर, किसान, विद्यार्थी तथा महिलाहरूलाई जागृत गर्ने, स्थानीय तहमा क्रान्तिकारी समिति गठन गर्ने र जनविद्रोह सङ्गठित गर्ने कार्यदिशा तय गऱ्यो । अप्रिल २२, १९४९ मा प्रकाशित पहिलो पर्चा तथा सेप्टेम्बर १५ मा जारी घोषणापत्रमा यी दृष्टिकोणहरू उल्लेख छन् ।

- कम्युनिष्ट आन्दोलनका गौरवशाली ६८ वर्षहरू २००७ को दिल्ली सम्झौताले उत्कर्षमा पुगिरहेको राणाशासन विरोधी आन्दोलनलाई बीचमै अवरूद्ध पारिदियो । नेपाली काँग्रेस दिल्ली सम्झौतालाई स्वागत गर्दै मोहन समशेर नेतृत्वको सरकारमा सहभागी भयो भने नेपाल कम्युनिष्ट पार्टी लगायत लोकतन्त्रवादी तथा देशभक्त शक्तिहरूले सम्झौताको विरोध गर्दै क्रान्तिलाई निर्णायक बिन्दुमा पुऱ्याउन आन्दोलन जारी राखे ।

भीमदत्त पन्त, रामप्रसाद राई, के. आई. सिंह लगायतको नेतृत्वमा भएका विद्रोहहरूलाई भारतीय सुरक्षा फौज समेत भित्र्याएर निर्ममतापूर्वक दमन गरियो । नेपाली काँग्रेस नेतृत्वको सम्झौतापरस्त, यथास्थितिवादी तथा विदेशपरस्त प्रवृत्तिका विरूद्ध नेपाल कम्युनिष्ट पार्टीले क्रान्तिकारी, देशभक्तिपूर्ण तथा सजमावादी धारको नेतृत्व गर्दै आन्दोलन अगाडि बढाउन हरसम्भव प्रयत्न गऱ्यो ।

२००८ सालमा प्रतिबन्धित भएसँगै पार्टीले विभिन्न वैधानिक मोर्चा तथा जनसङ्गठन निर्माण गर्दै सामन्तवाद विरोधी जनवादी क्रान्तिलाई जारी राख्यो । २००९ देखि १३ सालसम्ममा बारा, पर्सा र रौतहटमा भएका किसान विद्रोह, गुल्मी, तनहुँ, तेह्रथुमलगायत विभिन्न ठाउँमा भएका स्थानीय सामन्त विरोधी आन्दोलन, कोशी र गण्डक सम्झौता विरोधी राष्ट्रिय हितका सङ्घर्षहरू एवम् संविधानसभाको निर्वाचनका लागि निरन्तर दबाब तत्कालीन अवस्थामा कम्युनिष्ट पार्टीको नेतृत्वमा सञ्चालित महत्त्वपूर्ण आन्दोलनहरू थिए । नेपालको राजनीति कम्युनिष्ट नेतृत्वको क्रान्तिकारी धारा र नेपाली काँग्रेस नेतृत्वको यथास्थितिवादी धाराका रूपमा ध्रुवीकृत हुँदै गयो ।

संस्थापक महासचिव कमरेड पुष्पलाललाई नेतृत्वबाट विस्थापन गरिएसँगै नेपाल कम्युनिष्ट पार्टीमा वैचारिक र सङ्गठनात्मक विचलन देखा पऱ्यो । पार्टीको पहिलो महाधिवेशन (२०१०) मै देखा पर्न थालेको दक्षिणपन्थी प्रवृत्ति, केशरजङ्ग



रायमाझी महासचिव बनेसँगै दक्षिणपन्थी अवसरवादका रूपमा प्रकट भयो। पार्टीको दोस्रो महाधिवेशन (२०१४) मा पार्टीको कार्यक्रम नै परिवर्तन गर्ने रायमाझीको दुष्प्रयासलाई कमरेड पुष्पलालको पहलमा विफल पारिएपनि महाधिवेशनबाट पारित गणतन्त्रको कार्यक्रमलाई रायमाझी नेतृत्वले अगाडि बढाउने काम गरेन । यस बीचमा शक्तिशाली बन्दै गएको राजतन्त्रले संविधानसभा निर्वाचनको पूर्व प्रतिबद्धतालाई लत्याएर आफ्नै नेतृत्वमा जारी संविधानको मातहत संसदीय निर्वाचन गर्ने घोषणा गऱ्यो । यससँगै नेपाली काँग्रेस संविधानसभाको मागबाट पछि हट्यो ।

दक्षिणपन्थी अवसरवादी नेतृत्वका कारण प्रतिगामी षड्यन्त्र विरूद्ध कम्युनिष्ट पार्टीको प्रतिरोधी क्षमता क्रमशः कमजोर हुँदै गयो । नेपाली काँग्रेसको अहं तथा अल्पदृष्टि, साना पार्टीहरूको सत्ता मोह एवम् कम्युनिष्ट पार्टीको नेतृत्वमा उत्पन्न दक्षिणपन्थी सोचबाट लाभ उठाउँदै राजा महेन्द्रले २०१७ साल पुसमा संसदीय व्यवस्था र जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै तानाशाही व्यवस्था लागू गरे । त्यसविरूद्ध छिटफुट विरोध भए पनि तत्काल सशक्त प्रतिरोध हुनसकेन । पार्टीलाई दक्षिणपन्थी अवसरवादबाट मुक्त गर्ने, राजाको तानाशाही विरूद्ध सशक्त प्रतिवाद गर्ने र जनवादी क्रान्तिलाई अगाडि बढाउने उद्देश्यका साथ आयोजित दरभङ्गा प्लेनमले केशरजङ्ग रायमाझीलाई कार्वाही गरी महासचिवबाट हटाएर पार्टी पुनर्गठनको पहल गऱ्यो । २०१९ सालमा आयोजित तेस्रो महाधिवेशनले रायमाझीलाई पार्टीबाट निष्कासन गऱ्यो । तर महाधिवेशनबाट पारित 'राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम' र 'सर्वाधिकार सम्पन्न संसद्को स्थापना' को नाराले आन्दोलनलाई सही दिशावोध गराउन सकेन ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखा परेका विभाजन, सोभियत र चिनियाँ कित्तामा भएको ध्रुवीकरण र नेतृत्वको विवादजस्ता बाह्य र आन्तरिक कारणले नेपाली कम्युनिष्ट आन्दोलन समेत प्रभावित भयो । केन्द्रमा अलग-अलग धारहरू निर्माण हुन थालेसँगै मातहतका कमिटीहरूले आफूलाई केन्द्रबाट अलग घोषणा गर्ने, आ-आफ्नै ढङ्गले सङ्गठन सञ्चालन गर्ने र कतिपय नेताहरूले आत्मसमर्पण र पलायनको बाटो लिने जस्ता कारणले नेपाली कम्युनिष्ट आन्दोलनमा विभाजन र विखण्डनका शृङ्खला सुरू भए । कमरेड पुष्पलालले तेस्रो राष्ट्रिय सम्मेलन (२०२५) मार्फत पार्टीलाई वैचारिक र सङ्गठनात्मक रूपमा पुनर्गठन गर्ने प्रयास गर्नु भयो, तर त्यसमा आन्दोलनका सबै धारा समेटिने स्थिति बन्न सकेन । यसै पृष्ठभूमिमा भएको झापा विद्रोह (२०२७-२८) ले नेपालको कम्युनिष्ट आन्दोलनमा ठूलो तरङ्ग सिर्जना गऱ्यो । यसले एकातिर राजतन्त्र

विरूद्ध सशक्त विद्रोहको उद्‌घोष गऱ्यो भने अर्कातिर कम्युनिष्ट आन्दोलनमा उत्पन्न शिथिलता र अकर्मण्यताका विरूद्ध बलिदान, विद्रोह र पुनर्गठनको नयाँ ऊर्जा समेत प्रवाह गऱ्यो ।

प्रतिकूल राजनीतिक शक्ति सन्तुलन एवम् आन्दोलनमा देखा परेको उग्रवाम प्रवृत्तिका कारण आन्दोलनमाथि चरम दमन भयो, तर यसले सिर्जना गरेको प्रभाव रोकिएन । यो प्रवाह २०३२ सालमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले), २०३५ सालमा नेकपा (माले) र २०४७ सालमा नेकपा (एमाले) का रूपमा विकसित हुँदै नयाँ शक्तिका रूपमा अगाडि बढ्यो । कमरेड पुष्पलालको निधन पश्चात् गठित नेकपा (मार्क्सवादी) पनि यही धारासँग एकीकृत भयो ।

अर्कातिर केन्द्रीय न्युक्लियसहुँदै शुरू भएको अर्को धाराले २०३१ मा चौथो महाधिवेशन सम्पन्न गऱ्यो । यसले सामन्तवाद विरोधी क्रान्तिकारी युवाहरूलाई सङ्गठित गर्दै सशक्त शक्ति निर्माण गऱ्यो । यो २०४० को दशकमा चौथो महाधिवेशन, मशाल, मसाल र नेकपा (एकता केन्द्र) तथा २०५२ मा नेकपा (माओवादी) र अन्ततः एकीकृत नेकपा (माओवादी) र माओवादी केन्द्र हुँदै अगाडि बढ्यो ।

तीसको दशकदेखि नेपाली कम्युनिष्ट आन्दोलन मुख्यतया दुई धाराबीच ध्रुवीकृत भयो र यी धाराहरू बीचको प्रतिस्पर्धा, सहकार्य, सङ्घर्ष, पारस्परिक प्रभाव र एकताको प्रक्रिया हुँदै कम्युनिष्ट आन्दोलन अगाडि बढ्दै आयो । कम्युनिष्ट आन्दोलनको विभाजनका वावजुद कम्युनिष्ट पार्टीका विभिन्न धाराहरूको नेतृत्वमा जनताको अधिकार प्राप्तिको आन्दोलन निरन्तर जारी रह्यो । स्ववियु गठन र राजनीतिक पार्टी खुला गर्नुपर्ने लगायत विभिन्न मागहरू राख्दै पटक-पटक भएका विद्यार्थी आन्दोलन, शिक्षक आन्दोलन, विभिन्न जिल्लामा भएका किसान र झोडा आन्दोलन, २०३५/३६ सालको मजदुर आन्दोलन कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका यस बीचका उल्लेखनीय आन्दोलनहरू थिए ।

त्यसरी नै सीमा अतिक्रमण, सिक्किम विलयन लगायत मुद्दामा राष्ट्रियताको आन्दोलनको नेतृत्व पनि कम्युनिष्ट पार्टीले नै गऱ्यो । महङ्गी र भ्रष्टाचार विरूद्ध, जमिनको अधिकारका निमित्त, अनिवार्य बचत फिर्ता गर्ने माग गर्दै भएको आन्दोलन, विभिन्न सरकारी ज्यादती विरूद्ध र जनजीविकाका आन्दोलनको अगुवाइ पनि कम्युनिष्ट पार्टीबाट नै भयो । यी आन्दोलनहरू मार्फत कम्युनिष्ट पार्टी नेपाली जनताको प्रतिनिधि पार्टीका रूपमा स्थापित हुँदै गयो । २०३५/३६ सालको आन्दोलन र जनमत सङ्ग्रहको घोषणासँगै खुकुलो राजनीतिक वातावरण



निर्माण हुँदै जाँदा कम्युनिष्ट पार्टीको प्रत्यक्ष अगुवाइमा विभिन्न जनसङ्गठनहरू क्रियाशील हुन थाले, सीमित रूपमै भए पनि वैधानिक गतिविधिहरू सञ्चालन भए । यसले पार्टीको जनाधार बलियो बनाउँदै लग्यो ।

यसै क्रममा २०४६ सालमा संयुक्त जनआन्दोलन सम्पन्न भयो, जसमा वामपन्थीहरूको महत्त्वपूर्ण भूमिका र नेतृत्व थियो । आन्दोलनलाई सामान्य सुधारमा सीमित राख्न चाहने नेपाली काँग्रेसको प्रयासलाई असफल पार्दै पञ्चायती व्यवस्थाको समूल अन्त्य गर्न, बहुदलीय राजनीतिक प्रणालीसहितको संविधान निर्माण गर्न कम्युनिष्टहरूले अग्रणी भूमिका खेले । यद्यपि, संविधानसभाको निर्वाचनको विषयमा भने तत्कालीन संयुक्त वाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलनबीच मतभिन्नता कायम रह्यो । यस अवधिमा मार्क्सवाद-लेनिनवादका आम सिद्धान्तहरूलाई नेपालको विशिष्ट परिस्थितिमा कार्यान्वयन गर्ने र नेपाली क्रान्तिका आफ्नै मौलिक विचार, नीति र बाटो निर्माणका निम्ति अथक प्रयास अगाडि बढाइयो ।

मार्क्सवादको गहन अध्ययन, विभिन्न स्वरूपमा प्रकट भएका दक्षिणपन्थी र उग्रवामपन्थी प्रवृत्तिहरूको आलोचना र नेपाली समाजको विशिष्ट परिस्थितिको सूक्ष्म अध्ययन गर्ने क्रममा नेकपा (माले) ले २०४६ सालको चौथो महाधिवेशनबाट बहुदलीय प्रतिष्पर्धासहितको जनवादी व्यवस्थाको नयाँ अवधारणा अगाडि साऱ्यो ।

कमरेड मदन भण्डारीले विश्व कम्युनिष्ट आन्दोलनका अनुभवहरू, सोभियत समाजवादी व्यवस्थाको असफलता र सोभियत सङ्घको विघटन एवम् नेपाली कम्युनिष्ट आन्दोलनका अनुभवहरूलाई संश्लेषण गर्दै जनताको बहुदलीय जनवादको अवधारणा प्रस्तुत गर्नुभयो, जसलाई नेकपा (एमाले) ले पाँचौ महाधिवेशनबाट नेपाली क्रान्तिको कार्यक्रम र छैटौं महाधिवेशनबाट नेपाली क्रान्तिको सिद्धान्तका रूपमा अवलम्बन गर्दै आएको छ । वामपन्थीहरूको पहिलो लोकप्रिय सरकार बनाएर सामाजिक न्यायका कामहरू अघि बढाउन र जनतालाई आन्दोलनमा नेतृत्व गर्दै गणतन्त्र सम्म ल्याई पुऱ्याउन नेकपा (एमाले) ले महत्त्वपूर्ण भूमिका खेल्यो ।

प्रतिकूल अवस्थामा नेपाली कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रियावादी एवम् प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनताको बीचमा लोकप्रिय र सुदृढ जनाधारसहित स्थापित गर्न एवम् वैधानिक ढङ्गबाट आन्दोलनलाई अगाडि बढाउन नेकपा (एमाले) को उल्लेखनीय योगदान रहेको छ ।

यसै अवधिमा सामन्तवाद र साम्राज्यवादको विरूद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न दीर्घकालीन जनयुद्धका रूपमा बलप्रयोग अनिवार्य रहेको निष्कर्षका साथ नेपालको ठोस परिस्थितिमा राजनीतिक र फौजी रणनीतिको विशिष्ट सन्तुलन कायम गर्दै कमरेड प्रचण्डको नेतृत्वमा नेकपा (माओवादी) ले २०५२ फागुन १ गतेदेखि जनयुद्धको पहल गर्‍यो । त्याग र वलिदानका कीर्तिमान कायम गर्दै माओवादी जनयुद्धले नेपाली राजनीतिमा नयाँ तरङ्ग र वहस सहित दूरगामी प्रभाव पार्‍यो । महिला, दलित, मधेसी, जनजाति लगायतका उत्पिडित वर्ग र समुदायलाई जागृत र सङ्गठित गर्न, राजनीतिमा समावेशीकरणका मुद्दालाई स्थापित गर्न, संविधानसभाको निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको आधार तयार पार्न माओवादी आन्दोलनले मूख्य भूमिका खेल्यो ।

वैचारिक, राजनीतिक सिद्धान्तको विकासका क्रममा कमरेड प्रचण्डकै नेतृत्वमा नेकपा (माओवादी) ले एक्काइसौं शताब्दीमा जनवादको विकास सम्बन्धी नयाँ अवधारणा सहित संविधानसभा र शान्ति सम्झौताको अन्तर-सम्बन्ध बारे ठोस कार्यक्रम समेत प्रस्तुत गर्‍यो । नेकपा (माओवादी) को यो पछिल्लो सैद्धान्तिक र राजनीतिक विकासले नेकपा (एमाले) सँग सहकार्य र सात राजनीतिक दलसँग समझदारीका साथ शान्ति सम्झौतामा हस्ताक्षर गर्ने स्तरसम्म देशलाई ल्याइपुर्‍याउन ठूलो योगदान गर्‍यो ।

लामो समयसम्म एक आपसमा प्रतिष्पर्धा, वैचारिक सङ्घर्ष र तिक्ततापूर्ण सम्बन्धसमेत रहेपनि आन्दोलनका यी दुई धारबीच निरन्तर संवाद र सम्पर्क पनि हुँदै आएको थियो । दुवै आन्दोलनले एक अर्कालाई प्रभावित पनि गर्दै आएका छन् । एक अर्काको वैचारिक राजनीतिक विकास तथा रूपान्तरणमा दुवैको योगदान रहेको छ । २०६१ साल माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले सम्पूर्ण शक्ति हातमा लिएर तानाशाही सत्ता स्थापित गरिसकेपछि आन्दोलनका दुवै धार एकै ठाउँमा उभिनै पर्ने र यसमा नेपाली काँग्रेस लगायत निरङ्कुशतन्त्र विरोधी सबै शक्तिलाई समेट्नै पर्ने ऐतिहासिक आवश्यकता उत्पन्न भयो ।

नेकपा (एमाले) ले गणतन्त्र स्थापनालाई कार्यनीतिक नारा बनाएपछि नेपाली काँग्रेसलाई समेत गणतन्त्रमा जान दबाब पर्‍यो । ने.क.पा. (माओवादी) ले संविधानसभा र गणतन्त्रलाई केन्द्रमा राखेर सङ्घर्ष गरिरहेकै थियो । यसै पृष्ठभूमिमा २०६२ साल मङ्सिर ७ गते १२ बुँदे समझदारीमा हस्ताक्षर भयो । यसले राजतन्त्र विरोधी सबै शक्तिहरूलाई एक ठाउँमा उभ्याउने काम गर्‍यो र आन्दोलनलाई गणतन्त्रको तहसम्म विकसित गर्न (यद्यपि नेपाली काँग्रेसको



द्विविधाका कारण समझदारी पत्रमा स्पष्ट रूपमा 'गणतन्त्र' उल्लेख नगरेर 'पूर्ण लोकतन्त्र' शव्दावली प्रयोग गरिएको थियो), तथा संविधानसभाको निर्वाचन, राज्यको अग्रगामी पुनर्संरचना र दश बर्षे सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा रूपान्तरण जस्ता विषयहरूमा सहमति कायम गर्‍यो ।

०६२/६३ को जनआन्दोलनको मुख्य राजनीतिक आधारका रूपमा रहेको १२-बुँदे समझदारीसँगै नेपालको लोकतान्त्रिक आन्दोलनले नयाँ उचाइ ग्रहण गर्‍यो । आन्दोलनलाई विघटित संसद्को पुनर्स्थापनामा सीमित गर्न चाहने नेपाली काँग्रेसलाई संविधानसभाको निर्वाचन र गणतन्त्रसम्म डोर्‍याउन हामीले निर्णायक भूमिका खेल्यौं । संविधानसभाबाट संविधान निर्माण गर्न तथा त्यसमा प्रगतिशील अन्तरवस्तु तथा सजमावादी विशेषता प्रदान गर्न वामपन्थीहरूको नेतृत्वदायी योगदान रह्यो ।

यसरी विगतका ६८ वर्षको गौरवपूर्ण इतिहासमा नेपालको कम्युनिष्ट आन्दोलनले विभिन्न कमी र सीमाका वावजुद युगान्तकारी भूमिका खेलेको छ र वर्तमान समयमा देशकै मुख्य राजनीतिक शक्तिका रूपमा स्थापित भएको छ ।

**पार्टी एकता :**

ऐतिहासिक आवश्यकता २०६२/६३ सालको जनआन्दोलन पछिका १२ वर्षको अवधिमा कम्युनिष्ट पार्टीका मुख्य दुई प्रतिनिधि शक्ति नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीचको सम्बन्धमा अनेकौं आरोह-अवरोहहरू देखिए । आन्दोलनलाई निष्कर्षमा पुर्‍याउने, संविधानसभाको निर्वाचन सम्पन्न गर्ने, गणतन्त्र स्थापना गर्ने, संविधानसभाबाट संविधान जारी गर्ने, आर्थिक विकास र समृद्धिका आधारशीला निर्माण गर्ने एवम् नाकाबन्दी जस्तो सङ्कटको सामना र राष्ट्रिय हित र स्वाभिमानको रक्षा गर्नेजस्ता विषयमा सहकार्य भयो भने विभिन्न विषयमा गम्भीर मतभिन्नता र तिक्तताहरू पनि उत्पन्न भए ।

कतिपय वैचारिक राजनीतिक प्रश्नहरू, कतिपय कार्यशैलीगत समस्या, अर्कोको अवनतिमा आफ्नो उन्नति देख्ने चिन्तन र कतिपय आन्तरिक तथा बाह्य कारणहरूले गर्दा विभाजन, अस्वस्थ प्रतिस्पर्धा र निषेधका सोचहरू समेत देखा परे । यस्तो तिक्तता र विभाजनले दुईवटा पार्टी या कम्युनिष्ट आन्दोलनलाई मात्रै होइन, सामाजिक परिवर्तन र राष्ट्रियताको आन्दोलनलाई समेत क्षति पुर्‍याउँदै आएको थियो। इतिहासका बहुमूल्य शिक्षाहरू, आम नेपाली जनताको चाहना एवम् अनेकौं वस्तुगत कारणहरूको पृष्ठभूमिमा नेपाली कम्युनिष्ट आन्दोलनमा एकताको टड्कारोर युगीन आवश्यकता रहेको छ । विश्वव्यापी रूपमा कम्युनिष्ट तथा

वामपन्थी आन्दोलन प्रतिरक्षात्मक अवस्थामा रहेको वर्तमान समयमा नेपाल एउटा यस्तो मुलुक हो, जहाँ केन्द्र, ७ मध्ये ६ प्रदेश तथा अधिकांश स्थानीय तहमा वामपन्थीहरूले भण्डै दुई तिहाई बहुमतसहित सरकार निर्माण गरेका छन् । यो विश्वमै उदाहरणीय र प्रेरणादायी घटनाका रूपमा रहेको छ ।

नेपालमा शान्तिपूर्ण एवम् वैधानिक ढङ्गबाट समाजवाद निर्माणको संभावना एकदमै प्रबल छ । कम्युनिष्ट आन्दोलन विभाजित रहिरहँदा यी संभावनाहरू वास्तविकतामा रूपान्तरित नहुने मात्रै होइन, शक्ति सन्तुलन प्रतिकूल हुने, प्रतिगामी शक्तिहरू पुनर्स्थापित हुने र आन्दोलन प्रतिरक्षात्मक अवस्थामा पुग्ने जोखिम पनि उत्तिकै छ । त्यसैले कम्युनिष्ट आन्दोलनको यो एकीकरण समयको आवश्यकता बन्न पुगेको छ ।

माओवादी जनयुद्ध र २०६२/६३ सालको आन्दोलन लगायत आजसम्मका प्रायः सबै आन्दोलन र परिवर्तनका मुख्य संवाहक शक्ति हामी वामपन्थीहरू हौं । कम्युनिष्ट पार्टीको निर्णायक पहलकदमी नभएको भए न संविधानसभा राष्ट्रिय कार्यसूची बन्न सक्थ्यो, न त संविधानसभाबाट प्रगतिशील, जनमुखी र समाजवाद-उन्मुख विशेषतासहितको संविधान नै निर्माण हुन सक्थ्यो । संविधानको रक्षा र कार्यान्वयनका लागि पनि वामपन्थी शक्तिहरूको एकता ऐतिहासिक आवश्यकता बन्न पुगेको छ । नेपालको पुँजीवादी जनवादी क्रान्ति आफ्नै मौलिक विशेषताकासाथ अगाडि बढेको छ । क्रान्तिमा सर्वहारा श्रमजीवी वर्गका अतिरिक्त पुंजीवादी शक्तिसमेत सहभागी भएको छ र औपचारिक रूपमा हेर्दा दुवै वर्गको संयुक्त नेतृत्वजस्तो समेत देखापरेको छ ।

त्यसैले क्रान्तिपश्चात्का उपलब्धिको स्वामित्व तथा भविष्यको दिशा तय गर्ने विषयमा दुवै वर्ग र शक्तिका बीचमा तीव्र प्रतिष्पर्धा कायम छ । शक्ति सन्तुलन प्रतिकूल भएर बुर्जुवा वर्गको वर्चस्व स्थापित हुने दुर्भाग्यपूर्ण परिस्थिति निर्माण भयो भने प्रगतिशील परिवर्तन कमजोर र अपहरित हुंदै जाने र मुलुक सजमावादी दिशातिर होइन, नवउदारवादी पुंजीवादी बाटोतिर जाने स्थिति उत्पन्न हुने खतरा छ । क्रान्तिका उपलब्धिहरूको रक्षा तथा सजमावादी भविष्य सुनिश्चित गर्न पनि पार्टी एकीकरण अनिवार्य छ ।

प्रगतिशील उत्पादक शक्तिहरूको विकास, राष्ट्रिय पुंजीको निर्माण, व्यापक सामाजिक-आर्थिक-सांस्कृतिक रूपान्तरण एवम् सामाजिक न्याय र समावेशी विकास विना आर्थिक समृद्धि सम्भव छैन । यी यस्ता विषय हुन्, जुन वामपन्थी पार्टीहरूको परिकल्पना र पहलबाटै मात्रै स्थापित भएका छन् । यिनको कार्यान्वयनका लागि वामपन्थी नेतृत्व अपरिहार्य छ । नवउदारवाद, अनियन्त्रित विदेशी लगानी र स्वेच्छाचारी बजार अर्थतन्त्रलाई विकासको एकमात्र आधार ठान्ने नेपाली काँग्रेस लगायतका शक्तिबाट विकासको यो सही दिशा अवलम्बन गर्नु असम्भव छ । त्यसका लागि पनि कम्युनिष्ट एकता समयको माग बन्न पुगेको छ । राष्ट्रियता हाम्रो आन्दोलनको अविभाज्य अङ्ग र जनताको सर्वोपरि सरोकारको विषयका रूपमा रहँदै आएको छ । हाम्रो राष्ट्रियता मूलतः राष्ट्रिय हितको रक्षा हो, कसैका विरूद्ध परिलक्षित विषय होइन । नेपाली जनता र नेपाल राष्ट्रले भोगिरहेको परनिर्भरता, वैदेशिक हस्तक्षेप, राजनीतिक-सांस्कृतिक अतिक्रमण तथा वैदेशिक हैकमवादलाई अन्त्य नगरी राष्ट्रिय स्वाधीनता र स्वाभिमान सुदृढ हुन सक्दैन । तसर्थः राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर छिमेकी लगायत सबै मित्र राष्ट्रहरूसंग समानता र पारस्परिक लाभमा आधारित सम्बन्ध विकसित गर्न तथा इतिहासले बिरासतका रूपमा थोपरिदिएका असमान सम्बन्धहरूका ठाउँमा नयां युग सुहाउंदो अन्तर्राष्ट्रिय सम्बन्धको विकासका लागि बलियो वामपन्थी शक्तिको खांचो छ । त्यस्तो बलियो शक्ति विभाजनबाट होइन, एकताबाट मात्र प्राप्त हुने कुरा स्वतः स्पष्ट छ ।

सबै वर्ग, समुदाय र क्षेत्रका जनताको बलियो एकता नै राष्ट्रियताको आधार हो । यस्तो एकताका लागि सबै खाले विभेदको अन्त्य, सबैको पहिचान र समान अधिकार, अवसर, सम्मान तथा सुरक्षा एवम् पछाडि परेको/पारिएको समुदायलाई विशेष व्यवस्थासहित राज्यका सबै अङ्गमा न्यायोचित सहभागिता अनिवार्य हुन्छ । यथास्थितिवादले मात्रै होइन, जातीय अहंकारवाद, जातीय/क्षेत्रीय सङ्कीर्णता, साम्प्रदायिकता र अतिवादले पनि राष्ट्रिय एकतालाई कमजोर पार्छन् । सामाजिक सद्भावमाथि आधारित बलियो राष्ट्रियताको विकासका लागि कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूको नेतृत्व र निर्णायक भूमिका अपरिहार्य छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनको महत्त्वपूर्ण शक्तिको रूपमा नेपाली कम्युनिष्ट आन्दोलनले ऐतिहासिक भूमिका खेलेको छ र आज यो लोकतान्त्रिक आन्दोलनको नेतृत्वदायी शक्तिका रूपमा स्थापित छ । यो भूमिका र उपलब्धिप्रति हामी गर्व गर्छौं । अब हाम्रो काँधमा छोटो समयभित्रै तीव्र आर्थिक विकासका माध्यमबाट 'सुखी नेपाली र समृद्ध नेपाल'को अभिभारा पूरा गर्ने ऐतिहासिक जिम्मेवारी आइपुगेको छ । यसलाई पूरा गर्न सक्ने हाम्रो सामर्थ्यबाटै नेपाली कम्युनिष्ट आन्दोलनको औचित्य र सान्दर्भिकता पुष्टि हुन सक्छ । इतिहासको गौरवगानबाट मात्रै भविष्यको अभिभारा पूरा हुन सक्दैन ।

सामन्तवादका अवशेषहरू समाप्त पार्ने, राष्ट्रिय पुंजी निर्माण गर्दै उत्पादक शक्तिको तीव्र विकास गर्ने, भूमण्डलीकृत पुंजीवादको युगमा आत्मनिर्भरता सहित समृद्धि हासिल गर्ने र समाजवादका आधार तयार गर्ने अभिभारा गम्भीर र चुनौतीपूर्ण अभिभारा हो । यस्तो अभिभारा एकीकृत पार्टीको नेतृत्वमा मात्रै सम्भव छ । कम्युनिष्ट घोषणापत्र प्रकाशन यताको १७० वर्ष र अक्टोबर क्रान्तिपश्चात्का १०० वर्ष बीचमा विश्व सजमावादी आन्दोलनले सफलता र विफलता, उपलब्धि र धक्का तथा विजय र पराजयका अनेकौ शृङ्खला पार गर्दै आएको छ ।

सोभियत सङ्घको विघटनसंगै आज यो आन्दोलन आमरूपमा प्रतिरक्षात्मक अवस्थामा छ । मार्क्सवादका सार्वभौम सिद्धान्तहरू आज पनि सही छन् र श्रमजीवी वर्गको मुक्ति एवम् उत्पीडित राष्ट्रहरूको स्वतन्त्रताका लागि मार्गदर्शन गर्न मार्क्सवादबाहेक अर्को वैज्ञानिक सिद्धान्त विद्यमान छैन । तर गएको डेढ शताब्दीमा विश्व परिस्थितिमा ठूल-ठूला परिवर्तनहरू भएका छन्। श्रमको स्वरूप र सम्बन्ध, श्रम शोषणका स्वरूप, समाजको वर्ग संरचना एवम् पुँजीवाद तथा साम्राज्यवादको चरित्रमा समेत ठूलो परिवर्तन आएको छ । पारिवारिक, सामाजिक तथा अन्तर्राष्ट्रिय सम्बन्धमा अनेकौं नयाँ आयाम थपिएका छन् । विज्ञान र प्रविधिको अभूतपूर्व विकासले विश्वलाई तीव्र रूपमा परिवर्तन गरिरहेको छ । यस्तो स्थितिमा मार्क्सवादको रक्षा, सिर्जनात्मक प्रयोग र विकासको आवश्यकता विगतमा भन्दा अझ बढी रहेको छ । मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा नेपाली क्रान्ति र समाजवाद निर्माणको आफ्नै मौलिक सिद्धान्त तथा बाटोको विकासका लागि पनि एकीकृत कम्युनिष्ट पार्टीको खाँचो टड्कारो गरी महसुस भएको छ ।

**- पार्टी एकताका सैद्धान्तिक आधारहरू :** यिनै यथार्थलाई आत्मसात् गर्दै निकै लामो बहस, सघन छलफल र अन्तरक्रियापश्चात्नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र) ले असोज १७, २०७४ का दिन पार्टी एकताको लक्ष्य निर्धारण गर्दै निर्वाचनमा वाम गठबन्धन बनाएर अगाडि बढ्ने ऐतिहासिक घोषणा गर्‍यौं । नेकपा (एमाले)का तर्फबाट अध्यक्ष केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र)का तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डद्वारा हस्ताक्षर गरिएको यस ऐतिहासिक घोषणाको सहमति पत्रमा भनिएको छ- 'फरक फरक पृष्ठभूमिका साथ अघि बढेका हामीहरू राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता, भौगौलिक अखण्डता, राष्ट्रिय हित एवम् स्वाभिमानको रक्षा गर्दै संविधानसभाबाट पारित नेपालको संविधानको रक्षा र प्रयोगको क्रममा देश र जनताको आवश्यकता अनुसार परिमार्जन र विकास गर्दै, लोकतान्त्रिक प्रणाली र शान्तिपूर्ण प्रतिष्पर्धाको माध्यमबाट सामाजिक,आर्थिक तथा सांस्कृतिक रूपान्तरण गर्ने र समृद्ध, समुन्नत



एवम् न्यायपूर्ण समाजको निर्माण गर्दै समाजवादका आधारहरू तयार गर्ने साझा निष्कर्षमा आइपुगेका छौं ।

नेपाली जनताले एकताबद्ध कम्युनिष्ट पार्टीको नेतृत्वमा मुलुक अघि बढेको देख्न चाहेका छन् । हाम्रो पृष्ठभूमि र जनताको चाहना एवम् आवश्यकताले पनि हामीलाई एकताबद्ध हुन र एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्न निर्देशित गरिरहेका छन् । तसर्थ हामी हाम्रा आफ्नै अनुभव र जनता एवम् राष्ट्रको आवश्यकतालाई हृदयङ्गम गर्दै एउटै कम्युनिष्ट पार्टी निर्माण गर्न सहमत भएका छौं ।' निर्वाचनमा जनतासामु प्रस्तुत साझा चुनावी घोषणामा उल्लेख गरिएको छ- 'यो एकताको पहल नेपालका आम श्रमजीवी र देशभक्त जनताको सम्मानको परिचायक हो । यो एकता प्रयत्न २००७ सालदेखि सुरू भएको राजनीतिक अस्थिरता अन्त्यको सूचक हो । यो नेपाली जनतामा रहेको गरीबी, अभाव, पछौटेपन, भेदभाव र असमानता समाप्त गर्दै सामाजिक न्याय र समानतामा आधारित सुसंस्कृत र समृद्ध राष्ट्र निर्माणको प्रतिबद्धता पनि हो । यो एकता राष्ट्र पुनर्निर्माण गर्ने सङ्कल्पको द्योतक हो । यस महाअभियानमा सामेल हुन हामी विभिन्न कम्युनिष्ट समूहका अतिरित्त सबै वामपन्थी, देशभक्त र सच्चा लोकतन्त्रवादीहरूलाई आह्वान गर्दछौं । विज्ञान र प्रविधिको विकास, विश्वव्यापीकरण, संसारका अधिकांश देशहरूको विकास र द्रुतगतिमा विकसित भइरहेका दुई छिमेकी मुलुकहरूको अगाडि अब नेपाललाई संसारकै अल्पविकसित, गरीब, पिछडिएको, परनिर्भर र हेपिएर बस्न बाध्य मुलुकका रूपमा कदापि राख्नु हुँदैन ।

राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता, स्वाधीनता, स्वाभिमान र अखण्डता जोखिममा रहने स्थिति सदाका लागि अन्त्य गर्नुपर्दछ । नेपालसँग समृद्धिका अथाह आधारहरू छन्। राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्ने वीर पुर्खाका सन्तान हामीहरू श्रमशक्तिका रूपमा छौं । नेपालको विकासका निम्ति संसारभरिबाट करोडौं हातहरू सहयोगका निम्ति तयार छन् । मात्र यी सबै सकारात्मक पक्षहरूलाई उपयोग गर्न सक्ने राष्ट्रिय नेतृत्वको खाँचो छ । यस्तो नेतृत्व क्षमता एकताबद्ध भइरहेका यी दुई कम्युनिष्ट पार्टीहरूसँग मात्र छ । यही क्षमतालाई उजागर गर्न हामी दुई कम्युनिष्ट पार्टीहरूले एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्ने घोषणा गरेका छौं ।' हाम्रो यस घोषणालाई नेपाली जनताले अत्यन्त उत्साहका साथ स्वागत र समर्थन गरेका छन्। जनताको यो स्वागत र समर्थन निर्वाचनमा वामपन्थीहरूका पक्षमा खसेको झण्डै ५५ प्रतिशत मत र दुई तिहाइ हाराहारी बहुमतमा अभिव्यक्त भएको छ । पार्टी एकताको विषय अब दुई पार्टीको मात्रै सरोकारको विषय रहेन, यो नेपाली जनताबाट अनुमोदित राष्ट्रिय एजेन्डा बन्न

पुगेको छ । यसै सिलसिलामा यही फागुन ७ गते हामीले एकीकरणका प्रारम्भिक आधारहरू विषयमा सात बुँदे सहमति गऱ्यौं । उक्त सहमतिमा एकीकृत कम्युनिष्ट पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी रहने कुरा उल्लेख गरिएको छ । पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहने कुरालाई स्पष्ट गरिएको छ ।

नेकपा (एमाले) ले अपनाउँदै आएको जनताको बहुदलीय जनवाद अन्तर्गत अवलम्बन गरेको शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धामार्फत आफ्नो श्रेष्ठता स्थापित गर्ने लगायतका मान्यता र नेकपा (माओवादी केन्द्र) को पनि शान्ति सम्झौता र त्यसपछिका लोकतान्त्रिक अभ्यासद्वारा शान्तिपूर्ण बहुदलीय प्रतिष्पर्धामार्फत आफ्नो श्रेष्ठता हासिल गर्ने लगायतका मान्यतामा समान धारणा रहेको कुरा स्पष्ट पारिएको छ । प्राप्त उपलब्धिको रक्षा र विकास गर्दै राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्याय सुदृढ गर्दै सामाजिक आर्थिक रूपान्तरणमार्फत समाजवादका आधार निर्माण गरिने कार्यदिशासमेतको बारेमा उक्त सहमतिले स्पष्ट पारेको छ । नेकपा (एमाले) ले अवलम्बन गरिआएको 'जनताको बहुदलीय जनवाद' र नेकपा (माओवादी केन्द्र) ले अवलम्बन गरिआएको 'माओवाद र एक्काइसौं शताब्दीको जनवाद' सम्बन्धी विषयहरूमा विधिसम्मत छलफल गरी आवश्यक परिमार्जन र विकास गर्न सकिने कुरा पनि सहमतिमा उल्लेख गरिएको छ । आगामी महाधिवेशनसम्म एकीकृत पार्टीलाई यिनै सिद्धान्त, कार्यदिशा र मान्यताहरूले मार्ग दर्शन गर्नेछन् । गम्भीर वैचारिक बहसका माध्यमबाट नेपाली क्रान्तिको सिद्धान्तलाई थप विकसित र समृद्ध गर्न तथा नेपाली मौलिक विशेषता सहितको समाजवाद निर्माण गर्ने सहमतिका साथ आज दुवै पार्टी एकीकृत भएका छन् । २००६ साल वैशाखमा कमरेड पुष्पलालको नेतृत्वमा गठित कम्युनिष्ट पार्टी विभाजनको साढे पाँच दशक लामो पीडादायी कालखण्ड पार गर्दै आज पार्टी स्थापना दिवसकै दिन एकीकृत हुनु ऐतिहासिक संयोग बन्न पुगेको छ ।

### पार्टी निर्माण र पार्टीको सङ्गठनात्मक सिद्धान्त :

नेपाल कम्युनिष्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो । मार्क्सवाद-लेनिनवादको आम मार्गदर्शन र आफ्नै देशमा विकसित क्रान्तिका विशिष्ट सिद्धान्तहरूको ठोस दिशानिर्देशमा सामाजिक मुक्ति र राष्ट्रिय स्वतन्त्रताको आन्दोलनलाई नेतृत्व गर्दै जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै सजमावादी क्रान्ति सम्पन्न गर्नु यस पार्टीको मुख्य अभिभारा हो । बदलिँदो उत्पादन सम्बन्ध र श्रमको स्वरूपसँगै श्रमजीवी वर्गको परिभाषा, घेरा र संरचनामा पनि परिवर्तन आएको छ ।



शारीरिक श्रम मात्रै होइन, बौद्धिक श्रम गरेर त्यसैको आर्जनमा बाँच्ने वर्गसमेत आज श्रमजीवी वर्गको रूपमा समेटिन पुगेको छ । कम्युनिष्ट पार्टीले सबै खाले श्रमजीवी वर्गको प्रतिनिधित्व गर्दछ । समाज परिवर्तनको अग्रणी शक्ति हुनुको नाताले कम्युनिष्ट पार्टीले समाजका निम्न तथा मध्यम वर्ग र परिवर्तनमा सहयोगी हुनेराष्ट्रिय पुँजीपति वर्गकोहितको समेत प्रतिनिधित्व गर्छ । तर क्रान्तिकालमा होस् वा क्रान्तिपश्चात् सत्ता सञ्चालनको अवधिमा, पार्टी श्रमजीवी वर्ग पक्षधरताबाट कहिल्यै विचलित हुन सक्दैन, हुनुहुँदैन । कम्युनिष्ट पार्टीले विभिन्न वर्ग या समुदायका आन्दोलन सञ्चालनका लागि जनसङ्गठनहरू निर्माण गर्न सक्छ, विभिन्न शक्तिहरूसँग वर्गीय र राजनीतिक मोर्चा निर्माण गर्न सक्छ र जनताको अभिमत लिएर सत्ता सञ्चालन गर्न सक्दछ ।

तर आन्दोलनमा रहँदा होस् या सत्तामा, एकल नेतृत्व गरिरहँदा होस् या संयुक्त मोर्चाभित्र रहेर काम गर्दा, कम्युनिष्ट पार्टीको चरित्र सधैँभरि सर्वहारा श्रमजीवी वर्गको राजनीतिक पार्टीका रूपमा अक्षुण्ण रहन्छ, रहनु पर्दछ । कम्युनिष्ट पार्टी निर्माणका दुईवटा आयाम छन्- सैद्धान्तिक/वैचारिक र सङ्गठनात्मक आयाम । पार्टी निर्माणको मुख्य पक्ष यसको वैचारिक/सैद्धान्तिक पक्ष हो । कम्युनिष्ट पार्टी विचारविहीनहरूको समूह होइन, स्वेच्छिकरूपले सामाजिक परिवर्तनमा समर्पित हुन तत्पर, त्यसका लागि जस्तोसुकै बलिदान दिन तयार तथा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणबाट दीक्षित व्यक्तिहरूको स्वेच्छिक अनुशासनमा आबद्ध सचेत स्वयंसेवी राजनीतिक संस्था हो । त्यसैले पार्टी निर्माणलाई सदस्य र कमिटीहरूको प्राविधिक संरचनाका रूपमा होइन, सचेत, निष्ठावान् र वैचारिक एवम् भावनात्मक एकरूपताका साथ आन्दोलनमा समर्पित र लक्ष्यमा एकाग्र नेता कार्यकर्ताहरूको शृङ्खलाबद्ध संरचनाका रूपमा बुझ्नु र तदनुरूप अगाडि बढाउनु पर्छ ।

मार्क्सवाद-लेनिनवादका आम सिद्धान्तलाई वैचारिक मार्गदर्शकका रूपमा स्वीकार गर्नु, द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणलाई आत्मसात् गर्नु, तदनुरुप नै आफूलाई दार्शनिक रूपले रूपान्तरण गर्नु, सर्वहारा श्रमजीवी वर्ग पक्षधरतालाई हमेशा अवलम्बन गर्नु, सामन्तवाद-साम्राज्यवादका विरूद्ध तथा देशभक्तिपूर्ण भावनाका साथ देश र जनताको पक्षमा निरन्तर क्रियाशील भइरहनु, सामाजिक आर्थिक रूपान्तरणका माध्यमबाट राष्ट्रिय पुँजी निर्माण, प्रगतिशील उत्पादक शक्तिको विकास, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना तथा समाजवादका आधार निर्माणको कार्यदिशालाई अवलम्बन गर्नु तथा संसारभरका

न्याय, समानता र परिवर्तनका पक्षधर, शान्तिप्रेमी जनताको आन्दोलनप्रतिको ऐक्यबद्धता र विश्व मानवतावादको पक्षधरता जस्ता विषयहरू पार्टी निर्माणका वैचारिक आधारहरू हुन् ।

दक्षिणपन्थी र उग्रवामपन्थी आवरणमा देखा पर्ने अवसरवाद विरुद्धको सतत् वैचारिक सङ्घर्ष, अनुभवहरूको निरन्तर विश्लेषण र संश्लेषणका माध्यमबाट सिद्धान्तको विकास यस क्रममा अत्यावश्यक छन् । शान्तिपूर्ण र बहुदलीय प्रतिष्पर्धाका माध्यमबाट श्रेष्ठता हासिल गर्दै यसै संविधानका माध्यमबाट वैधानिक रूपमा समाजवाद निर्माणका आधार तयार गर्ने कार्यदिशाले हाम्रो पार्टी निर्माणको विषयलाई विशिष्ट र मौलिक प्रकृतिको बनाइदिएको छ । शान्तिपूर्ण बहुदलीय प्रतिष्पर्धामार्फत आफ्नो श्रेष्ठता हासिल गर्ने विषय सहज विषय होइन । यसका लागि आम जनताको सचेत, स्वेच्छिक तथा अबिचछन्न समर्थन अनिवार्य पूर्वशर्त हो । खुल्ला समाज, विभिन्न वर्गको प्रतिनिधित्व गर्ने शक्तिहरूको उपस्थिति, साधनस्रोत, शक्ति र बाह्य समर्थनमा तुलनात्मक रूपमा बलियो बुर्जुवा एवम् पश्चगामी वर्गको निरन्तर प्रतिरोधका बीच कम्युनिष्ट चरित्र कायम राख्दैविजय प्राप्त गर्नु महत्त्वपूर्ण पक्ष हो ।

पुँजीवादी भूमण्डलीकरण र यसले सिर्जना गरेका व्यक्तिवाद, उपभोक्तावाद गलत वैचारिक मान्यता एवम् समाजमा विद्यमान पछौटे चिन्तनका बीचबाट कम्युनिष्ट पार्टीले आफूलाई निरन्तर नैतिक र आचरणगत रूपमा स्वच्छ, पारदर्शी र जनमुखी बनाइरहनु निकै कष्टसाध्य काम हो । परम्परागत राज्यसंरचना र प्रतिकूल विश्व परिस्थिति थप चुनौतीका रूपमा रहेका छन्। यस्तो अवस्थामा कम्युनिष्ट पार्टीले आफूलाई हमेसा जनताको सेवकका रूपमा प्रस्तुत गर्नुपर्दछ । जनताको अपेक्षा र आकाङ्क्षामा आफूलाई निरन्तर खरो उतार्नु पर्दछ । आफूभित्र निरन्तर शुद्धीकरण गरिरहनु पर्दछ र जनताको बदलिँदो चाहनाको प्रतिनिधिका रूपमा आफूलाई निरन्तर अद्यावधिक गरिरहनु पर्दछ । बहुदलीय प्रतिष्पर्धामा श्रेष्ठता हासिल गर्न समाजका विभिन्न तप्काको मत प्राप्त गर्नुपर्ने आवश्यकता र आफ्नो सर्वहारा श्रमजीवी वर्ग पक्षधरताको संरक्षणको बीचमा सन्तुलन मिलाउन विशेष कुशलता अवलम्बन गर्नुपर्दछ । खुल्ला समाज र भूमण्डलीकृत विश्व परिवेशमा क्रियाशील कम्युनिष्ट पार्टीले त्यस खुल्लापनबाट आउने ताजा हावा र अनुकूल विषयहरूलाई ग्रहण गर्ने र प्रदूषणबाट जोगिन विशेष सजगता अपनाउनु पर्छ ।

पार्टी निर्माणका आधार स्तम्भहरू पार्टी सदस्यहरू हुन् । कुनै बेला निकै गर्वको विषय ठानिने, निकै कठीन अग्निपरीक्षा पश्चात मात्र हासिल हुने सदस्यता

गएको छ । पार्टी निर्माण रूपी भवनको जगका रूपमा रहेका पार्टी सदस्यहरूकै गुणस्तर कमजोर भयो र पार्टी सदस्यता प्रदान गर्ने विधि मनोगत, स्वार्थ प्रेरित र भद्रगोल भयो भने यसले पार्टी निर्माणलाई कमजोर बनाउने कुरा स्पष्ट छ । पार्टीको सार्वभौमसत्ता सारतः पार्टी सदस्यमै निहित रहने तथा पार्टीको नीति तथा नेतृत्व निर्माणको निर्णायक स्रोत पार्टी सदस्य नै हुने यथार्थलाई ध्यानमा राखेर पार्टी सदस्यता वितरण प्रक्रियालाई विधानसम्मत र व्यवस्थित बनाउनु पर्दछ । पार्टी सदस्यता प्राप्त गर्नुपूर्व निजले सकेभर कुनै न कुनै जनसङ्गठन या मोर्चा सङ्गठनमा निश्चित अवधि व्यतीत गरेको, पार्टीद्वारा सञ्चालित अभियान/आन्दोलनमा सक्रिय सहभागी भएको र सदस्यता प्राप्त गर्नु पूर्व पार्टीको वैचारिक र सङ्गठनात्मक विषयमा निश्चित ज्ञान हासिल गर्न एक तहको पार्टी प्रशिक्षण हासिल गरेको कुरा सुनिश्चित गर्नु पर्छ । टाँठाबाठा र हाटहुट गर्नेहरूले सजिलै सदस्यता पाउने, तर आधारभूत तहमा रहेर निरन्तर खटिरहेका व्यक्तिहरूले सदस्यता पाउनमा कठिनाइ व्यहोर्नु पर्ने स्थितिको अन्त्य गर्नुपर्दछ ।

पार्टी संरचना शृङ्खलाबद्ध कमिटी प्रणालीमा आबद्ध संरचना बन्नु पर्दछ । मुलुकमा सङ्घीयता कार्यान्वयन भइसकेको परिप्रेक्ष्यमा हाम्रो कमिटी प्रणाली पनि मुलुकको सङ्घीय र प्रशासनिक संरचना अनुरूपकै हुनुपर्दछ । यसरी हेर्दा हाम्रो सङ्गठनात्मक संरचना केन्द्र, प्रदेश, जिल्ला, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र, स्थानीय तह र वडा तथा प्रारम्भिक गरी ८ तहको हुनु वाञ्छनीय हुन्छ । यसमध्ये केन्द्र, प्रदेश, जिल्ला, स्थानीय, वडा तथा प्रारम्भिक तहलाई कार्यकारी र दुबै निर्वाचन क्षेत्र तहका कमिटीलाई समन्वयात्मक/मनोनयनद्वारा गठित हुने ढाँचामा लैजानु उपयुक्त हुन्छ । संविधानले जिल्ला तहलाई समन्वयकारी तह घोषणा गरेको भए पनि पार्टी संरचनाका हिसाबले भने जिल्लालाई केही अवधिसम्म कार्यकारी रूपमै कायम राख्नु उपयुक्त हुन्छ ।

संसारभरका प्रायः सबै कम्युनिष्टहरूले मूलतः लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई अवलम्बन गर्दै आएका छन् । पार्टीमा सङ्गठित हुन तथा लेभी तिर्न तयार व्यक्तिमात्रै (अर्थात् सामान्य समर्थक होइन, समर्पित व्यक्तिमात्रै ) पार्टीको सङ्गठित सदस्य हुनसक्ने, पार्टी जनवादी केन्द्रीयताको आधारमा सञ्चालित हुने तथा व्यक्ति सङ्गठनको, मातहत कमिटी माथिल्लो कमिटीको र अल्पमत बहुमतको अधीनस्थ रहनु पर्ने जस्ता मान्यताहरू आम रूपमा आज पनि सान्दर्भिक छन्। तर यी मान्यताहरूलाई पनि सिर्जनात्मक ढङ्गले र आफ्नो विशिष्ट स्थिति अनुरूप लागू गर्नु आवश्यक छ । तर जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तलाई सङ्गठनात्मक केन्द्रीयताको उपरोक्त नियमहरूमा मात्र सङ्कुचित र

सीमित गर्नु हुँदैन । सर्वहारा जनवादको अभ्यास सुनिश्चित गर्दै त्यसको आधारमा निर्मित वैचारिक केन्द्रियताले नै सङ्गठनात्मक केन्द्रियतालाई मूल आधार प्रदान गर्दछ । त्यसैले जनवादी केन्द्रियतालाई जनवाद र केन्द्रियताको द्वन्द्वात्मक एकताको अर्थमा ग्रहण गर्नुपर्दछ । नेता, कार्यकर्ता र आमपार्टी सदस्यहरूको वैचारिक सांस्कृतिक स्तरले जनवादी केन्द्रियताको अभ्यासलाई प्रभावित गर्दछ । लामो समयसम्म प्रतिक्रियावादी सत्ता मातहत काम गर्नुपरेको, शान्तिपूर्ण ढङ्गले गतिविधि गर्न सम्भव नरहेको एवम् भूमिगत र अवैध ढङ्गले काम गर्नु परेको कारण कम्युनिष्ट पार्टीको निर्माणका आम अनुभवहरूमा आफ्नै सीमा र कमजोरी रहेका छन् । तत्कालीन परिस्थितिको आवश्यकताले जनवादलाई गौण र केन्द्रीयतालाई प्राधान्यता दिइएको अवस्था छ । आम जनताको बीचमा घुलमिल भएर उनीहरूको स्वेच्छिक समर्थन हासिल गर्नुपर्ने कुरालाई गौण बनाइदिएको परिस्थिति छ । त्यसैले फौजी ढाँचाको सङ्गठन, अत्यधिक केन्द्रीकरण र भूमिगत कार्यशैली जस्ता कम्युनिष्ट पार्टी निर्माणका कतिपय अन्तर्राष्ट्रिय र आफ्नै अनुभवहरू हाम्रा लागि आज सान्दर्भिक छैनन् ।

हामीले आफ्नै विशिष्ट स्वरूपको पार्टी निर्माणको ढाँचा विकास गर्नुपर्छ । शान्तिपूर्ण र बहुदलीय प्रतिष्पर्धाका माध्यमबाट श्रेष्ठता हासिल गर्नु हाम्रो कार्यदिशाको महत्त्वपूर्ण अङ्ग भएकाले यो विषय हाम्रो पार्टी निर्माणलाई दिशानिर्देश गर्ने महत्त्वपूर्ण पक्ष हो । त्यसैले पार्टी आवधिक निर्वाचनमार्फत जनताबाट अनुमोदित हुनु पर्छ भने पार्टीको कार्यशैली, नेतृत्व निर्माण र संरचनाहरू त्यसैसँग अनुकूल हुने गरी रूपान्तरित गर्नुपर्छ । पार्टी र जनसङ्गठनका संरचनाहरू अति नै ठूला र भद्दा तथा बैठक नै हुन नसक्ने र कामकाजी नहुने स्थितिको अन्त्य गर्नुपर्छ । पार्टीको गोपनीयता र मर्यादाको रक्षा हुने वातावरण कायम राख्नुपर्छ । यस्तो अवस्थामा पार्टीका नेता कार्यकर्ताहरूको जीवनशैली, कार्यसम्पादन र आचरण पनि आम जनताको चासो र सरोकारको विषय बन्न पुग्छ । त्यसैले नेता कार्यकर्ताहरूको शैली र आचरणमा स्वच्छताको प्रत्याभूति हुनु पर्छ । निरपेक्ष समानता सम्भव छैन, तर नेता र कार्यकर्ताहरूको जीवनशैली जनताबाट अलगावमा पर्ने खालको, सार्वजनिक टिप्पणी हुने खालको हुनु हुँदैन । स्वच्छ, विवादरहित र मर्यादित हुनु पर्छ । पार्टी कार्यकर्ताहरूले पार्टी विधान मात्रै होइन, मुलुकको संविधान र प्रचलित कानुनको पनि पालना गर्नु पर्छ । विगतमा हाम्रो पार्टी निर्माण राजतन्त्र विरोधी आन्दोलनको आवश्यकता अनुरूप भयो ।

तर २०६२/६३ सालको परिवर्तन, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानको घोषणासँगै हामी नयाँ युगमा प्रवेश गरेका छौं । पूँजीवादी जनवादी



क्रान्तिको कार्यभार सम्पन्न भएकोले हामी समृद्धि हासिल गर्ने अभियानको नेतृत्व गरिरहेका छौं । फेरिएको सन्दर्भले पार्टी निर्माणका कतिपय पक्षमा परिवर्तनको माग गरिरहेको छ । अब हामीले आन्दोलनमा प्रशिक्षित हाम्रो पार्टी पङ्क्तिलाई उत्पादन, निर्माण र विकासको अनुकूल हुने गरी रूपान्तरित गर्नुपर्छ, कार्यकर्तालाई नयाँ कार्यभारका बारेमा प्रशिक्षित गर्नुपर्दछ र नयाँ जिम्मेवारी सम्हाल्न सक्ने विषय विज्ञ र विशेषज्ञहरूलाई पनि ठूलो सङ्ख्यामा पार्टीमा सङ्गठित गर्नुपर्दछ । उनीहरूलाई विषयगत ज्ञानका साथसाथै पार्टी दृष्टिकोणले दीक्षित गर्ने कुरामा विशेष ध्यान दिनु पर्छ । पार्टीमा वैचारिक काम कमजोर बन्दै गरेको, पार्टी पङ्क्तिको चेतना स्तर खस्किँदै गरेको र नयाँ परिस्थितिका नयाँ चुनौतीको सामना गर्न पार्टी पङ्क्ति पर्याप्त मात्रामा सक्षम बन्न नसकेको आम अनुभूति छ । त्यसैले पार्टीमा नियमित, व्यवस्थित र अनिवार्य प्रशिक्षणको व्यवस्था गर्नुपर्छ । त्यस्ता स्कुलहरूमा मार्क्सवादको सैद्धान्तिक प्रशिक्षणका साथसाथै आजका ज्वलन्त विषयहरूमा सहभागीहरूलाई दीक्षित गर्ने व्यवस्था गर्नु पर्दछ । परम्परागत प्रशिक्षण शैली प्रभावकारी बन्न नसकेको यथार्थलाई हेक्का राख्दै प्रशिक्षणका आधुनिक, प्रविधिमैत्री र छरिता विधि अवलम्बन गर्नुपर्दछ । खुल्ला समाज र वैधानिक रूपमा क्रियाशील, अझ सत्ता सञ्चालनको नेतृत्व गरिरहेको पार्टी हुनुको नाताले हामीले सञ्चार माध्यम, नागरिक समाज, समाजका विभिन्न तप्का, अन्तर्राष्ट्रिय समुदाय र समाजका सबै पक्षसँग भेटघाट, सम्पर्क र संवादगर्नु अनिवार्य जस्तै बन्न जान्छ । यस्ता संस्थाहरूसँगको सम्पर्कको विधि, मर्यादा रेखा, जानकारी र उपयुक्त सम्बन्ध बारे पनि हामी सजग हुनु पर्छ । विभिन्न पार्टी परित्याग गरी पार्टीमा प्रवेश गर्ने क्रम निरन्तर जारी छ र आगामी दिनमा यो क्रम झनै बढ्ने छ । पार्टी विस्तारका लागि यो सकारात्मक र आवश्यक विषय भए पनि नवप्रवेशीहरूलाई उचित जिम्मेवारी, प्रशिक्षण र व्यवस्थापन गर्न नसक्दा पार्टी प्रवेश पर्याप्त लाभकारी हुन नसकेको अनुभव छ । त्यसैले पार्टी प्रवेशलाई व्यवस्थित गर्ने, नवप्रवेशीहरूलाई उचित प्रशिक्षणको व्यवस्था गर्ने र उचित जिम्मेवारी दिने कुरामा ध्यान दिनु पर्छ ।

पार्टीले विभिन्न जनसङ्गठनहरू निर्माण र सञ्चालन गरेको छ । विभिन्न समुदायमा पार्टीलाई स्थापित गर्न, पार्टी कार्यकर्ता तयार गर्ने नर्सरीका रूपमा विकास गर्न र विभिन्न समुदायका मागलाई पार्टीको आम आन्दोलनसँग आबद्ध गर्न जनसङ्गठनहरूको भूमिका विशेष हुन्छ । विगतमा, विशेष गरेर पार्टी भूमिगत अवस्थामा रहेको बेला यी सङ्गठनहरूले पार्टीको प्रभाव विस्तार, आन्दोलनको उठान र पार्टी निर्माणमा उल्लेखनीय भूमिका खेलेका छन्। परिवर्तित सन्दर्भ,

पार्टीले वैधानिक रूपमै आन्दोलनको अगुवाइ गरिरहेको र सत्ताको नेतृत्व समेत गरिरहेको पृष्ठभूमिमा अब जनसङ्गठनहरूको भूमिकालाई पुनर्परिभाषित गर्नु जरुरी छ । अब उनीहरू राजनीतिक भूमिकामा भन्दा आफ्नो समुदायको सरोकारका विषयमा बढी केन्द्रित हुनु पर्छ र समुदायको सही प्रतिनिधि बन्ने हिसाबले अगाडि बढ्नुपर्छ । जनवर्गीय सङ्गठनहरू पार्टीको जनवर्गीय मोर्चाका अङ्ग हुनाले उनीहरूलाई वैचारिक मार्गदर्शन र सङ्गठनात्मक स्वायत्तताको मान्यताका आधारमा सञ्चालन गर्नुपर्छ । सत्तामा रहेको पार्टीभित्र भ्रष्टाचार, विचलन, नोकरशाही शैली, व्यक्तिवाद, पदीय अहङ्कार, नैतिक र चारित्रिक स्खलन र जनताबाट अलगावको प्रवृत्ति देखापर्ने खतरा अन्य बेलामा भन्दा प्रबल हुन्छ । यस्ता प्रवृत्तिहरूलाई सच्याउन व्यापक रूपमा अभियान सञ्चालन गर्नुपर्दछ । त्यसैले पार्टी नेता कार्यकर्ताहरूको जीवनशैलीको निरन्तर अनुगमन गर्ने, सार्वजनिक रूपमा उठेका प्रश्नहरूको सार्वजनिक जवाफदेहिता कायम गर्ने र पार्टी नेता/कार्यकर्ताहरूलाई पार्टी विधान र राज्यको कानुन दुवैतिर उत्तरदायी बनाउनु पर्छ । पार्टीको रूपान्तरणका लागि वैचारिक-सांस्कृतिक अभियानलाई पार्टी निर्माणको अभिन्न अङ्ग बनाउनु पर्दछ । वर्तमान युग प्रचारको युग भएकोले पार्टीले देश र जनताको सेवा वा हितमा गरेका क्रियाकलापहरूको बारेमा जनतालाई निरन्तर सुसूचित गराउनु पर्छ ।

विरोधीहरूले फैलाउने वा फैलाएका आरोप, भ्रम र कुप्रचारहरूको निरन्तर खण्डन गर्ने र उनीहरूका देश एवम् जनता विरोधी काम कुराहरूको खण्डन र आलोचना गर्नुपर्छ । यसका लागि पार्टीको प्रचार संयन्त्रलाई सुदृढ र प्रभावकारी तुल्याउनु पर्छ ।

## आर्थिक र सामाजिक रूपान्तरणको पार्टी कार्यक्रम

हाम्रो पार्टीको दीर्घकालीन रणनीतिक लक्ष्य एवम् कार्यक्रम समाजवादभए पनि अहिले नै सजमावादी कार्यक्रम लागू गर्ने भौतिक आधार र परिस्थिति छैन भन्ने कुरा उल्लेख भइसकेको छ । राजनीतिक क्षेत्रमा प्राप्त उपलब्धि तथा सफलतालाई आर्थिक तथा सामाजिक क्षेत्रमा विस्तार गर्न आवश्यक छ । तसर्थ, यतिबेलाको पार्टीको कार्यक्रम समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक पूँजीवाद हो । यो आर्थिक क्रान्तिको कार्यक्रमले समृद्धि हासिल हुनेछ र समाजवादको आधार निर्माण गर्नेछ । राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणको बाटोबाट अघि बढ्दै नेपाली विशेषतामा आधारित एक्काइसौं शताब्दी अनुरूपको समाजवाद निर्माणका आधारहरू तयार गर्नुपर्छ ।

### आधारभूत नीति

१. मुलुकको सामाजिक-आर्थिक रूपान्तरणको लागि पहिलो शर्त राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवम् राष्ट्रिय हितको रक्षा तथा सदृढीकरण हो भन्ने कुरालाई सर्वोपरि राखिनेछ । बाह्य हस्तक्षेप र प्रभावबाट मुक्त गर्दै नेपालको बारेमा नेपालीले नै निर्णय गर्ने नीति दृढतापूर्वक अवलम्बन गरिनेछ ।

यस्तो राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्ने नीतिद्वारा छिमेकी मित्रराष्ट्रहरू र विश्वमा भइरहेको तीव्र विकासबाट समेत लाभ लिदैं समृद्धिको यात्रालाई अघि बढाइनेछ ।

२. सामन्ती शोषणका सबै अवशेषहरूलाई अन्त्य गरिनेछ र दलाल तथा नोकरशाही पुँजीवादी शोषणलाई समाप्त पारिनेछ । उत्पादक शक्ति, उत्पादकत्व एवम् उत्पादनमा तीव्र वृद्धि गर्ने, सामाजिक न्याय एवम् न्यायोचित वितरणसहितको आर्थिक समृद्धि हासिल गर्ने, गरीबी, बेरोजगारी, असमानता एवम् परनिर्भरताको अन्त्य गर्ने कार्यक्रम अवलम्बन गरिनेछ । यसो गरेर आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ र समग्रमा समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक अर्थतन्त्र निर्माण हुने छ । यो नै आर्थिक क्रान्ति, सामाजिक आर्थिक रूपान्तरण र समृद्धिको आधारभूत नीति हुनेछ ।

- आर्थिक विकासका प्रक्रियालाई तीव्रताका साथ अघि बढाउन राज्यको तर्फबाट नेतृत्वदायी भूमिका खेलिनेछ ।
- लगानीमैत्री वातावरण अनुकूल श्रम सम्बन्ध र लगानी तथा मुनाफाको सुरक्षाको प्रत्याभूति गर्दै निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण अंगको रूपमा सहभागी र प्रोत्साहित गरिनेछ । सार्वजनिक-निजी साझेदारीलाई महत्त्वकासाथ अगाडि बढाइनेछ । सहकारीलाई अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा विकास गरिनेछ ।
- राष्ट्रिय औद्योगिकीकरण र गुणात्मक आर्थिक वृद्धिका निम्ति आन्तरिक पुँजी पर्याप्त छैन । त्यसैले ठूला पूर्वाधार निर्माण र राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा विदेशी लगानी भित्र्याउनु आवश्यक छ । स्पष्ट छ, बाह्य लगानीमा मात्र भर पर्नाले वा अनियन्त्रित रूपमा बाह्य लगानी भित्र्याउनाले देश विदेशी ऋण र परनिर्भरताको सङ्कटमा पर्न सक्छ । तसर्थ, आन्तरिक र बाह्य लगानीमा सन्तुलनको नीति लिइने छ र बाह्य लगानीलाई

राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्र तथा योजनामा विधिसम्मत ढङ्गले आमन्त्रण गरिनेछ ।

- विकराल बन्दै गइरहेको व्यापार घाटा हाम्रा लागि ठूलो चुनौती बनेको छ । यसलाई अन्त्य गर्न आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूको विकासमा विशेष ध्यान दिइनेछ । उत्पादकत्व र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आर्थिक परनिर्भरता र व्यापार घाटा समाप्त पार्ने नीति लिईनेछ ।
- जलस्रोत तथा ऊर्जाक्षेत्र, कृषि, भौतिक पर्वाधार, पर्यटन, औद्योगीकरण र मानव संसाधनको विकासलाई योजनाबद्ध र एकीकृत ढङ्गले अघि बढाउँदै आर्थिक विकासलाई तीव्र पारिनेछ ।

१. नवउदारवादको अन्ध पक्षपोषणले पैदा गरेको अनुत्पादक, उपभोगवादी र पराश्रित पुँजीवादलाई अन्त्य गरी राष्ट्रिय उत्पादनशील पुँजी परिचालन गर्दै श्रम र रोजगारी केन्द्रित औद्योगीकरण प्रक्रियालाई तीव्र पारिनेछ ।

२. आर्थिक वृद्धि, सामाजिक न्याय, रोजगारी, पर्यावरणमैत्री, समाजवादउन्मख र दिगो विकास हाम्रो विकासको मूल स्वरूप र विशेषता हुनेछ ।

३. संविधानमा मौलिक अधिकारका रूपमा प्रत्याभूत गरिएका शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता र आवासलाई आवश्यक कानुन र योजना बनाई प्रभावकारी रूपमा लागू गरिनेछ । कार्यक्रम समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्दै समृद्धि हासिल गरी नेपाली जनताको जीवनस्तर माथि उठाउनको लागि उपर्युक्त मूल नीतिका आधारमा निम्नलिखित कार्यक्रमका साथ अघि बढ्नु आवश्यक छः

१. राष्ट्रिय विकासका लागि सबै प्राकृतिक स्रोतहरूको सही उपयोग देश र जनताका आवश्यकता पूरा गर्न तथा राष्ट्रिय समृद्धि हासिल गर्न जलस्रोतलगायत सबै प्राकृतिक स्रोतको उपयोग राष्ट्रिय हित, मुलुकको समृद्धि र स्रोतमाथिको अधिकार कायम राख्दै गरिनु पर्छ । जलस्रोतको व्यापक रूपमा विकास गरी सस्तो र पर्याप्त बिजुली उपलब्ध नभएसम्म औद्योगिकीरकण अघि बढ्न सक्दैन । राष्ट्रिय हित र आवश्यकताअनुरूप प्राकृतिक स्रोतको उपयोगमा रहेका सबै प्रकारका तगारा हटाउनु पर्छ । देशको समृद्धिको लागि प्राकृतिक स्रोतहरूको उपयोगलाई प्राथमिकता दिनु पर्छ । यस सन्दर्भमा भएका राष्ट्रिय विकासमा अवरोध सिर्जना गर्ने वा बाह्य जगत्को स्वार्थ साधना गर्ने किसिमका गलत कार्यलाई सच्याउनु पर्छ । नेपालमा उपलब्ध जडिबुटीको औषधी उत्पादनमा उपयोग गर्नुपर्छ । औषधीजन्य कच्चा पदार्थलाई औषधीको राष्ट्रिय आवश्यकता पूरा गर्न उपयोग गर्नुका साथै प्रशोधन गरी निकासी गर्नुपर्छ । नेपाली जडिबुटीको संरक्षण र प्रबर्द्धन गर्नुपर्छ ।

२. कृषिको आधुनिकिकरण, यान्त्रिकीकरण र व्यावसायीकरण भूमिसुधारसहित कृषि क्षेत्रमा व्यापक सुधार गरी त्यसको आधुनीकिकरण, यान्त्रिकीकरण र व्यावसायिकरण गर्नुपर्छ । निर्वाहमुखी कृषि प्रणालीलाई परिवर्तन गरी व्यवसायिक बनाउने, कृषिमा आश्रित श्रमशक्तिलाई औद्योगिक क्षेत्रमा स्थानान्तरण गर्ने र उत्पादकत्व वृद्धि गर्दै कृषिमा आत्मनिर्भर बन्ने दिशामा अगाडि बढ्नु पर्दछ । मल, बीउ, प्रविधिलगायत क्षेत्रमा बहुराष्ट्रिय निगमहरूको एकाधिकारबाट किसान र कृषि अर्थतन्त्रको संरक्षण गर्नुपर्छ । उपजको ढुवानी र यातायातका लागि ग्रामीण क्षेत्रका सडकलाई कृषि सडकमा रूपान्तरण गर्नुपर्छ । सिंचाई, बीउ बिजन, प्राङ्गारिक मललगायतको उपलब्धता सहज बनाइनु पर्छ । कृषि उत्पादन वृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

३. औद्योगीकरण र व्यापार विविधिकरण नेपालमा उपलब्ध कच्चा पदार्थको उपयोगमा आधारित उद्योग व्यवसायलाई प्रश्रय दिदै बढ्दो व्यापार घाटा घटाउने र जनताका आवश्यकता स्वदेशी उत्पादनबाट पूर्ति गर्ने नीति अख्तियार गर्दै सोहीअनुरूप उद्योगको विकास र विस्तार गर्ने नीति कार्यान्वयन गर्नुपर्दछ । तुलनात्मक लाभका क्षेत्रहरू निर्धारण गरी छिमेकी देशलगायत विश्व बजारमा नेपाली वस्तुको निर्यात प्रबर्द्धनमा जोड दिइनुपर्छ । भूपरिवेष्ठित देशले उपभोग गर्न पाउने पारवहन सुविधा भारत र चीन दुवै देशको भूमि र बन्दरगाहबाट निर्वाध उपभोग गर्नुपर्छ । भारत हुँदै बंगलादेशको बन्दरगाह उपयोग गर्ने ठोस नीति बनाई अघि बढ्नु पर्छ । नेपालको राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउँदै राष्ट्रिय हितमा योगदान पुग्ने गरी व्यापार विविधिकरण गर्नुपर्छ । घरेलु उद्योग र साना उद्योगको व्यापक विकास र विस्तारका लागि कार्यक्रम लागू गर्नुपर्छ । प्रत्येक प्रदेशमा आधुनिक औद्योगिक क्षेत्रको स्थापना गर्नुका साथै विद्यमान औद्योगिक क्षेत्रको आधुनिकीकरण गर्ने र यसको माध्यमबाट रोजगारीको सिर्जना गर्ने कामलाई अगाडि बढाइनु पर्छ । उद्योग सञ्चालनसम्बन्धी पूराना कानुन र नियमलाई औद्योगीकरणमा बल पुग्ने गरी र नयाँ उद्योग खोल्न एवम् सञ्चालन गर्न प्रोत्साहन पुग्ने गरी संशोधन गरिनेछ ।

४. भूउपयोग नीतिको निर्धारण र कार्यान्वयन कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण तथा राष्ट्रिय औद्योगीकरण, व्यवस्थित

बसोबास र स्रोत परिचालन एवम् व्यवस्थापनका लागि भूउपयोग नीति निर्धारण गरी त्यसको कार्यान्वयन गर्नुपर्छ । भूमि व्यवस्थापनका लागि भूमिसुधार गर्दै जग्गाको चक्लाबन्दीबाट उत्पादकत्व वृद्धि गर्ने, कृषियोग्य जमिन बाँझोरहने अवस्थालाई अन्त्य गर्न र खेती गर्नेको हातमा मात्र कृषियोग्य जमिन रहने अवस्था उत्पन्न गर्न आवश्यक पहल गरिनेछ । भूमिको उत्पादनशीलता र त्यससँग सन्बन्धित वातावरणीय सन्तुलन कायम गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

५. भौतिक पूर्वाधारको निर्माण र विकास राष्ट्रिय अर्थतन्त्रको विकासका लागि पूर्वाधारको तीव्र विकास र विस्तार अपरिहार्य छ । कृषि, उद्योग, पर्यटन र जलस्रोतको विकासका लागि यस्ता पूर्वाधार पूर्वशर्त नै हुन् । देशभित्र यातायात र सञ्चारको सञ्जाल विस्तार गर्न, शिक्षाको गुणस्तर वृद्धि गर्न, स्वास्थ्य सेवा प्रभावकारी तुल्याउन, जलस्रोतलगायतका प्राकृतिक स्रोतको उपयोग प्रभावकारी रूपमा गर्न राष्ट्रिय गौरवका सडक, जलविद्युत र सिंचाई आयोजना, विमानस्थल, विश्वविद्यालय, महाविद्यालय र विद्यालय, अस्पताल, औद्योगिक क्षेत्रको निर्माण कार्यलाई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउनु पर्छ । सहर र विकसित हुँदै गरेका वस्तिमा पिउने पानी, ढल निकासलगायतका आवश्यक पूर्वाधार निर्माण गर्नुपर्छ । सडक यातायात, नयाँ पुल निर्माण, हवाई सेवा, रेल मार्ग, केबुल कार, घोडेटो बाटोको द्रुत विकास गर्नुका साथै जल यातायातको सम्भाव्यता अध्ययन गरी त्यसको उपयोग गरिनु पर्छ । देशभर रहेका सडक र पुलहरूको मर्मत सम्भार र आधुनीकिकरण गर्नुपर्छ ।

६. पर्यटन विकासमा राष्ट्रिय सम्पदाहरूको उपयोग देशका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको सदुपयोग गरी पर्यटन उद्योगको विकास गर्दै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरणमा योगदान गर्नुपर्छ । यस्ता सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरी अन्तर्राष्ट्रिय जगतमा नेपालको पर्यटकीय महत्त्वबोध गराउँदै र देशभित्र समेत आन्तरिक पर्यटनमा वृद्धि गर्नु पर्छ । पर्यटन उद्योगको विकास गर्दै रोजगारी सिर्जना गर्ने र यसलाई पूर्वाधार विकाससंग समन्वयात्मक रूपमा अगाडि बढाउने काम गर्नु पर्छ ।

७. शिक्षा र सञ्चारलाई राष्ट्रिय समृद्धिसँग आबद्ध गर्ने शिक्षालाई राष्ट्र विकासको मुख्य उत्तोलकका रूपमा स्थापित गर्दै उच्च आर्थिक वृद्धिदर, विकास निर्माणको अभियान तथा आर्थिक समृद्धि हासिल गर्नको लागि शिक्षा र



सञ्चार क्षेत्रको विकासलाई समृद्धिको राष्ट्रिय उद्देश्यसँग आबद्ध गर्नु पर्छ । देशलाई आवश्यक मानव संसाधन उत्पादनको मूल थलो शिक्षा क्षेत्र नै हो । दक्ष जनशक्ति तयार गर्न र प्रतिभाहरूको खोजीका लागि राज्यले ठोस योजना बनाउनु पर्दछ । यसै अनुरूप शिक्षा र सञ्चार क्षेत्रमा सुधार गर्नुपर्छ । यस क्षेत्रमा रहेका शोषण, विकृति र असमानतालाई हटाइनु पर्छ ।

८. राष्ट्रिय विकासमा जनशक्तिको परिचालन तथा बाह्य लगानीको उपयोग समग्र राष्ट्रिय विकास र प्राथमिकताका क्षेत्रहरूमा वैदेशिक लगानी आकर्षित गर्नुपर्छ । बाह्य पुँजीको लगानी सँगसँगै उच्च प्रविधि देशमा भित्र्याउनु पर्छ । यस प्रयोजनका लागि आर्थिक कूटनीतिमा विशेष जोड दिइनुपर्छ । प्रत्यक्ष विदेशी लगानीलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रवाहित हुने वातावरण सिर्जना गर्न आवश्यक कानुनी र प्रशासनिक सुधार गर्नुपर्छ । राष्ट्रिय विकासका लागि आवश्यक जनशक्तिको विश्लेषण र प्रक्षेपण गरी विकास निर्माणको व्यापक अभियान र विशेष योजना सञ्चालन गर्न आवश्यक पर्ने दक्ष जनशक्ति निर्माण गर्नु पर्छ । आर्थिक र सामाजिक विकास तथा रूपान्तरणका लागि कानुनी र प्रशासनिक व्यवस्था, नीति निर्धारण, कार्यक्रम र कार्ययोजना निर्माण गर्नुका साथै यसको पक्षमा व्यापक जनसमर्थन सिर्जना गर्ने र जनसहभागिता परिचालन गर्ने कामलाई प्राथमिकता साथ अघि बढाइनुपर्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई राष्ट्रिय समृद्धि तथा जनताको जीवनस्तर उकास्ने दिशामा उन्मुख गराउनु पर्छ । उक्त सन्दर्भमा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, श्रम, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा आकर्षित र उपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्छ । गैरआवासीय नेपाली र वैदेशिक रोजगारीमा गएका नागरिकहरूको आम्दानीलाई उत्पादक क्षेत्रमा लगाउने सम्बन्धमा ठोस योजना बनाउनु पर्छ । साथै वैदेशिक रोजगारीमा रहेका शोषण, बेथिति एवम् विकृतिलाई अन्त्य गरी शोषणमुक्त, सुरक्षित, व्यवस्थित, अत्यधिक लाभयुक्त र सम्मानजनक तुल्याउने तथा देशलाई आवश्यक जनशक्तिसँग समेत तादात्म्य रहने गरी अगाडि बढाउनु पर्छ ।

९. वित्तीय अनुशासन र मौद्रिक प्रणालीमा सुधार परिवर्तित स्थितिमा देश र जनताको आवश्यकताअनुरूप सुशासन र वित्तीय अनुशासन कायम गर्दै मौद्रिक प्रणालीमा सुधार गर्ने काम गरिनु पर्छ । एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली लागू गरी त्यसलाई राष्ट्रिय विकास योजनासँग आबद्धगर्नुपर्छ । भ्रष्टाचार र अनियमित कार्य गर्नेलाई कडा कानुनी कारबाही

गर्दै राज्यका सबै क्षेत्रमा जनसेवाको भावनामा अभिवृद्धि गर्नुपर्छ । बैंक र वित्तीय प्रणालीका गतिविधि देशको आर्थिक अवस्था बलियो तुल्याउन, औद्योगीकरण, उत्पादन तथा भौतिक पूर्वाधारमा योगदान पुर्‍याउन उन्मुख गराउनु पर्छ । आर्थिक पारदर्शिता र अनुगमन तथा मूल्याङ्कन प्रणाली कायम गर्ने, प्रगतिशील कर प्रणाली लागू गर्ने र अनुत्पादक खर्चमा नियन्त्रण गर्ने कामलाई अगाडि बढाउनुपर्छ । कालाबजारी, तस्करी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, प्रतिस्पर्धा हुन नदिने जस्ता क्रियाकलाप नियन्त्रण गर्दै व्यापारिक स्वच्छता र अनुशासन कायम गर्नुपर्छ । विकास निर्माण कार्यमा हुने ढिलासुस्ती, अनियमितता र विसङ्गतिको अन्त्य गर्नु पर्छ ।

१०. **अध्ययन, अनुसन्धानमा लगानी वृद्धि** वैज्ञानिक अध्ययन, अनुसन्धान, विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासलाई राष्ट्रिय अर्थतन्त्रको विकाससँग आबद्ध गर्दै त्यसमा लगानी बढाउनु पर्छ । विशेषतः कृषि, खनिज, जल र वनसम्पदाको उपयोग, शिक्षा, स्वास्थ्य, सञ्चार र यातायातको विकासका लागि अध्ययन-अनुसन्धानलाई राष्ट्रिय आवश्यकता अनुसारको आर्थिक रूपान्तरणको लक्ष्य हासिल गर्नका लागि अगाडि बढाउनुपर्छ । विभिन्न अनुसन्धान संस्थालाई सुदृढ र क्रियाशील बनाउन यस क्षेत्रमा राज्यले पर्याप्त लगानी बढाउनुपर्छ र विकसित देशहरूसँग यस विषयमा साझेदारी बढाउनु पर्छ । साथै देशको आवश्यकताअनुरूप अनुसन्धान केन्द्र र अनुसन्धान जनशक्तिको विकास गरिनु पर्छ ।

११. **सन्तुलित विकास, सामाजिक न्याय र न्यायोचित वितरण** विकासका दृष्टिले पछाडि पारिएका क्षेत्र तथा विपन्न नागरिकलाई प्राथमिकता दिँदै विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता वृद्धि गर्नुपर्छ । देशमा उपलब्ध साधन र स्रोतको संरक्षण तथा राष्ट्रिय विकासका लागि अधिकतम उपयोग गर्दै प्राप्त प्रतिफलको न्यायोचित वितरण गरिनु पर्छ । आर्थिक विकासलाई सामाजिक न्याय र समावेशीकरणको सिद्धान्तसँग आबद्ध गरिनु पर्छ । सामाजिक सुरक्षा कार्यक्रम लागू गर्दा आर्थिक रूपले विपन्नलाई प्राथमिकता दिइनु पर्छ । असहाय, जोखिममा परेका, पछाडि पारिएका, बालबालिका, अपाङ्गता भएका, मुक्त कमैया, कम्लरी, हरूवा, चरूवा, हलिया, भूमिहीन, सुकुम्वासीका लागि आवास, रोजगारी वा जीविकोपार्जनको व्यवस्था गर्नुपर्छ । राष्ट्रिय आर्थिक विकास अभियानमा युवा सहभागितामा अभिवृद्धि गर्नका लागि युवाहरूलाई सशक्तिकरण गर्दै प्राविधिक रूपले दक्ष बनाउने कार्यक्रम लागू गर्नुपर्छ । महिला, दलित, विपन्न, थारू, आदिवासी जनजाति र मधेशी



समुदायलाई आर्थिक र सामाजिक रूपमा आवश्यक संरक्षण गर्दै उत्थान र विकासका लागि अवसर प्रदान गर्नुपर्छ । विपन्न, पछाडि पारिएका वर्ग र समुदायको सशक्तिकरण गर्दै संविधानप्रदत्त अधिकारको उपभोग गर्न सक्षम तुल्याइनु पर्छ ।

स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, अनुभवको संरक्षण र उपयोग गर्नुपर्छ । सबै उत्पीडित वर्ग र समुदायको हक-हितको संरक्षण र सम्वर्द्धनमा पार्टी क्रियाशील रहनु पर्दछ । **आगामी कार्यभार** जनताको लोकप्रिय मतबाट प्रतिनिधिसभा र ६ वटा प्रदेशमा बहुमत प्राप्त सरकार गठन गर्न सफल नेकपा (एमाले) र नेकपा (माओवादी) को पार्टी एकीकरणको निर्णयले नेपालको हित तथा समृद्धि चाहने नेपालीहरू अत्यन्त खुशी र उत्साही बनेका छन्। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का सदस्य र शुभेच्छुकहरूले पार्टी एकीकरणलाई राष्ट्र र जनताको सुखद् भविष्यको आरम्भको रूपमा लिइरहेका छन् । यसका साथै उनीहरूले पार्टी र सरकारबाट धेरै अपेक्षा पनि गरेका छन्। अन्तर्राष्ट्रिय जगतले उत्सुकता र गम्भीरताका साथ हेरिरहेको छ । यी सबै कुरालाई मनन गर्दै निम्नलिखित आगामी कार्यभारलाई देश र जनताप्रतिको इमान्दारी, निष्ठा, सक्रियता र दृढताका साथ पूरा गर्नु पर्छ :

१. **संविधानको प्रभावकारी कार्यान्वयन तथा लोकतन्त्रको सुदृढीकरण** विश्वमा नै विरलै हुने दुई पटकको संविधानसभा निर्वाचन र जन-निर्वाचित संविधानसभाबाट निर्मित नेपालको संविधानले सबै वर्ग, तह, समुदाय, लिङ्ग र क्षेत्रका जनताका अधिकार सुनिश्चित गरेको छ । नेपालको शासन व्यवस्थालाई समाजवादउन्मुख दिशामा सञ्चालन गर्दै समृद्ध, स्वाधीन र स्वाभिमानी देशको रूपमा अघि बढाउने स्पष्ट दिशा निर्धारण गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र, कानुनको शासन, सामाजिक न्याय, समानता, समानुपातिक सहभागिता, मानव अधिकार, आवधिक निर्वाचन, शान्तिपूर्ण प्रतिस्पर्धात्मक राजनीति तथा बहुमतको सरकार र अल्पमतको विपक्ष, स्वतन्त्र न्यायालय, शक्ति पृथकीकरण, शान्ति, समृद्धि, संयुक्त राष्ट्र संघको बडापत्र र पञ्चशीलका सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्रनीति लगायतका मान्यताहरूआत्मसात् गरेको नेपालको संविधानले नेपालको उज्वल भविष्यको लागि मार्गनिर्देशन गरेको छ । यस संविधान अन्तर्गत तीन तहका निर्वाचन लगायतका महत्त्वपूर्ण अभ्यास भइसकेका छन् । स्थानीय तह, प्रदेश र केन्द्रमा सरकार गठन भइसकेका छन् । संविधानको निर्माण तथा घोषणामा

हाम्रो निर्णायक पहल, सक्रियता र नेतृत्व रहेको छ । आगामी दिनमा नेपालको संविधानमा उल्लेखित अन्य प्रावधानलाई संविधानको मर्म र भावना अनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जानुपर्छ ।

२. सबल एवम् सुदृढ पार्टीको निर्माण र विकास राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा ऐतिहासिक महत्त्व राख्ने दुई पार्टीबीचको एकीकरणलाई अन्तरिम विधान अनुरूप केन्द्रदेखि स्थानीय तहसम्म र पार्टी कमिटीदेखि जनसङ्गठनसम्म निश्चित समयभित्र सम्पन्न गरिसक्नुपर्छ । सबै तहका पार्टी कमिटी, जनसङ्गठन र पार्टी पङ्क्तिलाई देश र जनताको हितका लागि पार्टी एकीकरणको महत्त्व र प्रभावबारे प्रशिक्षण, भेला र सभाको माध्यमद्वारा जानकारी गराउनु पर्छ । दुई पार्टीबीच विगतमा रहेका मतभेद तथा फरक दृष्टिकोणका कारण कुनै किसिमको अन्तर्विरोधको सिर्जना हुन नदिन र सङ्गठनात्मक एकीकरणको कामलाई सुव्यस्थित रूपमा अगाडि बढाउनका लागि सबै तहका नेता र कार्यकर्तालाई परिचालित गर्नुपर्छ । अन्तरिम पार्टी विधानको दृढतापूर्वक कार्यान्वयन गर्नुपर्छ । देशका दुई ठूला कम्युनिष्ट पार्टीहरूको स्वामित्वमा रहेका चल-अचल सम्पत्तिको लेखापरीक्षण गरिएको विवरण निश्चित समयभित्र प्राप्त गरी सबै सम्पत्ति एकीकृत पार्टीको मातहतमा ल्याउनुका साथै पार्टीको अग्रगतिका लागि त्यसको समुचित उपयोग गर्ने योजना निर्माण गरी कार्यान्वयन गरिनु पर्छ । पार्टी एकीकरणका सम्पूर्ण काम व्यवस्थित रूपमा अगाडि बढाउने र पार्टीलाई सुदृढ गर्ने सन्दर्भमा निम्नलिखित कामलाई प्रमुख कार्यभारका रूपमा लिनु पर्दछ :

२.१. एकता महाधिवेशनको आयोजना पार्टी एकीकरणको आरम्भिक कार्य सम्पन्न भइसकेपछि उपयुक्त समयमा एकीकृत पार्टीको राष्ट्रिय महाधिवेशन सम्पन्न गर्नुपर्छ । महाधिवेशनको तयारी कार्यलाई अगाडि बढाउन पार्टी सदस्यताको व्यवस्थित विवरण निश्चित अवधिमा तयार गर्ने, तयारीका लागि आवश्यक विभिन्न समिति गठन गरी महाधिवेशनको ठोस काम अगाडि बढाउनु पर्छ । महाधिवेशनको तयारी आरम्भ भएपछि नयाँ सदस्यता दिने कार्य स्थगित गर्नुपर्छ । महाधिवेशन सम्पन्न गर्नुका साथै नेपाली राजनीतिलाई स्थायित्व प्रदान गर्दै विकास र समृद्धिको मार्गमा निरन्तर अगाडि बढ्नका लागि कम्युनिष्ट पार्टीको सङ्गठनात्मक अवस्थालाई बलियो र लोकप्रिय तुल्याउन प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्छ । जनसङ्गठनहरूको एकीकरण, सञ्चालन र परिचालनलाई सुव्यवस्थित तुल्याउनुका साथै सबै तहका पार्टी कमिटी



र जनसङ्गठनहरूलाई पनि सम्मेलन तथा अधिवेशन निश्चित समयभित्र गर्न लगाउनु पर्छ । अनुशासन र जिम्मेवारीप्रतिको निष्ठा तथा देश र समाजप्रतिको कर्तव्यबोध गराउँदै देशलाई सबल तुल्याउनु हाम्रो कर्तव्य हो । यसअन्तर्गत कार्यकर्तालाई व्यापक प्रशिक्षण दिने, जनताका बीच कम्युनिष्ट पार्टीले सरकारमा रहँदा गरेका काम र राज्य सञ्चालनमा वामपन्थीहरूको नेतृत्व तथा भूमिकाबारे सचेतना अभियान सञ्चालन गर्ने विषय समेत पर्दछन्।

२.२. पार्टी एकीकरणको औचित्य र महत्त्वबारे जानकारी ऐतिहासिक महत्त्वको पार्टी एकीकरणको उद्देश्य र महत्ताबारे देशभित्र आम जनसमुदायलाई तथा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउनु पर्छ । नेपालको राजनीतिक इतिहासमा पार्टी एकीकरणले राष्ट्रियता, लोकतन्त्र, आर्थिक समृद्धिमा पार्ने सकारात्मक प्रभाव तथा ल्याउन सक्ने उपलब्धिलाई जनता र पार्टी पङ्क्तिबीच व्यापक प्रचार गर्नुपर्छ । पार्टी एकीकरणका सन्दर्भमा छरिएका भ्रमलाई चिर्नु पर्छ । यसका लागि देशभित्र गोष्ठी, अन्तर्क्रिया कार्यक्रम र जनसभाहरू गर्नु पर्छ । प्रवासमा नेपालीहरूका बीच भेला र प्रशिक्षण कार्यक्रम गर्नुपर्छ । यसका लागि प्रचारसामग्री तयार गरी वितरण गरिनु पर्छ ।

२.३ जनवादी केन्द्रीयताको अभ्यास र शुद्धीकरण अभियान पार्टीमा देखापर्दै गएका वैचारिक एवम् चारित्रिक स्खलन, भ्रष्टीकरण, व्यक्तिवादी, अनुशासनहीन एवम् अराजक प्रवृत्ति र नोकरशाही कार्यशैलीलाई सच्याउन तथा रूपान्तरण गर्न जनवादी केन्द्रियताको अभ्यासलाई सदृढ पार्दै योजनाबद्ध रूपमा व्यापक शुद्धीकरण अभियान सञ्चालन गर्नु पर्छ । पार्टीमा आर्थिक अपारदर्शिता र अनियमितता हुर्कन नदिन, पारदर्शी बनाउन र विधिसम्मत ढङ्गले सञ्चालन गर्न कडा कदम चाल्नु पर्दछ ।

## ३. राजनीतिक स्थायित्व, दिगो शान्ति, सुशासन र समृद्धि

बहुमत प्राप्त वामपन्थीहरूको सरकार सञ्चालन गर्ने ऐतिहासिक अवसरको पूर्ण रूपमा सदुपयोग गर्दै देशमा 'सुखी नेपाली समृद्ध नेपाल'को परिकल्पना साकार पार्न सुशासन, आर्थिक विकास, राजनीतिक स्थायित्व, दिगो शान्ति, राष्ट्रिय एकता, अखण्डता, स्वाधीनता, स्वाभिमानको मार्गमा सम्पूर्ण कार्य दृढताका साथ अघि बढाउनु पर्छ । भ्रष्टाचार नियन्त्रण, शान्ति सुव्यवस्था र

जनताको दैनिक जीवनलाई सहज तुल्याउनु पर्छ । देश र जनताको हित, आशा, आकाङ्क्षा र आवश्यकताअनुरूप सरकार सञ्चालन गर्दै वामपन्थीहरूको पक्षमा व्यापक र बलियो जनमत सिर्जना गर्नुपर्छ । यस सन्दर्भमा संघ, प्रदेश र स्थानीय तह सरकारको कुशलता र प्रभावकारी रूपमा सञ्चालन गर्दै जनताको जीवनस्तर उठाउने र सुशासन प्रदान गर्ने कार्यलाई महत्त्वका साथ अगाडि बढाउनु पर्छ । स्थानीय तह, प्रदेश र केन्द्रमा व्यवस्थापकीय र कार्यकारी कार्यलाई व्यवस्थित तथा प्रभावकारी रूपमा अगाडि बढाउनका लागि आवश्यक कानुनको निर्माण, बजेट व्यवस्थापन, प्रशासनिक प्रबन्ध र भौतिक सुविधाको यथोचित व्यवस्था गर्नुपर्छ । राष्ट्रिय विकास र समृद्धिको अभियानमा सहयोग पुऱ्याउन, गरीबी, पछौटेपन, बेरोजगारी, अभाव र परनिर्भरताबाट देशलाई मुक्त पार्न संघ, प्रदेश र स्थानीय तहमा विकास तथा समृद्धिको दिशामा सञ्चालन गर्ने कार्यक्रम र अभियानलाई पूर्ण रूपमा सहयोग गर्नुपर्छ । 'सरकार जनताका लागि जनता देशका लागि' भन्ने भावनाका साथ राष्ट्रिय समृद्धिको मार्गमा अग्रसर हुनु पर्छ । नेपालको विकास र समृद्धिका लागि देशभित्र जनशक्तिको उपयोग र परिचालन अत्यावश्यक छ । लाखौंको सङ्ख्यामा देशबाट पलायन भइरहेको जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराई उपयोग र परिचालन गर्न आवश्यक कार्य गर्नुपर्छ ।

## ४. विपद् व्यवस्थापन तथा विपद्मा परेका जनतालाई सहयोग र पुनर्स्थापना

नेपाल प्राकृतिक प्रकोपका दृष्टिकोणबाट जोखिम क्षेत्रमा पर्दछ । यस्तो जोखिम न्यून गर्नका लागि योजनाबद्ध कार्यक्रम लागू गर्नुपर्छ । भूकम्प, बाढी-पहिरो, डुबान लगायतका प्राकृतिक विपद्बाट पीडित जनताका लागि आवश्यक राहत कार्यक्रम सञ्चालन गर्नुपर्छ । यस प्रकारका विपद्को जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्छ र विपद्को सामना गर्न पूर्व तयारी गरिनु पर्छ । यसका लागि आवश्यक जनशक्ति तयार गर्नुका साथै साधन र स्रोतको समुचित व्यवस्था गर्नुपर्छ । पीडित जनताको पुनर्स्थापनाका लागि व्यवस्थित कार्यक्रम अगाडि बढाइनु पर्छ । जनसमुदायमा विपद्को अवस्थामा स्वयंसेवी भावनाका साथ काम गर्ने चेतना र भावनाको विकास एवम् विस्तार गरिनु पर्छ । पर्यावरणको रक्षा र जलवायु परिवर्तनका प्रतिकूल प्रभावको न्यूनीकरण तथा त्यसको सामना गर्न सक्ने समुदायको क्षमतालाई बलियो बनाउनु पर्दछ ।



## ५. स्वतन्त्र परराष्ट्र नीति र राष्ट्रिय हितको प्रबर्द्धन

राष्ट्रिय हितको रक्षा गर्न संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तमा आधारित हुँदै राष्ट्रिय हितअनुकूल परराष्ट्र सम्बन्धलाई अगाडि बढाउनु पर्दछ । असमान सन्धिसम्झौताको पुनरावलोकन गर्दै पारस्परिक लाभ, सम्मान, समानता र राष्ट्रिय हितअनुरूप नयाँ सन्धिसम्झौता गरिनु पर्छ । विश्वशान्ति र समानतामा योगदान पुऱ्याउने भूमिका स्थापित गर्नुपर्छ । स्थापित अन्तर्राष्ट्रिय कानुन र कूटनीतिक मर्यादा अनुरूप अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील हुँदै यस्तै मर्यादा देशभित्र अन्य देशका नियोगहरू तथा नेपाल भ्रमणमा आउने विदेशी नेता र प्रतिनिधिमण्डहरूसँगको भेटघाट र सम्बन्धका सन्दर्भमा स्थापित गर्नुपर्छ । राज्यका विभिन्न निकायसँग सम्बद्ध व्यक्तिहरूले त्यस्तै मर्यादाअनुरूप व्यवहार गर्नुपर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

## ६. राष्ट्रिय सुरक्षाको सुदृढीकरण

नेपालको भूराजनीतिक अवस्थिति अत्यन्त संवेदनशील रहेको छ । विश्व शक्तिको रूपमा विकसित दुई विशाल छिमेकीको बीचमा रहेको नेपालले एकातर्फ ती देशहरूको विशाल बजारको उपयोग, विकास र प्रगतिबाट लाभ लिनसक्ने अवसर रहेको छ भने अर्कोतर्फ नेपालको राष्ट्रिय हित, स्वतन्त्रता र स्वाभिमानका लागि सचेतन सक्रियता कायम राख्नुपर्ने आवश्यकता छ । यस सन्दर्भमा सरकारमार्फत राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्दै नेपालको आन्तरिक सुरक्षा प्रणाली र अवस्थालाई सुदृढ बनाउनु पर्छ । रोजगारीको लागि विदेशी सुरक्षा निकायमा भर्ति हुने व्यवस्थालाई विस्थापन गर्नेतर्फ ध्यान दिइनु पर्छ । नेपालको समग्र सुरक्षामा कुप्रभाव पार्नसक्ने कुनै पनि विषय र कार्यलाई छुट दिइनु हुन्न । यसका लागि आवश्यक कानुन निर्माण गर्नुपर्छ । राजनीतिक जीवनका सबै क्षेत्र, राज्य सञ्चालन र शैक्षिक क्षेत्रमा देशभक्ति तथा समाजप्रतिको कर्तव्यबोध गराइनु पर्छ ।

## ७. शान्तिप्रक्रियाका बाँकी कामहरूको पूर्णता

शान्तिप्रक्रियाका मूलभूत काम सम्पन्न भइसकेका छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिहरूको छानबिनसम्बन्धी आयोगको काम भने अझै पूरा हुन बाँकी छ । यी दुवै कामलाई महत्त्वका साथ लिँदै पूरा गरिनु पर्छ ।

## ८. राष्ट्रिय एकता, देशभक्ति र समाजवादमा आधारित उन्नत सभ्यताको निर्माण

समाजमा विद्यमान अन्धविश्वास, विभेद र कुप्रथाको अन्त्य गर्दै सुसंस्कृत

समाजको निर्माण गर्ने दिशामा अघि बढ्नुपर्छ । श्रमप्रतिको सम्मान, जनताको सेवा र देशभक्तिको भावना बलियो बनाउनुपर्छ । यसका लागि राज्य र पार्टीका सबै संयन्त्रहरू आवश्यकताअनुसार परिचालन गरिनु पर्छ । सुसंस्कृत, सभ्य र असल समाज निर्माणका लागि कानुनले बन्देज गरेका, जनजीवनका लागि हानिकारक र सभ्य विश्वले अस्वीकार गर्ने किसिमका विभेद, कुरीति र विकृतिविरूद्ध सचेतना अभियान सञ्चालन गर्दै तिनको अन्त्यका लागि अभियान सञ्चालन गर्नुपर्छ । विविधतामा एकता र सामाजिक सद्भाव कायम गर्न विभिन्न जाति, समुदाय र क्षेत्रका जनताबीच सहअस्तित्व, सहकार्य, सहजीवन र सद्भावको विकास र विस्तार गर्दै राष्ट्रिय एकतालाई बलियो बनाउनुपर्छ । विभिन्न जाति, भाषा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्दै साझा नेपाली संस्कृति र मनोभावनाको विकास गरिनु पर्छ । यसरी राष्ट्र प्रेम, न्याय र समानताको चेतना जागृत गराउँदै चेतनशील, सुसंस्कृत र सभ्य नागरिकको रूपमा नेपालीहरूको पहिचान स्थापित गर्नुपर्छ । यसका लागि आवश्यकताअनुसार शिक्षण संस्थाका पाठ्यक्रममा समेत विषय समावेश गर्नुपर्छ ।

### ९. व्यवस्थित प्रचार संयन्त्रको उपयोग

पार्टीका सिद्धान्त, विचार, नीति, कार्यक्रम, कार्ययोजना र कार्यबारे जनता र पार्टी पङ्क्तिमा सही जानकारी हुनु अत्यावश्यक छ । पार्टी र सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम र कार्ययोजना तथा गरेका कामका बारेमा जनतालाई सुसूचित गर्ने, विभिन्न अवस्था र स्थितिको बारेमा पार्टीको विश्लेषणलाई दस्तावेजीकरण गर्दै कार्यकर्ता र जनतामा पुऱ्याउने तथा विपक्षीहरूले गर्ने कुप्रचार एवम् भ्रमलाई चिर्ने कामलाई प्रभावकारी तुल्याउन प्रचार कार्यलाई सुव्यवस्थित रूपमा सञ्चालनगर्नुपर्छ । यसका लागि उचित प्रचार संयन्त्रको निर्माण गर्नुका साथै आम प्रचारमाध्यमको सही उपयोग गर्नुपर्छ ।

### १०. वैचारिक कार्यभार

सामन्तवादविरोधी पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न गरी नेपाली क्रान्ति नयाँ ऐतिहासिक चरणमा प्रवेश गरेको छ । हामी त्यसले माग गरेको नयाँ, आम र विशिष्ट कार्यदिशासहित अघि बढिरहेका छौं । साथै पुँजीवादी जनवादी क्रान्तिको नेतृत्वको कार्यभार पूरा गर्दै २००६ सालमा स्थापित पार्टीले पनि एक चक्र पूरा गरेको छ र अहिले हामी एकीकरण र पुनः निर्माणको नयाँ अभियानमा लागिरहेका छौं । यी दुवै कामलाई अझ स्पष्ट एवम् व्यवस्थित रूपमा अघि बढाउन र समृद्धिको ठोस कार्यक्रम सम्पन्न गर्न थप अध्ययन, अनुसन्धान, छलफल, बहस, विश्लेषण र संश्लेषण सहित विचारको विकास गर्नु पार्टीको महत्त्वपूर्ण वैचारिक कार्यभार हुनेछ । सम्पूर्ण नेता, कार्यकर्ता र सदस्यहरूमा अध्ययनको संस्कृतिलाई पुनः स्थापित गर्नुपर्ने आवश्यकता छ । पार्टीलाई वैचारिक, सङ्गठनात्मक र सांस्कृतिक रूपमा रूपान्तरण गर्दै आजको आवश्यकता अनुरूप सुव्यवस्थित, गतिशील र अनुशासित क्रान्तिकारी पार्टी बनाउनु पर्दछ । कमरेडहरू ! नेपाल इतिहासकै महत्त्वपूर्ण परिवर्तनको मोडबाट गुज्रिरहेको यस घडीमा परिवर्तनलाई संस्थागत गर्ने र पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा एवम् समाजवादका आधार निर्माण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ । नेपाली जनताका आकाङ्क्षा र आवश्यकता पूरा गर्ने ऐतिहासिक अभिभारा पूरा गर्न हामी एकीकृत पार्टी निर्माण गर्ने निष्कर्षमा आइपुगेका छौं ।

देशभक्ति, राष्ट्रिय एकता, स्वाभिमान र आत्मविश्वासका साथ समृद्ध नेपालको निर्माण गर्ने बलियो र सशक्त शक्ति सिर्जनाको दिशामा हाम्रो पार्टी एकताको निर्णयले महत्त्वपूर्ण योगदान पुग्नेछ । माथि उल्लेख गरिए झैं, यो इतिहासले हाम्रो काँधमा सुम्पेको युगीन अभिभारा पूरा गर्ने निर्णायक कदम हो र आम नेपाली जनताको मुहारमा खुशीयाली ल्याउने सुखद् परिघटना हो । निश्चय नै, अग्रगमनका बाधकहरू यस घटनाबाट निकै क्षुब्ध हुनेछन् र नयाँ-नयाँ चुनौती खडा गर्ने प्रयास पनि गर्नेछन् । तर मार्क्सवाद-लेनिनवादप्रतिको हाम्रो अविचलित आस्था, सामाजिक रूपान्तरण र क्रान्तिप्रतिको हाम्रो अभेद्य सङ्कल्प, देश र जनताप्रतिको हाम्रो सम्झौताहीन निष्ठा र देश, विदेशका सबै न्यायप्रेमी जनताको साथ-समर्थन र विश्वासका आधारमा हामी सबै चुनौतीलाई पराजित गरिछाड्नेछौं । एक्काइसौं शताब्दीको पहिलो र आफ्नै मौलिकतामा निर्मित सजमावादी मुलुकका रूपमा नेपाललाई स्थापित गराउन पहल र नेतृत्व गर्नेछौं । माथि उल्लेखित हाम्रा नीति, मान्यता र दृष्टिकोण हाम्रा लागि मार्गदर्शक हुन् । अध्ययन, बहस र अनुभवको विश्लेषण तथा संश्लेषणका आधारमा यिनलाई हामी थप समृद्ध र विकसित गर्दै लैजानेछौं । पार्टी एकीकरणको यस महान् अभियानमा एकताबद्ध भएर अघि बढौं !

२०७४ चैत २० गते